सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३० फागुन २०८०, बुधबार (13 Mar 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३२४ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

राष्ट्रिय सभा अध्यक्षमा नारायण दाहाल निर्वाचित



राष्ट्रिय सभा अध्यक्षमा नारायण दाहाल निर्वाचित भएका छन्। मंगलबार सम्पन्न निर्वाचनमा कांग्रेसका युवराज शर्मालाई २२ मतले पराजित गर्दै दाहाल सभाको छैटौं अध्यक्ष निर्वाचित भएका हुन्। सभाको मत विभाजनमा दाहालले ३९ मत प्राप्त गरे भने शर्माले १७ मत पाए। जनमोर्चाका तुलबहादुर विश्वकर्माले मत हालेनन्। उनी ०८४ चैतसम्म पदमा रहनेछन्।

(समाचार पृष्ठ ११)

कर्नर किक

● रवि मिश्र



सवारी दुर्घटनाबाट एक वर्षमा एक लाखभन्दा धेरै पुग्छन् अस्पताल

स्वास्थ्य सेवा विभागको तथ्यांकअनुसार ०७९/८० मा दुर्घटनामा परेका एक लाख एक हजार ९४७ घाइते अस्पताल पुगे
सोही वर्ष भएका २३ हजार ५९७ दुर्घटनामध्ये सबैभन्दा धेरै नौ हजार ५७ दिउँसो १२ बजेदेखि साँझ ६ बजेको बीचमा भएको प्रहरीको तथ्यांक

मञ्जु टेलर, टेकराज थामी

पछिल्लो एक वर्षमा सवारी दुर्घटनामा घाइते भएका एक लाखभन्दा धेरै नागरिक उपचारका लागि अस्पताल पुगेका छन्। स्वास्थ्य सेवा विभागको तथ्यांकअनुसार ०७९/८० मा दुर्घटनामा परेका एक लाख एक हजार नौ सय ४७ जना अस्पताल गएका हुन्।


विभागको तथ्यांकअनुसार ९४ हजार ६ सय ६५ घाइते अस्पतालका ओपिडी र गम्भीर घाइते भएका सात हजार दुई सय ८२ इमर्जेन्सीमा पुगेका थिए। सोही वर्ष दुई हजार आठ सय ८३ जनाले दुर्घटनामा ज्यान नै गुमाए। विभागले गत वर्षदेखि मात्रै सवारी दुर्घटना र यसबाट हुने घाइतेलगायत विवरण संकलन गर्न थालेको हो। दुर्घटनाले मृत्यु, अपांगता र अन्य दीर्घकालीन शारीरिक समस्या निम्त्याउँछ।

- ज्यान गुमाउनेमा ८३ प्रतिशत पुरुष
- ९० प्रतिशतभन्दा बढी दुर्घटनाको कारक 'मानवीय गल्ती'

राष्ट्रिय ट्रमा सेन्टरमा मात्रै दैनिक उपचारका लागि आउनेमध्ये २० प्रतिशत बिरामी सवारी दुर्घटनाका हुने गरेका छन्। दुर्घटनाका यी घाइतेमध्ये पनि ६० देखि ७० प्रतिशतमा गम्भीर चोटपटक हुने गरेको अस्पतालको तथ्यांकले देखाएको छ।

सामान्य चोटपटक लागेका घाइतेलाई स्थानीय स्वास्थ्य संस्थामा उपचार गराउने भएकाले प्रायः गम्भीर अवस्था भएकाहरू मात्रै ट्रमा सेन्टरसम्म आइपुग्ने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. बद्री रिजाल बताउँछन्। 'सवारी दुर्घटनाबाट घाइते भएर आएका केसहरूमध्ये ७० प्रतिशतभन्दा बढीलाई अपरेटिभ केयर दिनुपर्ने खालका हुन्छन्। अधिकांश बिरामी हात, खुट्टा तथा ढाडका हड्डीहरू

» पृष्ठ ११ मा क्रमशः



■ सवारी दुर्घटनाका घाइतेको उपचारका लागि छुट्टै कोषको प्रस्ताव

अहिले मस्यौदामाथि सुझाव सल्लाह लिने काम भइरहेको छ



● **टंकबहादुर महत**, कानुन शाखाका उपसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सवारी दुर्घटना हुँदा सवारीधनीले मात्र उपचार खर्च व्यहोर्न नसक्ने र बिमाले पनि पूर्ति नहुने हकमा घाइतेको व्यवस्थापन चुनौतीपूर्ण छ। यसैलाई सम्बोधन गर्न कोषको व्यवस्था प्रस्ताव गरिएको हो। अन्तिम टुंगो लागिसकेको छैन, अहिले मस्यौदामाथि सुझाव-सल्लाह लिने काम भइरहेको छ। सबैको राय लिएर विधेयकलाई अन्तिम रूप दिइनेछ।



देशभर सञ्चालन हुने सवारीको यकिन गरी वर्गीकरण गर्ने, सवारी अनुमति, दर्ता तथा चालक अनुमतिपत्रसम्बन्धी आधारभूत सैद्धान्तिक विषयमा एकरूपता कायम हुने गरी व्यवस्था गर्ने, सार्वजनिक र निजी सवारीले पालना गर्नुपर्ने सर्तहरूमा एकरूपता कायम हुने गरी लागू गर्न कानुनी व्यवस्था गर्नेलगायतका विषय विधेयकमा समेटिएका छन्।

सुवास भट्ट/नयाँ पत्रिका

सवारी दुर्घटनामा घाइते हुनेहरूको उपचारका लागि अलग्गै कोष बनाउने सरकारको तयारी छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तयार गरेको सवारी तथा यातायातसम्बन्धी ऐनको मस्यौदामा यस्तो कोषको प्रस्ताव गरिएको हो।

सवारी तथा यातायातको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० को मस्यौदामा सवारी दुर्घटनामा घाइते भएकाहरूको स्वास्थ्य उपचारका लागि कोषबाट योगदान गर्ने व्यवस्था गरिएको छ। अहिले सवारी दुर्घटनामा घाइते

» पृष्ठ ११ मा क्रमशः



सुनको अवैध पैठारी नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगले भोलि प्रतिवेदन बुझाउँदै

नयाँ पत्रिका

सुनको अवैध पैठारी नियन्त्रणसम्बन्धी गठित जाँचबुझ आयोगले बिहीबार सरकारलाई छानबिन प्रतिवेदन बुझाउने तयारी गरेको छ। बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संसद्मा विश्वासको मत लिने कार्यक्रम रहेकाले प्रतिवेदन बुझाउने मिति एक दिन पछि सरेको हो।

सरकारले आयोगको म्याद तेस्रोपटक १३ दिनका लागि थप गरेर २८ फागुनसम्म पुऱ्याएको थियो। त्यसैले आयोगले सोमबारभित्रै छानबिन सकेर मंगलबार प्रतिवेदन सरकारलाई बुझाइसक्नुपर्ने थियो। तर, राष्ट्रिय सभा अध्यक्षको निर्वाचन भएकाले आयोगले मंगलबार प्रतिवेदन बुझाउन सकेन।

आयोगका अध्यक्ष तथा पूर्वन्यायाधीश डिल्लीराज आचार्यले छानबिन प्रतिवेदन बिहीबार बुझाउने तयारी रहेको जानकारी दिए। 'सुनको अवैध पैठारी नियन्त्रणसम्बन्धी गठित जाँचबुझ आयोगले घटना सम्बन्धमा करिब पाँच महिना छानबिन गरेको छ। प्रतिवेदन लेखन प्रक्रिया मंगलबार साँझ 'फाइनल टच'



आयोगका संयोजक पूर्वन्यायाधीश डिल्लीराज आचार्यले भने-

प्रतिवेदन तयार भइसक्यो, बिहीबार सरकारलाई बुझाउने तयारी गरेका छौं

भएको छ। प्रतिवेदन बिहीबार सरकारलाई बुझाउने तयारी गरेका छौं,' उनले भने।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट तस्करी भई आएको ६०.७१६ र इलेक्ट्रिक चुरोट (भेप)मा लुकाई तस्करी गरिएको साढे नौ किलो सुन अनुसन्धानमा तत्कालीन प्रतिपक्ष दल एमालेले शंका गरेपछि सरकारले घटनाको छानबिन गर्न १४ असोजमा आयोग गठन गर्ने निर्णय गरेको थियो। यसक्रममा आयोगले विमानस्थलबाट तस्करी भई आएको ६०.७१६ किलो र इलेक्ट्रिक चुरोट (भेप)मा लुकाई तस्करी गरिएको साढे नौ किलो सुनको सम्बन्धमा विस्तृत छानबिन गरेको

» पृष्ठ ११ मा क्रमशः

आज प्रधानमन्त्रीको तेस्रोपटक विश्वास परीक्षण

■ हाल २७४ सदस्यीय (सुवास नेम्वाङको निधन) प्रतिनिधिसभामा बहुमतका लागि १३८ सदस्य आवश्यक

पाँच दलीय गठबन्धन
१५१ मत
एमाले ७८ *(टोपबहादुर रायमाझी निलम्बन, मत बराबर नभएको अवस्थामा सभामुखले मतदान गर्न पाउँदैनन्)*
माओवादी ३२, रास्वपा २१, जसपा १२ र एकीकृत समाजवादीका १०)



विपक्षमा
९७ मत




कांग्रेस ८८ *(टेकबहादुर गुरुङ निलम्बित)*, जनमत ६ र लोसपा ४

जनमोर्चा १, नेमकिपा १ र आम जनता १ तथा स्वतन्त्र २ सांसदले पक्ष वा विपक्ष कुनमा मत दिने भन्ने खुलाएका छैनन्। मंगलबारसम्म पाँच मत अनिर्णीत छ।

■ नागरिक उन्मुक्तिको विवाद झन् चर्कियो

सरकारलाई विश्वासको मत दिन संसदीय दलको ह्विप, समर्थन नगर्ने बहुमत सदस्यको निर्णय



प्रधानमन्त्रीलाई विश्वासको मत दिने विषयमा चार सांसद रहेको नागरिक उन्मुक्ति पार्टीभित्र विवाद देखिएको छ। पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठ र उनका श्रीमान् रेशम चौधरी दुई कित्तामा बाँडिएका छन्। अध्यक्ष एवं संसदीय दलकी नेता रञ्जिताले विश्वासको मत दिन मंगलबार ह्विप जारी गरेकी छिन्। पार्टीको संस्थापक बहुमत सदस्यको बैठकले भने समर्थन नगर्ने निर्णय गरेको छ। (समाचार पृष्ठ ३)

■ सत्तागठबन्धनको आठबुँदे सहमति परिमार्जन

राष्ट्रिय सभा उपाध्यक्षमा एमाले उम्मेदवारलाई समर्थन गर्ने बुँदा हटाइयो



● **राजेन्द्र पाण्डे**, उपाध्यक्ष, एकीकृत समाजवादी

पूर्वसमझदारीअनुसार आठबुँदेलाई पुनर्लेखन गरेर सहमति गरिएको छ। पहिला भएको सहमतिबाट बुँदा हटेपछि उपाध्यक्ष हामीले पाउने बुझ्न सहजै सकिन्छ। यद्यपि, थप छलफल गरेर टुंग्याउने समझदारी भएको छ।

कमलराज भट्ट, प्रेम गौतम

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बुधबार तेस्रोपटक विश्वासको मत लिँदै छन्। बैठक बिहान ११ बजे प्रतिनिधिसभा बैठक बस्दै छ।

समर्थक दलले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ। यसैअनुसार आगामी २१ चैतभित्र संसद्मा विश्वासको मत परीक्षण गर्नुपर्नेमा एक साताभित्रै सदनबाट निर्णय लिँदै छन्। १० पुसमा प्रधानमन्त्री नियुक्त भएका प्रचण्डले कांग्रेससँगको सहकार्य तोडेर २१ फागुनमा एमाले, माओवादी, रास्वपा, जसपा र एकीकृत समाजवादीसहितको पाँच दलीय गठबन्धन बनाएका छन्। तेस्रोपटक नयाँ गठबन्धन बनाएका प्रचण्डले संसद्मा विश्वासको मत परीक्षण गर्न लागेका हुन्।

हाल २७४ सदस्यीय (सुवास नेम्वाङको निधन) प्रतिनिधिसभामा बहुमत सिद्ध गर्न १३८ सदस्य आवश्यक पर्छ। पाँच दलीय गठबन्धनसँग प्रतिनिधिसभामा १५३ सदस्य छन्। एमाले ७८, माओवादी ३२, रास्वपा २१, जसपा १२ र एकीकृत समाजवादीका १० सदस्य छन्। यसमध्ये एमालेका टोपबहादुर रायमाझी निलम्बनमा परेकाले मत हाल्न पाउँदैनन् भने सभामुख देवराज घिमिरेले सभाको नेतृत्वकर्ताको हिसाबले मतदानमा सहभागी हुन पाउँदैनन्। यसरी एमालेका दुई सदस्य घटाउँदा ७६ हुन्छ भने गठबन्धनको कुल १५१ सदस्य मतदानमा सहभागी हुन पाउँछन्।

» पृष्ठ ११ मा क्रमशः

समर्थनको अंकगणितमा लगातार हेरफेर

१ प्रचण्ड तेस्रोपटक प्रधानमन्त्री हुँदादेखि नै समीकरणमा लगातार फेरबदल भइरह्यो। कांग्रेसले अस्वीकार गरेपछि माओवादी अध्यक्ष प्रचण्ड १० पुसमा एक सय ६९ सांसदको समर्थनमा संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्री नियुक्त भएका थिए। त्यति वेला एमाले ७८, माओवादी ३२, रास्वपा २०, राप्रपा १४, जसपा १२, जनमत ६, नागरिक उन्मुक्ति पार्टी चार र तीनजना स्वतन्त्रको समर्थन थियो।

२ २६ पुसमा विश्वासको मत लिँदा प्रचण्डले प्रतिनिधिसभामा दुई सय ६८ सांसदबाट विश्वासको मत पाए। यसमा प्रधानमन्त्री नियुक्त हुने वेलाभन्दा थप ९९ सांसदको समर्थन थियो। प्रमुख प्रतिपक्षी कांग्रेस र लोसपाले समेत विश्वासको मत दिए। यति वेला कुल दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा प्रधानमन्त्री प्रचण्डले ९८.१८ प्रतिशत मत प्राप्त गरे, खसेको मत संख्याका आधारमा प्रधानमन्त्रीले पाएको मत ९९.२६ प्रतिशत थियो। समग्रमा सबै दलबाट समर्थन प्राप्त गरे। नेपालको संसदीय इतिहासमै संख्यामा दुईतिहाइभन्दा बढी बहुमत प्राप्त गर्ने शक्तिशाली दोस्रो प्रधानमन्त्री बने। प्रचण्डलाई कांग्रेसका ८५, एमालेका ७९, माओवादीका ३२, रास्वपाका २०, राप्रपाका १३, जसपाका १२, एकीकृत समाजवादीका १०, जनमत पार्टीका ६, लोसपा र नागरिक उन्मुक्तिका चार-चार र तीनजना स्वतन्त्र सांसदले विश्वासको मत दिए। कांग्रेसका चार सांसद अनुपस्थित रहे भने ज्येष्ठ सदस्यका रूपमा सभाको अध्यक्षता गरेका राप्रपाका पशुपतिशमशेर जबराले मत हाल्न मिलेन। जनमोर्चाका चित्रबहादुर केसी र नेमकिपाका प्रेम सुवाललेमात्रै विपक्षमा मतदान गरेका थिए।

३ राष्ट्रपति निर्वाचनअघि गठबन्धनबाट एमाले, रास्वपा र राप्रपा बाहिरिए भने कांग्रेस भित्रियो। राष्ट्रपति चुनावलाई लिएर १२ फागुनमा कांग्रेससहित आठदलीय सत्तागठबन्धन बन्यो। १३ फागुनमा राप्रपा र १५ फागुनमा एमालेले समर्थन फिर्ता लिए। त्यसअगावै २२ माघमा रास्वपा सरकारबाट बाहिरिए पनि २२ वैशाखमा मात्रै समर्थन फिर्ता लिएको थियो। यद्यपि, प्रचण्डले ६ चैतमा विश्वासको मत लिँदा एक सय ७२ सांसदको समर्थन प्राप्त गरे। कांग्रेसका ८५, माओवादीका ३१, रास्वपाका १९, जसपा र एकीकृत समाजवादीका १०-१०, जनमतका ६, लोसपा र नागरिक उन्मुक्तिका चार-चार, जनमोर्चा, आम जनता पार्टी र स्वतन्त्र एक-एक सांसदले विश्वासको मत दिँदा एमालेका ७६ र राप्रपाका १३ गरी ८९ सांसदले विपक्षमा मतदान गरे। नेमकिपाका प्रेम सुवाल तटस्थ बसेका थिए। २२ वैशाखमा २१ सिटको रास्वपाले समर्थन फिर्ता लिँदा प्रधानमन्त्री दाहालसँग कांग्रेसका ८७, माओवादी ३२, जसपा १२, एकीकृत समाजवादी १०, जनमत ६, लोसपा र नागरिक उन्मुक्तिका चार-चार, जनमोर्चा र आम जनता पार्टी एक-एक र स्वतन्त्र दुई गरी १५९ सांसदको समर्थन कायम थियो।

सुनको सिक्री नपाएपछि वरमाला भइसकेको विवाह तोडेका बेहुला हिरासतमा

वीरगन्ज महानगरका कर्मचारीसमेत रहेका बेहुला उमेश साह गोढसहित पाँचजना प्रहरी नियन्त्रणमा

उमेशले विवाहअघि बुझेका थिए-

- १५ लाख २५ हजार नगद (१२ लाख नगद र मोटरसाइकलबापत ३ लाख २५ हजार)
- एक थान ल्यापटप
- एक थान सुनको औंठी
- एक थान हनुमानको माला

वीरगन्जमा **तिवारी यादव**

सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहनाबाहेक विवाहमा दुलाहा वा दुलही पक्षबाट कुनै पनि चलअचल सम्पत्ति, दाइजो माग गर्न र लेनदेनको सर्त राखी विवाह गर्न दण्डनीय छ। दाइजो मागेमा वा लेनदेनको सर्त राखेमा तीन वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने प्रावधान मुलुकी अपराध (संहिता), २०७४ को दफा १७४ को उपदफा २ (१) मा उल्लेख छ।

तर, करार कर्मचारीसमेत रहेका बाराको



उमेश साहसहित दाइजोसम्बन्धी कसुरअनुसार मुद्दा चलाउन अदालतबाट दुई दिनको म्याद थप

कलैया उपमहानगरपालिका- ४ सिनेमाचोकका उमेश साह गोढले सुनको सिक्री नदिएको भन्दै वरमाला भइसकेको विवाह मण्डपबाटै रद्द घोषणा गरिदिए। पर्सा वीरगन्जकी ती युवतीसँग विवाहका लागि उनले त्यसअघि नै १५ लाख २५ हजार नगद (१२ लाख नगद र मोटरसाइकलबापत तीन लाख २५ हजार), एक-एक थान ल्यापटप, सुनको औंठी र हनुमानको माला बुझिसकेका थिए।

जिल्ला प्रहरी कार्यालय पर्साले जारी गरेको प्रेस नोटमा पनि बेहुला पक्षले दाइजोस्वरूप सुनका गहना, नगद, मोटरसाइकल, ल्यापटप र लुगा विवाहअघि नै लगेको उल्लेख छ। तर, विवाहमा 'पैरक्षण' विधि भइरहेका वेला दुलही पक्षले दुलाहालाई सुनको एक थान मात्र ढोलना नामक गहना दिए। सुनको सिक्री नदिएको भन्दै बेहुला पक्षले विवाह अगाडि बढ्न नसक्ने बतायो। 'बेहुला र बेहुलीको सहमतिअनुसार नै पहिलो चरणको वरमाला भएको हो। वरमाला विधि भइसकेपछि बेहुलाले सुनको सिक्री नदिएको भन्दै विवाह गर्न इन्कार गरेपछि

» पृष्ठ ११ मा क्रमशः

■ काठमाडौं महानगरको लक्षित वर्ग उपचार कार्यक्रम

२६ दिनमा ११ जनाले लिए निःशुल्क सेवा

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले १ फागुनदेखि सुरु गरेको लक्षित वर्ग निःशुल्क उपचारअन्तर्गत २६ फागुनसम्म ११ जनाले सेवा लिएका छन्। जसमध्ये पाँचजना उपचारपछि डिस्चार्ज भइसकेको महानगरपालिकाले जनाएको छ। महानगरले निःशुल्क उपचार सेवा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, ०८० अनुसार महानगरपालिकाभित्रका अस्पतालहरूलाई पत्र पठाएको थियो। सेवा व्यवस्थित र पारदर्शी बनाउन अनलाइन प्रणाली कार्यान्वयनमा ल्याएको छ। हाल कुन अस्पतालमा कति लक्षित वर्गले उपचार सेवा लिइरहेका छन् त्यसको जानकारी अनलाइनमा राखिएको छ। निःशुल्क उपचारका लागि सबैभन्दा पहिला काठमाडौं मोडेल अस्पतालले प्रणालीमा बिरामीको नाम दर्ता गराएको थियो। महानगरका जनस्वास्थ्य निरीक्षक घनेन्द्र श्रेष्ठका अनुसार कालीकोटको रासकोट नगरपालिका, नुवाकोटको ककनी गाउँपालिका, डाडको घोराही उपमहानगरपालिका, धादिङको ज्वालामुखी गाउँपालिका, नुवाकोटको तारकेश्वर गाउँपालिका, चितवनको भरतपुर महानगरपालिकाका सेवाग्राहीले यसअन्तर्गत सेवा लिएका छन्।

प्रणालीमा ५२ वटा अस्पताल आबद्ध, निःशुल्क उपचारमा ३७४ शय्या उपलब्ध

यस्तै, महानगरभित्रको वडा नम्बर ३१ को शान्तिनगर, वडा नम्बर १६ को सोह्रखुट्टेका सेवाग्राहीले पनि सेवा लिएका छन्। यसरी आएका सेवाग्राहीलाई काठमाडौं मोडेल अस्पताल, पिपुल्स कलेज एन्ड डेन्टल हस्पिटल, नेसनल किड्नी सेन्टर, ब्लु क्रस हस्पिटल र मेट्रो काठमाडौं हस्पिटलले सेवा दिएका छन्। मेट्रो हस्पिटलबाट एकजना बेवारिसेलाई शिक्षण अस्पताल महाराजगन्ज रिफर गरिएको छ। प्रणालीमा ५२ वटा अस्पताल आबद्ध छन्। यसमा ३७४ शय्या निःशुल्क उपचारका लागि उपलब्ध छन्। निःशुल्क उपचार सेवा लक्षित वर्ग (विपन्न, असहाय र बेवारिसे) का लागि हो।

उपचार सेवा पाउने विधि

लक्षित वर्गले तीनवटा विधिमध्ये कुनै एकबाट सेवा लिन सक्छन्। पहिलो विपन्न परिचयपत्र छ भने सीधै उपचार पाउँछ, दोस्रो विपन्न परिचयपत्र छैन भने बसोवास गरिरहेको वडाबाट तोकिएको ढाँचामा सिफारिस, सर्जमिन मुचुल्कासहितका कागजपत्र लिएर सेवा लिन सक्छ। तेस्रोमा यी दुईवटै अवस्थाका कागजपत्र लिन नसक्नेहरूले आफू विपन्न भएको प्रमाण लिएर महानगरको निःशुल्क स्वास्थ्य सेवा सहजीकरण एकाइमा सम्पर्क गर्नुपर्नेछ। प्रमाणित भए एकाइले सिफारिस गर्नेछ।

संक्षेपमा उपत्यका

गोंगबु: अमेरिका पठाइदिन्छु भनी ६० लाख ठगी गर्ने एकजनालाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिन्छु भनी ठगी गर्ने उदयपुर त्रियुगा नगरपालिका-७ घर भई गोंगबु बस्ने ३६ वर्षीय लोकबहादुर राउतलाई पक्राउ गरी मंगलबार सार्वजनिक गरेको हो। कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले अमेरिकामा सात लाख ५० हजारसम्म तलब हुने प्रलोभनमा पारी खिमा डाँगीसमेत दुईजनालाई ठगी गर्ने राउतलाई पक्राउ गरेको बताए।

सातदोबाटो: काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले लागुऔषध कारोबारमा संलग्न एक व्यक्तिलाई पक्राउ गरेको छ। ललितपुर महानगरपालिका-१०, सातदोबाटो आसपासमा अवैध लागुऔषध खैरो हेरोइनको कारोबार भइरहेको सूचनाका आधारमा खोजी गर्ने क्रममा प्रहरीले ललितपुर-२४, आँखीदह बस्ने ३६ वर्षीय अनिल गिरीलाई खैरो हेरोइनजस्तो देखिने वस्तुसहित पक्राउ गरेको हो।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५


NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा।
२.	यस बैंकको नाममा मालपोत कार्यालय, कालिकोटको लगतमा दर्ता कायम रहेको कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा।
३.	यस बैंकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५०-० (विगाह) को घर/जग्गा।
४.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३३०६, ३३०९, ३३०३, ३३०५, ३३२० को क्षेत्रफल क्रमश : ०-०-२-२, ०-१-३-३, ०-१-१-२, ०-३-०-०, ०-१-३-१ (रोपनी) को जग्गा।
५.	यस बैंकको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ईमाडोल गा.वि.स वडा नं. १ (हाल महालक्ष्मी न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४७ को क्षेत्रफल ८८.६० (व.मी) को घरजग्गा।
६.	यस बैंकको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ (हाल सिमरा जितपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २०५३ र २०५४ को क्षेत्रफल क्रमशः ०-०-६-० र ०-०-७-० (विगाह) को घरजग्गा।
७.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्सागढी न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०७२, ३०० र ९०९ को क्षेत्रफल क्रमशः ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (विगाह) को घर/जग्गा।
८.	यस बैंकको नाममा मालपोत कार्यालय बार्कैको लगतमा दर्ता कायम रहेको बार्कै जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बार्कै जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा।
९.	यस बैंकको नाममा मालपोत कार्यालय ग्रुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ९३१ को क्षेत्रफल ४६० (व.मी) को जग्गा।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय ग्रुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ५२९ को क्षेत्रफल ३४० (व.मी) को जग्गा।
११.	यस बैंकको नाममा मालपोत कार्यालय ग्रुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा।
१२.	यस बैंकको नाममा मालपोत कार्यालय ग्रुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. १७५६ को क्षेत्रफल ३९३.५० (व.मी) को जग्गा।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय ग्रुरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, ग्रुरुडा गा.वि.स. वडा नं.८ (हाल ग्रुरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ३/ख (हाल तिलोत्तमा न.पा. वडा नं.७) स्थित कित्ता नं. ४०८६, ६०८ र ४०८७ को क्षेत्रफल क्रमश : ०-१-५-०, ०-०-९-० र ०-२-०-० (विगाह) को घर/जग्गा।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. २ (हाल चन्द्रपुर न.पा. वडा नं.८) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-१०-०-० (विगाह) को जग्गा।
१६.	यस बैंकको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुङ्गा गा.वि.स. वडा नं. १२ख (हाल तारकेश्वर न.पा. वडा नं.४) स्थित कित्ता नं. ९६० र ९६१ को क्षेत्रफल क्रमश : १०७.३१ र ३५.७७ (व.मी) को घरजग्गा।
१७.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ०८ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. २० को क्षेत्रफल ९१५ (व.मि) को जग्गा।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १४६०, १४७२, १४६१, १४७३, १४६२ र १४७४ को क्षेत्रफल क्रमश : २११, २१२, २११, २११, २०९ र २१० (व.मि) को जग्गा।
१९.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा।
२०.	यस बैंकको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, जगरनाथपुर गा.वि.स. वडा नं. २ (हाल जगर नाथपुर गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ८५८ को क्षेत्रफल ०-१५-१०-० (विगाह) को जग्गा।
२१.	यस बैंकको नाममा मालपोत कार्यालय, मुग्रुको लगतमा दर्ता कायम रहेको, मुग्रु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ६ ग स्थित कित्ता नं. ५१ को क्षेत्रफल ४४१८.५० व.मि.को जग्गा।
२२.	यस बैंकको नाममा मालपोत कार्यालय, मुग्रुको लगतमा दर्ता कायम रहेको, मुग्रु जिल्ला, श्री नगर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. १९५ को क्षेत्रफल २६.२५ व.मि. को घरजग्गा।
२३.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमशः २९५ र १०.४० (व.मि.) को जग्गा।
२४.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय ग्रुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, सानोश्री गा.वि.स. वडा नं. ५ क (हाल बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२८८, ११७५ र १२९३ को क्षेत्रफल क्रमशः ३३८.६३, २२४३.४१ र १२४८.६८ (व.मि) को जग्गा।
२५.	यस बैंकको नाममा मालपोत कार्यालय, मुग्रुको लगतमा दर्ता कायम रहेको मुग्रु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं २५४ को क्षेत्रफल ११२५ वर्गमिटरको जग्गा।
२६.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ५ क (हाल बुद्धभूमि न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४६८, १४६५, १४७०, १४६७, १४६६ र १४६९ को क्षेत्रफल क्रमशः १-१-१०, ०-२-०, ०-१७-२, ०-१-०, ०-२-० र ०-१९-१८ (विगाह) को जग्गा।
२७.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-४-१० (विगाह) को घर जग्गा।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल बिरेन्द्रनगर न.पा वडा नं. ९) स्थित कित्ता नं. २६६०, ६३९, ७०८७, २६६१ र ५९७५ को क्षेत्रफल क्रमशः ५५.०२, ३३८.५८, १५४, ६३.४८ र २३.५५ (व.मी) को घर/जग्गा।
२९.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. २ ख (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७९२ र १७८९ को क्षेत्रफल क्रमशः ०-०-१-३ र ०-०-४-० (विगाह) को घरजग्गा।
३०.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वागेश्वरी तित्रौना गा.वि.स. वडा नं. ४ (हाल पर्सागढी न.पा. वडा नं. ७) स्थित कित्ता नं. २२७ को क्षेत्रफल ४३१३.८७ (व.मी) को जग्गा।
३१.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ६६ को क्षेत्रफल ०-०-४-० (विगाह) को जग्गा
३२.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ३०१ को क्षेत्रफल ०-६-०-० (विगाह) को जग्गा।
३३.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सखुवा प्रसौनी गा.वि.स वडा नं. १ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ७८ को क्षेत्रफल २६६२० व.मी. को जग्गा।



"पर्यटकीय नगरी"

सूर्योदय नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिक्कल, इलाम
कोशी प्रदेश, नेपाल


आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/११/३०)

मिति २०८० माघ ०९ मा ठे.नं. SUMO/ILAM/NCB/WORKS34-080/081 (Building Construction of Suryodaya Innovation Center) सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान गरी यस कार्यालयबाट सार्वजनिक सूचना प्रकाशन गरेकोमा तपसिल बमोजिमका बोलपत्रदाताहरूले पेश गरेको बोलपत्रको प्राविधिक प्रस्ताव, मूल्यांकन समितिको प्रतिवेदन र यस कार्यालयको मिति २०८०/११/२९ को निर्णय अनुसार सारभूत रूपमा प्रभावग्राही रहेको भनी सिफारिस भएको हुँदा, मिति २०८०/१२/०७ गते दिनको १२:०० बजे प्रतिनिधि सहितको रोहबरमा यसै कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएकोले, सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ३७ को उपनियम ५ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

S. No.	Substantially Responsive Bidder's Name and Address:
1.	Bhagwati Rajlawat JV, Ilam municipality-07
2.	Baral Ashrika JV, Biratnagar-07
3.	Shankar Trishakti Nirman Sewa, Ilam municipality-07
4.	Sara Shristi Nirman Sewa, Dhankuta-04
5.	SMBNS/UC JV,Arjundhara, Jhapa
6.	Vintage/GM JV, Maijogmai-06
7.	Bauddha Nirman Sewa, Ilam municipality-07
8.	Shear Lingthep Jalpapur JV, Harinagar-02
9.	Shaktikund Prachit Durgabishnu JV, Triyuga municipality-11
10.	Sherpa Pragatisil Jharippa JV, Birtamod-05



लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चकिन गरी बोलपत्र पेश गर्नुपर्नेछ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन्।

दबाबमा एसइईका विद्यार्थी

३५ प्रतिशत अंक नल्याए फेल

अब विद्यार्थीले लिखितमा ३० प्रतिशत र आन्तरिक तथा प्रयोगात्मक परीक्षामा ४० प्रतिशत ल्याउनैपर्ने

शिवहरि घिमिरे/नयाँ पत्रिका

एसइई नजिकिएसँगै विद्यार्थीमा पढाइको दबाब बढिरहेको छ। अझ यसपटक राष्ट्रिय परीक्षा बोर्डले नयाँ नियम लागू गर्ने निर्णय गरेसँगै विद्यार्थी थप दबाबमा छन्।

विगतका वर्षमा बी ग्रेडभन्दा कमका विद्यार्थीले पनि ११ र १२ कक्षामा पढ्न पाउँथे। तर, परीक्षा बोर्डको निर्णयअनुसार अब भने यो मौका पाउनेछैनन्। ११ र १२ कक्षामा अध्ययन गर्नका लागि हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनैपर्ने भएको छ। यदि योभन्दा कम अंक ल्याएमा माथिल्लो तहमा अध्ययन गर्न नपाइने बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए। उनका अनुसार यसपटक विद्यार्थीले लिखितमा ३० प्रतिशत र आन्तरिक तथा प्रयोगात्मक परीक्षामा ४० प्रतिशत ल्याउनैपर्छ।

'नयाँ ग्रेडिङ प्रणाली लागू गरेपछि यति नम्बरचाहिँ ल्याउनैपर्छ, पुरानो ग्रेडिङ प्रणाली अन्तर्राष्ट्रियस्तरको थिएन, त्यसकारण हामीले यसपटकदेखि उक्त स्ट्यान्डर्ड मेन्टेन गर्न खोजिरहेका छौं,' बोर्डका अध्यक्ष शर्माले भने, 'विद्यार्थीले यसपटक नयाँ करिकुलमअनुसार परीक्षा दिने भएकाले नतिजामा पनि सुधार हुन सक्छ भन्ने अनुमान छ।' १५ देखि २७ चैतसम्म सञ्चालन हुने एसइई परीक्षामा यसपटक देशभर पाँच लाख विद्यार्थी सामेल हुँदै छन्। परीक्षा नजिकिएसँगै बोर्डले तयारी तीव्र पारेको जनाएको छ।


फाइल तस्बिर

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मा भन्छन्–



नयाँ ग्रेडिङ प्रणाली लागू गरेपछि ३५ प्रतिशत त ल्याउनैपर्छ, पुरानो ग्रेडिङ प्रणाली अन्तर्राष्ट्रियस्तरको थिएन, त्यसकारण हामीले यसपटकदेखि उक्त स्ट्यान्डर्ड मेन्टेन गर्न खोजिरहेका छौं। विद्यार्थीले यसपटक नयाँ करिकुलमअनुसार परीक्षा दिने भएकाले नतिजामा पनि सुधार हुन सक्छ भन्ने अनुमान छ।

बोर्डका अध्यक्ष शर्माका अनुसार कट अफ प्वाइन्ट ३५ प्रतिशत कायम गरिएकाले यो अंक ल्याउनैपर्छ। अन्यथा फेल भएको मानिनेछ। विगतको ग्रेडिङ प्रणालीले विद्यार्थीलाई सहज भएको थियो। तर, सिकाइ स्तर भने कमजोर बनेको थियो। सहजै उत्तीर्ण भइन्छ भन्ने मानसिकताका कारण विद्यार्थीले पुग्दो तयारी गरेका थिएनन्। जसका कारण हाल ११ र १२ कक्षामा शिक्षाशास्त्र तथा मानविकी संकाय अध्ययन गर्नेमध्ये अधिकांश कमजोर विद्यार्थी छन्। तर, अर्को वर्षदेखि नै ११ र १२ कक्षाका सबैजसो संकायमा कम्तीमा पनि पढाइमा मध्यमस्तरका विद्यार्थी प्रवेश गर्नेछन्। जसका कारण समग्र नतिजामा सुधार हुनेछ। विगतमा १.६ जिपिए ल्याउने पनि उत्तीर्ण हुने व्यवस्था थियो। तर, ती विद्यार्थी सामुदायिक विद्यालयमै पढ्न जाने भएकाले सामुदायिक विद्यालयको शैक्षिक अवस्था खस्किँदो थियो।

विगतका वर्षहरूमा भन्दा यसपटक बोर्डले परीक्षामा पनि फरक नियम लागू गर्ने भएकाले विद्यालयले पनि सोहीअनुसार विद्यार्थीलाई सामेल गराएका छन्। नयाँ नियम तथा पाठ्यक्रमअनुसार विद्यार्थीलाई नियमित तथा अतिरिक्त कक्षा सञ्चालन गरिरहेका छन्। नेपालमा ०७२ सालदेखि एसइईमा ग्रेडिङ सिस्टम लागू भएको थियो। यो सिस्टममा १.६ जिपिए ल्याउनेसम्मका विद्यार्थीले माथिल्लो तह अध्ययन गर्न पाउँथे।

कक्षा १० को नेपालीमा पुनः समावेश गरियो सन्दुक रुइतको जीवनी

कक्षा १० को नेपाली विषयबाट हटाइएको डा. सन्दुक रुइतको जीवनी यसपटक पुनः समावेश गरिएको छ। एउटै व्यक्तिका बारेमा धेरैवटा पुस्तकमा पाठ्यांश राखिएको र अन्य प्रख्यात व्यक्तिलाई पनि स्थान दिनुपर्ने भन्दै पाठ्यक्रम विकास केन्द्रले उनको जीवनी हटाएको थियो। हाल कक्षा १० का विद्यार्थीले रुइतको जीवनी पढ्न पाउँदैनन्, तर अब भने उनको जीवनी पुनः समावेश गरिएको छ। ०८१ बाट सुरु हुने नयाँ शैक्षिक सत्रदेखि उनको जीवनी कक्षा १० का विद्यार्थीहरूले पनि अध्ययन गर्न पाउनेछन्। पुस्तकको अन्तिम पाठमा उनको जीवनी समेटिएको पाठ्यक्रम विकास केन्द्रले जनाएको छ।

गत वर्ष रुइतको जीवनी पाठ्यपुस्तकबाट हटाउँदा व्यापक विरोध भएको थियो। विरोध भएपछि पाठ्यक्रम विकास केन्द्रले उनको जीवनी समावेश गरेको हो। 'उहाँको जीवन तथा उहाँका बारेमा अन्य कक्षाका धेरै पुस्तकमा पनि समावेश थियो। सोहीकारण गत वर्ष हटाइएको थियो, तर त्यसको व्यापक विरोध र माग भएपछि हामीले पुनः राखेका छौं,' केन्द्रका महानिर्देशक वैकुण्ठप्रसाद अर्यालले भने, 'अन्य पाठ्यपुस्तकमा पनि हामीले धेरैथोरै परिमार्जन गरेका छौं।' कक्षा १० बाहेक अन्य कक्षाका चारवटा पाठमा रुइतका बारेमा समावेश गरिएको छ। तर, कक्षा १० बाट पनि उनको जीवनी हटाउन नहुने भन्दै विरोध भएपछि विकास केन्द्रले नयाँ पाठ्यक्रममा त्यसलाई पुनः समावेश गर्न लागेको हो। यसबाहेक कक्षा ४ र ८ को नेपाली, कक्षा ७ को अंग्रेजी र कक्षा १० को सामाजिक विषयमा वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. रुइतका बारेमा पाठ समावेश गरिएको छ।

आगामी शैक्षिक सत्रमा विद्यार्थीले यी पुस्तक नयाँ नै किन्नुपर्ने

नयाँ शैक्षिक सत्र सुरु भएपछि पुरानै तथा गत वर्षकै पाठ्यपुस्तक पढ्ने र पढाउने प्रचलन पनि विद्यालय र विद्यार्थीमा छ। तर, यस वर्ष गत वर्षकै पाठ्यपुस्तक पढ्दा विद्यार्थीलाई घाटा हुनेछ। पाठ्यक्रम विकास केन्द्रले समयसापेक्ष हुने गरी केही पुस्तकको पाठ तथा तथ्यांक परिमार्जन गरेको छ। तैपनि, गत वर्षका अधिकांश किताब र पाठ काम लाग्न सक्ने केन्द्रका महानिर्देशक अर्यालको भनाइ छ। कक्षा १ देखि कक्षा १२ सम्म स्कुल तहमा पढाइ हुने जनसंख्या तथा कृषिसँग सम्बन्धित विषय परिमार्जन भएका छन्। यी पुस्तकमा जनगणना र कृषि गणनाको तथ्यांक परिवर्तन भएको हो। त्यस्तै, लेखा विषयमा पनि परिमार्जन गरिएको केन्द्रले जनाएको छ। यसबाहेक आगामी शैक्षिक सत्रदेखि लागू हुने गरी कक्षा १० को नेपाली विषयबाट सुनुवाइ भन्ने पाठ पनि हटाइएको छ। सो पाठको श्रव्य सामग्री तयार पारिएकाले स्क्रिप्ट हटाइएको हो। परिमार्जन नभएका अन्य विषयका पुस्तक विद्यार्थीले गत वर्षकै पनि पढ्न सक्नेछन्।

नागरिक उन्मुक्तिको विवाद झन् चर्कियो

धनगढीमा तेजराज भट्ट

सुदूरपश्चिम प्रदेश सरकारमा सहभागिताको विषयलाई लिएर सुरु भएको नागरिक उन्मुक्ति पार्टीभित्रको विवाद थप पेचिलो बनेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिने सन्दर्भमा पार्टी अध्यक्ष र पार्टीका संस्थापक बहुमत सदस्यको फरक-फरक धारणा सार्वजनिक भएको छ।

अध्यक्ष एवं संसदीय दलका नेता रञ्जिता श्रेष्ठले प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिन मंगलबार ह्विप जारी गरेकी छिन्। पार्टीका बहुमत संस्थापक सदस्यको उपस्थितिमा बसेको बैठकले भने संघमा सरकारलाई समर्थन नगर्ने निर्णय गरेको छ।

अध्यक्ष श्रेष्ठले बुधबार बस्ने प्रतिनिधिसभा बैठकमा अनिवार्य उपस्थित हुन र प्रधानमन्त्रीलाई विश्वासको मत दिन आफ्ना सांसदलाई मंगलबार ह्विप जारी गरेकी छिन्। त्यसअघि संसदीय दलको बैठक बसेको थियो।




सरकारलाई विश्वासको मत दिन संसदीय दलको ह्विप, समर्थन नगर्ने बहुमत सदस्यको निर्णय

नागरिक उन्मुक्तिका संस्थापक ज्येष्ठ सदस्य एवं उपाध्यक्ष दामोदर पण्डितको अध्यक्षमा सोमबार राति टीकापुरमा बसेको बैठकले भने संघमा सरकारलाई समर्थन नगर्ने, नयाँ गठबन्धनमा तत्काल सहभागी नहुने र केन्द्रमा प्रतिपक्षमा बस्ने निर्णय गरेको थियो। उपाध्यक्ष पण्डितले मंगलबार विज्ञप्ति जारी गर्दै संस्थापक केन्द्रीय सदस्यको दुईतिहाइ बहुमतले संघीय सरकारलाई समर्थन नगर्ने तथा प्रदेशका हकमा विभिन्न दलहरूसँग सहकार्य र समन्वय गरी संवाद अघि बढाउने निर्णय गरेको बताएका छन्। प्रदेशको सन्दर्भमा भने दलहरूसँग वार्ताका लागि पण्डितको अध्यक्षतामा तीन सदस्यीय वार्ता समिति गठन गर्ने निर्णय बैठकले गरेको छ।

नागरिक उन्मुक्तिका संस्थापक केन्द्रीय सदस्य एवं वार्ता समितिका सदस्य रामलाल डगौरा थारूले नयाँ गठबन्धनले नागरिक उन्मुक्तिलाई कुनै महत्त्व नदिएकाले समर्थन नगर्ने निर्णय बैठकले गरेको बताए। दुईतिहाइ संस्थापक केन्द्रीय सदस्य उपस्थित बैठकले गरेको निर्णय नै पार्टीको आधिकारिक निर्णय भएको दाबी उनले गरे। थारूका अनुसार बैठकमा पार्टीका संस्थापक २१ सदस्यमध्ये १५ जना उपस्थित थिए। दुईजना संस्थापक सदस्यले यसअघि नै पार्टी छाडिसकेका छन्।

'नयाँ गठबन्धनले हाम्रो पार्टीसँग कुनै छलफल नगरेकाले केन्द्रमा सरकारलाई समर्थन गर्न नसकिने निर्णय भयो,' टीकापुर नगरपालिकाका मेयरसमेत रहेका रामलालले भने, 'प्रदेशको हकमा भने अहिलेकै सरकारलाई समर्थन कायम राखेर जाने भन्ने निर्णय भएको छ।'

सुदूरपश्चिम प्रदेश सरकारमा सहभागिताको विषयमा अध्यक्ष श्रेष्ठ र पार्टीका संस्थापक संरक्षक रहेका उनका पति रेशम चौधरीबीच तीव्र मतभेद छ। रेशम कांग्रेस नेतृत्वको सुदूरपश्चिम प्रदेश सरकारको समर्थन कायम राख्नुपर्ने पक्षमा छन्। नागरिक उन्मुक्ति, राप्रपा र स्वतन्त्र सांसदको समर्थनमा सरकार जोगाउने कसरत गरिरहेका मुख्यमन्त्री कमलबहादुर शाहले नागरिक उन्मुक्तिका सातजना प्रदेश सांसदमध्ये एक राज्यमन्त्रीसहित पाँचजनालाई मन्त्री बनाएका छन्।

रेशमको अग्रसरतामा मुख्यमन्त्रीसँगको छलफलपछि गत शुक्रबार नागरिक उन्मुक्तिबाट प्रदेशमा दुई मन्त्री र एक राज्यमन्त्रीले शपथ लिएका थिए। तर, आफूसँग सल्लाह नगरेर प्रदेश सरकारमा सहभागी भएको भन्दै अध्यक्ष श्रेष्ठले सरकारबाट तत्काल फिर्ता हुन संसदीय दललाई निर्देशन दिएकी थिइन्।

बहुमत सदस्य रेशमको पक्षमा भएपछि संसदीय दलले अध्यक्षको निर्देशन पालना गरेन। बरु श्रेष्ठनजिक ठानिएका नागरिक उन्मुक्तिका सांसद लक्ष्मणकिशोर चौधरीले सोमबार विनाविभागीय मन्त्रीको शपथ लिए।

रेशम र रञ्जिताबीचको विवाद गत पुस अन्तिम साता टीकापुरमा भएको पार्टीको महाधिवेशनमै देखिएको थियो। महाधिवेशनबाट अध्यक्ष बन्ने रञ्जिताको चाहनाविपरीत रेशमले आफैं अध्यक्ष बन्ने तयारी गरेपछि उनी महाधिवेशन छोडेर काठमाडौं गएकी थिइन्।

आयोगको निर्णयसँगै रञ्जिताको अध्यक्षतामा रहेको संस्थापक समिति नै पुनर्वहाली भएको छ। आयोगको निर्णयसँग रेशम पार्टीमा भूमिकाविहीन बने पनि बहुमत संस्थापक सदस्य उनको पक्षमा देखिएका छन्। सरकारको सन्दर्भमा विवाद बढेपछि अध्यक्ष श्रेष्ठले सोमबार दिउँसो टीकापुरमा पार्टीका संस्थापक केन्द्रीय सदस्यको बैठक डाकेकी थिइन्, तर बहुमत सदस्य विपक्षमा देखिएपछि स्वास्थ्यमा समस्या आएको भन्दै उनी काठमाडौंबाट टीकापुर गइनन्। अध्यक्ष नआएपछि संस्थापक ज्येष्ठ केन्द्रीय सदस्य पण्डितको अध्यक्षतामा बसेको बैठकले सरकारलाई समर्थन नगर्ने निर्णय गरेको छ। नागरिक उन्मुक्तिबाट संघीय सरकारमा चार सांसद छन्।

भरतपुरको सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्ती सेवन निषेध

भरतपुर/ भरतपुर महानगरपालिकाले सार्वजनिकस्थलमा धूमपान तथा सुर्ती सेवन निषेध अभियानलाई तीव्रता दिएको छ। जसअनुसार मंगलबार भरतपुरको सबै वडा कार्यालय र स्वास्थ्य संस्थामा धूमपान तथा सुर्तीजन्य पदार्थ सेवन निषेधित क्षेत्रको बोर्ड लगाइएको छ।

'सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने ऐन) २०६८ का अनुसार सार्वजनिकस्थलको कम्तीमा एक सय मिटर वरपर धूमपान तथा सूर्तीजन्य पदार्थ सेवन तथा बिक्री-वितरण गर्न गराउन पाइनेछैन। यस स्थलको हाताभित्र धूमपान वा सुर्तीजन्य पदार्थ सेवन गरेमा निजलाई यस स्थलबाट बाहिर निकालिने वा एक रुपैयाँ जरिवाना वा दुवै सजाय हुनेछ,' बोर्डमा लेखिएको छ।

महानगरका जनस्वास्थ्य अधिकृत केशव भट्टका अनुसार सार्वजनिकस्थलमा धूमपान तथा सुर्ती सेवन निषेध गर्ने अभियानअन्तर्गत पहिलो चरणमा महानगरभित्रका २९ वटा र ४० वटै स्वास्थ्य संस्थामा निषेधित क्षेत्रको बोर्ड लगाइएको हो। 'नेपाल सरकारको ऐनमै भएका कुराहरू हामीले कार्यान्वयन गर्दै छौं। सबैलाई यो अभियानमा सहयोग गरिदिन अनुरोध गर्दछु,' बोर्डमा लेखिएको छ। सचेतना बोर्ड राख्ने यो अभियानमा एक्सन नेपाल र भरतपुरमा रहेको बोस्टन इन्टरनेसनल कलेजले समेत सहकार्य गरेका छन्।

संक्षेप

मलंगवा साक्षर नगरपालिका घोषित

सर्लाही/ मलंगवा नगरपालिका जिल्लाको पहिलो साक्षर पालिका घोषणा भएको छ। सर्लाही- २ का प्रतिनिधिसभा सदस्य एवं निवर्तमान खानेपानीमन्त्री महिन्द्र राय यादवको उपस्थितिमा मंगलबार नगरपालिकालाई साक्षर पालिका घोषणा गरिएको मेयर नागेन्द्रप्रसाद यादवले जानकारी दिए। योसँगै मधेश प्रदेशमा चार पालिका साक्षर पालिका घोषित भएका छन्।

मलंगवा नगरपालिकामा रहेका १५ देखि ६० वर्ष उमेर समूहका पाँच हजार ६ सय ३० निरक्षर नागरिकमध्ये पाँच हजार चार सय १२ अर्थात् ९६ दशमलव १३ प्रतिशत साक्षर भएकाले 'साक्षर नगरपालिका' घोषणा गरिएको मलंगवा नगरपालिकाका सूचना अधिकारी राजकुमार अधिकारीले बताए।

पालिकाले निरक्षर नागरिकलाई साक्षर बनाउन प्रत्येक वडामा सिकाइ केन्द्र सञ्चालन गरेको थियो। सिकाइ केन्द्रमा खटिएका शिक्षक शिक्षिकाहरूले उनीहरूलाई सामान्य लेखपढ गर्न सक्ने बनाएको नगर शिक्षा शाखा प्रमुख प्रमोद मण्डलले बताए। सिकाइ केन्द्रले १५ देखि ६० वर्ष उमेर समूहका नागरिकलाई विभिन्न चरणमा समावेश गर्दै लेखपढ गर्न सिकाएका थियो। नरपालिकालाई साक्षर घोषणा गर्नुपूर्व नेपाल सरकारले साक्षर नगर घोषणा गर्न तय गरेका सम्पूर्ण मापदण्ड पूरा गरिएको मेयर यादवले बताए। उनका अनुसार पहिलो चरणमा प्रत्येक वडाका घरधुरीमै स्वयंसेवक खटाएर निरक्षर व्यक्तिहरूको तथ्यांक संकलन गरिएको थियो।

३८ गोरु प्रहरीको नियन्त्रणमा

बुटवल/ प्रहरीले ३८ वटा गोरु नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा ट्रकमा ३८ वटा गोरु अवैध रूपमा लोड गरी लैजाँदै गरेको अवस्थामा नियन्त्रणमा लिइएको हो। ट्रक, मानिस र गोरु नियन्त्रणमा लिई आवश्यक कारबाहीको भैरहवा भन्सार कार्यालय बेलहिया रुपन्देहीमा बुझाइएको प्रहरीले जनाएको छ।

जिप्रकाका सूचना अधिकारी प्रनाउ मनोहरप्रसाद भट्टका अनुसार इलाका प्रहरी कार्यालय रन्यौरा रुपन्देहीबाट खटिएको प्रहरी टोलीले मंगलबार रुपन्देही सैनामैना नगरपालिका- १ रानीबगियामा चेकजाँच गर्ने क्रममा अवैध रूपमा लैजाँदै गरेका गोरु फेला पारेको थियो। पश्चिमबाट पूर्वतर्फ गइरहेको ना.६ख २३८४ नम्बरको ट्रकमा अवैध रूपमा लैजाँदै गरेको अवस्थामा १९ वटा गोरु नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ। अस्थायी प्रहरी पोस्ट रामापुर कलौनीबाट खटिएको प्रहरी टोलीले सोमबार सैनामैना नगरपालिका- ५ बुद्धनगरमा चेकजाँच गर्ने क्रममा पश्चिमबाट पूर्वतर्फ गइरहेको ना६ख २६४५ नम्बरको ट्रकमा पनि १९ वटा गोरु फेला परेको थियो।

लेकसाइडस्थित पार्कको जग्गामा क्याफे र शौचालय निर्माण नगर्न उच्च अदालतको आदेश

कास्कीमा रोहितराज पराजुली

पोखरा महानगरपालिका- ६ स्थित भिएनआई पार्कको जग्गामा शौचालयसँगै चिया-नास्ता पसल, कफी क्याफे सञ्चालन नगर्न उच्च अदालत पोखराले आदेश दिएको छ। मंगलबार न्यायाधीश मिलनकुमार राई र अमृतबहादुर बस्नेतको संयुक्त इजलासले मुद्दाको अन्तिम फैसला गर्दै २७ असारमा निषेधाज्ञाको माग गर्दै दायर गरेको रिट जारी गर्ने आदेश दिएका हुन्। इजलास अधिकृत गीता ढकाल पौडेलका अनुसार रिट जारीसँगै सो स्थानमा अब कुनै निर्माण कार्य गर्न नपाइने भएको छ।


पोखरा महानगरपालिका- ६ लेकसाइडस्थित भिएनआई पार्कमा निर्माणाधीन शौचालय

कुनै दायित्व नभएको तेस्रो पक्ष भित्र्याएर पोखरा महानगरपालिकाले आफैंलाई नोक्सान हुने गरी शौचालय निर्माणका नाममा पर्यटकीय क्षेत्र लेकसाइडको सो जग्गा १५ वर्षका लागि एक निजी कम्पनीलाई दिने गरी ११ जेठ ०८० मा सम्झौता गरेको थियो। फेवातालको बीचमा रहेको तालबाराही मन्दिर जाने चोकमा रहेको पार्कमा सूर्य नेपाल प्रालिले सामाजिक उत्तरदायित्वअन्तर्गत शौचालय निर्माण गरिदिन लागेकोमा महानगरले कुनै दायित्व नभएको एरोसान सस्टेनेबल स्यानिटेसन प्रालिलाई भित्र्याएर निर्माण, सञ्चालन, मर्मतसम्भार र व्यवस्थापनका लागि १५ वर्षसम्मका लागि दिने गरी सम्झौता गरेको थियो। तीन पक्षबीच भएको शौचालय निर्माणको लागत करिब एक करोड ४० लाख छ। पोखराका मेयर धनराज आचार्यले निर्माण कार्यको शिलान्याससमेत गरेका थिए।

विगतदेखि नै स्थानीयले संरक्षण गरेर राखेको सार्वजनिक पार्कमा महानगरले कसैसँग सल्लाह नगरी निर्माणको काम सुरु गरेपछि स्थानीय अनिल थापा, राजेन्द्र अधिकारी, आनन्द कुँवर, कृष्ण बराल र सुजन बाटाजू गरी पाँचजनाले २७ असार ०८० मा उच्च अदालत पोखरामा निषेधाज्ञाको माग गर्दै रिट दायर गरेका थिए। रिटमा तीनतिरको व्यस्त सडकको बीच भागमा सार्वजनिक जग्गा रहेकोमा शौचालय निर्माण गर्ने स्थान उपयुक्त छ-छैन भन्ने सम्बन्धमा कुनै अध्ययन नभएको, उक्त स्थान परम्परादेखि दसैंमा मेला लाग्ने सांस्कृतिक महत्त्वको र संरक्षित स्थानसमेत रहेको, २०३१ को पोखरा टाउन प्लानले बाटोभन्दा मुनिको जग्गालाई संरक्षित क्षेत्र तोकेकाले सो प्लानविपरीत निर्माण कार्य भएकोलगायत विषय उल्लेख गरिएको थियो। त्यसपछि २८ असारमा अदालतले निर्माण कार्य रोक्न अल्पकालीन आदेश जारी गर्दै प्रमाणसहित १७ साउनमा उपस्थित हुन विपक्षीलाई आदेश दिएको थियो। त्यसपछि २४ साउनमा २८ असारमा भएको अन्तरिम आदेशलाई निरन्तरता दिने आदेश अदालतले गरेको थियो।_

कपिलवस्तुमा पहिलोपटक डायलाइसिस सेवा


कपिलवस्तुमा डिलाराम भुसाल

कपिलवस्तुमा पहिलोपटक डायलाइसिस सेवा सञ्चालनमा आएको छ। डायलाइसिस सेवा शुभारम्भ भएपछि कपिलवस्तुका साथै अर्घाखाँची, प्युठान, गुल्मीका मिर्गौला बिरामीका लागि सहज भएको छ। मिर्गौला बिरामीका लागि सुरु गरिएको यो सेवा कपिलवस्तुमै पहिलो हो।

रोटरी क्लब सेन्ट्रल बुटवल र रोटरी क्लब अफ सेन्ट्रल कपिलवस्तुको सहयोगमा गौतमबुद्ध सामुदायिक मुटु अस्पताल बुटवलको शाखाका रूपमा कपिलवस्तु सामुदायिक डाइलाइसिस सेन्टर सञ्चालनमा आएको हो। दुई वर्षदेखि पहल गर्दागर्दै पनि विभिन्न बाधा अवरोधका बीच उक्त कपिलवस्तु सामुदायिक डायलाइसिस सेन्टरबाट डाइलाइसिस सेवा सुरुवात गरिएको लुम्बिनी प्रदेश सांसद विष्णु पन्थीले बताए। बाणगंगा नगरपालिका- १ मा रहेको जेसिज भवनमा सुरु गरिएको यो सेवाबाट मिर्गौलाका बिरामीलाई राहत हुने उनको भनाइ छ।


सेन्टरबाट डाइलाइसिस सेवा सुरुवात गरिएको लुम्बिनी प्रदेश सांसद विष्णु पन्थीले बताए। बाणगंगा नगरपालिका- १

मिर्गौला बिग्रिएमा वा मिर्गौलाले काम नगरेको अवस्थामा मेसिनको माध्यमबाट शरीरमा रहेका विकार डायलाइसिसबाट फालिन्छ। सुरुका दिनमा चारजना बिरामीलाई राखेर परीक्षण गरिएको गौतमबुद्ध सामुदायिक मुटु अस्पताल डायलाइसिस सुपरभाइजर विमल भुसालले बताए। अस्पतालका प्रमुख प्रशासकीय अधिकृत कमल भण्डारीले प्रदेश सरकारबाट अनुमति पाउन साथ यो सेवा निरन्तर रूपमा प्रदान गर्ने बताए। डायलाइसिस सेवा सुरु भएसँग जिल्लावासी खुसी भएका छन्। 'सुरुकै दिन चारजनाको डायलाइसिस भयो। अब बुटवललगायत सहरमा यहाँका बिरामी जानुपर्दैन,' स्थानीय हरि गैरेले भने।



NIC ASIA
एन आई सी एशिया बैंक लि.


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

गैर बैकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान


यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल


क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, मनिकापुर गा.वि.स. वडा नं. ०६ (हाल नेपालगंज उ.म.न.पा. वडा नं. २०) स्थित कित्ता नं. ७६१ को क्षेत्रफल ४२३.२५ (व.मि) को जग्गा ।
२.	यस बैंकको नाममा रहेको मालपोत कार्यालय ईलामको लगतमा दर्ता कायम रहेको ईलाम जिल्ला, आइतबारे गा.वि.स. वडा नं. २क (हाल सुर्योदय न.पा. वडा नं. ११) स्थित कित्ता नं. ११८ को क्षेत्रफल ५-५-३-० (रोपनी) को घरजग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४०५० र ४०४८ को क्षेत्रफल क्रमश: ०-०-२.२५ र ०-०-१२.७५ (विगाह) को जग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४२९, २१३ र १६८४ को क्षेत्रफल क्रमश: ०-०-१.५०, ०-०-२ र ०-०-१० (विगाह) को घर/जग्गा ।
५.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ९२४ को क्षेत्रफल ०-०-७.५० (विगाह) को जग्गा ।
६.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, विरगंजको लगतमा दर्ता कायम रहेको, पर्सा जिल्ला, मौराटार गा.वि.स. वडा नं. ७ क (हाल पर्सा जिल्ला, बहादुरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ९८१ र ९८३ को क्षेत्रफल क्रमश : ०-०-१३-८ र ०-०-२-८ (विगाह) को घर/जग्गा ।
७.	यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४७०३, ३१९४ र ३९५२ को क्षेत्रफल क्रमश: ०-०-५-०, ०-०-५-० र ०-०-४-० (विगाह) को जग्गा ।
८.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. २६४ को क्षेत्रफल ३६६.४० व.मि. को घरजग्गा ।
९.	यस बैकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ६ (हाल सुन्दर हरैचा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १६० को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
१०.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, बहुअरी वी गा.वि.स. वडा नं. २ (हाल विरगंज म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ८३९ र ८४० को क्षेत्रफल क्रमश: ०-२-५-० र ०-१-४-९ (विगाह) को घरजग्गा ।
११.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स. वडा नं. २ ग (हाल रामधुनी न.पा. वडा नं. १) स्थित कित्ता नं. ८८१ र ८८२ को क्षेत्रफल क्रमश: ०-०-१५-० र ०-०-१५-० (विगाह) को जग्गा ।
१२.	यस बैंकको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ५०२, ५०६, ५०७, ५३४, ५३५, ५३६, ५३७, ५३८ र १२६० को क्षेत्रफल क्रमश: ३-२-१-१, ०-५-१-०, ०-९-२-१, ०-७-३-२, ०-५-०-१, ०-७-०-१, १-९-१-१, ०-१३-३-१ र ०-८-१-२ (रोपनी) को जग्गा ।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. ९ स्थित कित्ता नं. ८५ र १९२ को क्षेत्रफल क्रमश: २-०-२-१ र ०-३-३-३ (रोपनी) को जग्गा ।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ५ स्थित कित्ता नं. १५१, १५२ र १६७ को क्षेत्रफल क्रमश: ४१, ५०.७० र ४७ (व.मि.) को घरजग्गा ।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, लामाचौर गा.वि.स वडा नं. ३ स्थित कित्ता नं. १०८० को क्षेत्रफल १-९-२-३ (रोपनी) को जग्गा ।
१६.	यस बैंकको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १६२४, १६२५ र १६२६ को क्षेत्रफल क्रमश: ४१३.२७ व.मि., ५०८.७४ व.मि. र ५१२.७२ व.मि. को जग्गा ।
१७.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ३ (हाल बाँसगढी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २०६ र ६३४४ को क्षेत्रफल क्रमश: ४१५ र ५५८.७० (व.मी) को घरजग्गा ।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, पटखौली गा.वि.स. वडा नं. ६ (हाल ओमसतिया गा.पा. वडा नं. ५) स्थित कित्ता नं. १२५९ को क्षेत्रफल १-५-१२-० (विगाह) को जग्गा ।
१९.	यस बैंकको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ४ क (हाल रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १२३० को क्षेत्रफल ०-१०-९-० (विगाह) को घरजग्गा ।
२०.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. २ (हाल पोखरा लेखनाथ म.न.पा. वडा नं. २९) स्थित कित्ता नं. ४२६२ को क्षेत्रफल ३-१-२-१ (रोपनी) को घरजग्गा ।
२१.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (विगाह) को घरजग्गा ।
२२.	यस बैंकको नाममा मालपोत कार्यालय परासी नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २क (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. ४१ र ४६ को क्षेत्रफल क्रमश: १-३-१२-० र ०-१८-१५-० (विगाह) को जग्गा ।
२३.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगापुर गा.वि.स. वडा नं. १ख (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १०४२ को क्षेत्रफल २९०.७२ व.मि.को जग्गा र रौतहट जिल्ला, जुडिबेला गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. १०९९ र १०९८ को क्षेत्रफल क्रमश: ४३१७.५१ र ६०२५.३४ (व.मि.) को जग्गा ।
२४.	यस बैंकको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ स्थित कित्ता नं. ५० को क्षेत्रफल २५३.९५ (व.मी.) को घरजग्गा ।
२५.	यस बैंकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ५ख (हाल मध्यबिन्दु न.पा. वडा नं. ९) स्थित कित्ता नं. १४३, ८६ र ३०५ को क्षेत्रफल क्रमश: ०-६-८-०, १-०-०-०, र ०-५-१५-० (विगाह) को जग्गा ।
२६.	यस बैंकको नाममा मालपोत कार्यालय परासी नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. ८ (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १०१५ को क्षेत्रफल ०-५-२-०.२५ (विगाह) को जग्गा, नवलपरासी जिल्ला, मन्झरिया गा.वि.स. वडा नं. १ख (हाल रामग्राम न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५९४ को क्षेत्रफल ०-३-१६$^{१/२}$ (विगाह) को जग्गा ।
२७.	यस बैंकको नाममा मालपोत कार्यालय नवलपरासी, कावासोती (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको, नवलपरासी जिल्ला, कोलुवा गा.वि.स. वडा नं. ९ क, स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-५-७ (विगाह) को जग्गा ।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८४ को क्षेत्रफल ०-०-१८ (विगाह) को घरजग्गा ।
२९.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८५ र ८१० को क्षेत्रफल क्रमश ०-०-१८-० र ०-०-५-३ (विगाह) को घरजग्गा।
३०.	यस बैंकको नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, जगतपुर गा.वि.स वडा नं. ८ (हाल भरतपुर म.न.पा वडा नं. २४) स्थित कित्ता नं. ८८६, ८८९, ८८३, ८७८, ८९३ र ८९२ को क्षेत्रफल क्रमश: ४७४.५७, ५०७.९६, ४७३.७४, ३४४.८४, ९५८.८४ र ६८२.३३ (व.मि) को जग्गा ।
३१.	यस बैंकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ७० को क्षेत्रफल ०-१-७-०.५ (विगाह) को घरजग्गा ।
३२.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, सुरुङ्गा गा.वि.स.वडा नं.६ (हाल कन्काई न.पा. वडा नं.५) स्थित कित्ता नं. २०९३ को क्षेत्रफल ०-२-०-०(विगाह) को जग्गा ।
३३.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सखुवा प्रसौनी गा.वि.स वडा नं. १ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ५) स्थित कित्ता नं. १८९ को क्षेत्रफल १८६२.४७ व.मी. को जग्गा ।
३४.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, मौराटार गा.वि.स वडा नं. ७ क (हाल बहदुरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ७८६ को क्षेत्रफल ०-०-६ (विगाह) को जग्गा ।
३५.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, मौराटार गा.वि.स. वडा नं. ७ क (हाल बहदुरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ८६७ र ८६९ को क्षेत्रफल क्रमश: ०-०-०-१२ र ०-०-९-४ (विगाह) को जग्गा ।
३६.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा वडा नं. १०) स्थित कित्ता नं. ३५९ को क्षेत्रफल ०००६७.७ व.मी. को घरजग्गा ।
३७.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ६ (हाल ठोखा न.पा. वडा नं. ९) स्थित कित्ता नं. १९८ को क्षेत्रफल ९५.६० (व.मि) को घरजग्गा ।
३८.	यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७४२ को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा ।
३९.	यस बैंकको नाममा मालपोत कार्यालय ताप्लेजुङको लगतमा दर्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ७ (हाल फुङलिङ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२१३ को क्षेत्रफल १७-५-०-१ (रोपनी) को जग्गा ।
४०.	यस बैंकको नाममा मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी(बर्दघाट सुस्ता पश्चिम) जिल्ला, माकर गा.वि.स. वडा नं. १ घ (हाल बर्दघाट न.पा. वडा नं. १) स्थित कित्ता नं. ६०६ को क्षेत्रफल २७०७.८४ (व.मि) को जग्गा ।
४१.	यस बैंकको नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. १६६ को क्षेत्रफल १-०-०-० (विगाह) को जग्गा।




तपसिल नं. १ मा उल्लेखित सम्पति




तपसिल नं. २ मा उल्लेखित सम्पति




तपसिल नं. ३ मा उल्लेखित सम्पति




तपसिल नं. ४ मा उल्लेखित सम्पति




तपसिल नं. ५ मा उल्लेखित सम्पति



तपसिल नं. ६ मा उल्लेखित सम्पति




तपसिल नं. ७ मा उल्लेखित सम्पति




तपसिल नं. ८ मा उल्लेखित सम्पति




तपसिल नं. ९ मा उल्लेखित सम्पति




तपसिल नं. १० मा उल्लेखित सम्पति




तपसिल नं. ११ मा उल्लेखित सम्पति




तपसिल नं. १२ मा उल्लेखित सम्पति




तपसिल नं. १३ मा उल्लेखित सम्पति




तपसिल नं. १४ मा उल्लेखित सम्पति




तपसिल नं. १५ मा उल्लेखित सम्पति



तपसिल नं. १६ मा उल्लेखित सम्पति



तपसिल नं. १७ मा उल्लेखित सम्पति



तपसिल नं. १८ मा उल्लेखित सम्पति

» पृष्ठ ५ मा क्रमश:

‘रुसी सेनामा कार्यरत नेपाली र तिनका परिवारको संवेदनशीलताप्रति गम्भीर छु’

नयाँ पत्रिका



■ **एक सातापछि भारत र चीनको शुभकामना सन्देश**

उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले रुसी सेनामा कार्यरत नेपालीका विषयमा कुराकानीका लागि रुस भ्रमणमा जाने इच्छा जनाएका छन् । मंगलबार शिष्टाचार भेटका लागि परराष्ट्र मन्त्रालय पुगेका रुसी राजदूत अलेक्सेई नोभिकोभसँग उनले यो इच्छा राखेका हुन् । राजदूत नोभिकोभले यो सन्देश सरकारलाई सुनाइदिने जवाफ दिएका छन् ।

उपप्रधानमन्त्री श्रेष्ठले रुसी राजदूतलाई भेटेलगत्तै रुसी सेनामा कार्यरत तथा मृतक, घाइते एवं बेपत्ता नेपालीहरूको परिवारजन परराष्ट्र मन्त्रालयमा पुगेका थिए । उनीहरूसँगको छलफलमा श्रेष्ठले मस्कोमै पुगेर नेपालीका विषयमा रुस सरकारसँग छलफल गर्ने चाहना रुसी राजदूतमार्फत पठाएको सुनाएका थिए । श्रेष्ठभन्दा अघिका परराष्ट्रमन्त्री एनपी साउदले पनि रुस भ्रमण गर्ने इच्छा व्यक्त गरेका थिए । तर, रुसले नेपालबाट परराष्ट्रमन्त्रीस्तरीय भ्रमणमा रुचि नदेखाएको परराष्ट्रका अधिकारीहरू बताउँछन् ।

उपप्रधानमन्त्री श्रेष्ठसँग टेलिफोन संवादमा पनि रुसी विदेशमन्त्री सेर्गेई लाभरोभ अपेक्षाकृत रूपमा सकारात्मक भएनन् । नेपालले राखेका सरोकारमध्ये मृतकका परिवारलाई क्षतिपूर्ति दिनेबाहेक अन्य विषयमा उनले ठोस जवाफ नदिएको सम्बद्ध अधिकारी बताउँछन् । रुसी विदेशमन्त्रीले रुसी सेनाको विषय रक्षा मन्त्रालयले हेर्ने भन्दै पन्छिन खोजेका थिए । उपप्रधानमन्त्री श्रेष्ठले रक्षा मन्त्रीसँग कुराकानी गरौं भन्दा रुस पक्षले ठोस जवाफ दिएको थिएन ।

‘मैले रुसी सेनामा नेपाली भर्तीको विषयलाई गम्भीरतापूर्वक लिएको छु । परिवारहरूप्रति मेरो सहानुभूति छ,’ मन्त्री श्रेष्ठले भेला भएका परिवारजनसँग भने, ‘रुसी राजदूतलाई मैले स्पष्ट रूपमा भनेको छु कि नेपालीहरूको विषयमा कुराकानी गर्न म मस्को जान चाहन्छु । सरकारसँग गम्भीरतापूर्वक कुरा गर्न चाहन्छु, यसका लागि सरकारसँग समन्वय गर्नुहोस् ।’ परिवारजनलाई समन्वय गरेर मन्त्रालय पुगेकी एकीकृत समाजवादीकी नेतृ कृतु भण्डारीका अनुसार श्रेष्ठले क्षतिपूर्ति, घाइतेहरूको उपचार तथा स्वदेश फिर्ता, मृतकका परिवारजनलाई क्षतिपूर्ति, बेपत्ताहरूको खोजीका लागि रुसी विदेशन्त्रीसँग फोनमा पनि कुराकानी गरेको र राजदूतलाई पनि स्पष्ट पारेको जानकारी दिएका छन् । रुसी सेनामा कार्यरत रहेका नेपालीहरूमध्ये अहिलेसम्म २५ जना भन्दा बढीको मृत्यु भइसकेको र उनीहरूको काजकिरियासमेत गरिसकेको जानकारी परिवारबाट प्राप्त भएको भण्डारीले बताइन् । चारजना सहयोगीसहित परराष्ट्र मन्त्रालय पुगेका राजदूतसँग उपप्रधानमन्त्री श्रेष्ठले २४ फागुनमा रुसी विदेशमन्त्री सेर्गेई लाभरोभसँग भएको टेलिफोन संवाद स्मरण गराएका थिए । परराष्ट्र मन्त्रालयले पनि रुसी राजदूतसँग उपप्रधानमन्त्री श्रेष्ठले रुसी सेनामा कार्यरत नेपालीहरूका विषयमा चासो व्यक्त गरेको जनाएको छ ।

‘भारतीय विदेशमन्त्री डा. एस जयशंकरले पठाउनुभएको बधाई सन्देश उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्रीले पाउनुभएको छ । उहाँले यसका लागि धन्यवाद दिनुभएको छ,’ परराष्ट्र मन्त्रालयको ट्विट्मा उल्लेख छ । चीनबाट आएको बधाई र उपप्रधानमन्त्री श्रेष्ठको धन्यवाद पनि परराष्ट्रले सार्वजनिक गरेको छ । श्रेष्ठलाई २४ फागुनमा सुरुमा भारतीय राजदूत श्रीवास्तव र त्यसपछि चिनियाँ राजदूत सोडले भेटेका थिए । परराष्ट्रले सुरुमा भारतीय विदेशमन्त्री जयशंकर र त्यसपछि चिनियाँ विदेशमन्त्री वाङको शुभकामना सन्देश सार्वजनिक गरेको छ ।

कांग्रेस–माओवादी गठबन्धन तोडिनुमा प्रचण्ड दोषी : महत

काठमाडौं/ कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले कांग्रेस-माओवादी गठबन्धन तोडिनुमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड दोषी भएको आरोप लगाएका छन् । मंगलबार पार्टी कार्यालय सानेपामा पत्रकार सम्मेलन गरी उनले तत्कालीन सत्तागठबन्धन टुट्नुमा कांग्रेस जिम्मेवार नरहेको बताए । निवर्तमान अर्थमन्त्रीसमेत रहेका महतले कांग्रेसका कारण सरकारले उपलब्धिमूलक काम गर्न नसकेको भ्रमपूर्ण अभिव्यक्ति दिएको भन्दै आपत्तिसमेत जनाए । कांग्रेसका कारण गठबन्धन टुट्यो भन्नु दोषारोपण मात्र भएको उनको जिकिर थियो ।



मुलुकको अर्थतन्त्र सुधार्न मार्गचित्रसहित काम गरेको महतको भनाइ थियो । वर्तमान सरकारले त्यसलाई छोडे मुलुकको अर्थतन्त्र फेरि अप्ठ्यारोमा पर्ने उनले दाबी गरे । ‘कांग्रेसका कारण उपलब्धि भएन भनेर दोषारोपण गर्नु योभन्दा गलत झुटो र भ्रम छर्ने कुरा अरू हुनै सक्दैन । म यो कुरा ठोकुवाका साथ भन्छु, हामो उपस्थितिले अहिलेको परिस्थितिमा गुणात्मक परिवर्तन आएको हो,’ उनले भने ।

दीर्घकालीन निर्णय नगर्न बागमती सरकारलाई कांग्रेसको आग्रह

मकवानपुर/ कांग्रेस बागमती प्रदेश संसदीय दलले दूरगामी असर गर्ने कुनै पनि निर्णय नगर्न मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकारलाई सचेत गराएको छ । सरकारबाट बाहिरिएको कांग्रेसको प्रदेश संसदीय दलको बैठकले अल्पमतमा रहेको सरकारलाई दीर्घकालीन असर पर्ने र संवैधानिक नियुक्ति नगर्न सचेत गराउने निर्णय गरेको हो ।

मंगलबार बसेको बैठकका निर्णय सार्वजनिक गर्दै कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले भने, ‘अब कांग्रेस प्रमुख प्रतिपक्षी दलको भूमिकामा पुगेको छ । यस सन्दर्भमा हामीले सरकारलाई रचनात्मक सहयोग गर्ने हो । तर, कामचलाउ अवस्थाको सरकारले दीर्घकालीन असर पार्ने निर्णय नगरोस् भन्ने हाम्रो चाहना छ । सोहीअनुसार सरकारलाई सचेत गराउने निर्णय पनि गरेका छौं ।’

उपनेता चित्रकारले मुख्यमन्त्री जम्कट्टेलले राजीनामा दिएर निकास नदिउन्जेलसम्म कांग्रेस अर्को समीकरण बनाएर सरकार बनाउने क्रियाकलापमा पनि नलाग्ने प्रस्ट पारे । मुख्यमन्त्रीले विश्वासको मत लिने जानकारी पाएको भन्दै उनले विश्वासको मतसम्बन्धी प्रस्ताव संसद्मा पेस गर्ने समयसम्म वा राजीनामा नआउन्जेलसम्म कांग्रेस अर्को सरकार बनाउने खेलमा नलाग्ने बताए । ‘न मुख्यमन्त्रीले राजीनामा दिनुभएको छ, न उहाँले विश्वासको मत लिने विषय सदनमा प्रस्ताव आएको छ ।

हामीले मुख्यमन्त्रीले विश्वासको मत लिने भन्ने सुनेका मात्रै छौं । त्यसकारण तत्काल कांग्रेस अर्को सरकार बनाउने पहल गर्दैन,’ उनले भने । ३७ सांसद रहेको कांग्रेस बागमती प्रदेशमा सबैभन्दा ठूलो दल हो । ११० जना प्रदेश सदस्य रहेको बागमती प्रदेशमा सरकार बनाउन ५६ सांसदको समर्थन आवश्यक पर्छ ।

हाउस अफ द ड्र्यागन २ जुनमा

हाउस अफ द ड्र्यागन सिजन २ को रिलिज डेट सार्वजनिक भएको छ । यो जुनमा एचबिओमा रिलिज हुनेछ । भारतमा यसलाई जियो सिनेमामा प्रदर्शन गरिनेछ । सिजन आठ एपिसोडको हुनेछ ।





डन ३ मा कियारा

फिल्म डन ३ मा कियारा आडवाणी रणवीर सिंहको अपोजिटमा देखिँदै छिन् । डन ३ मा कियारा जबर्जस्त एक्सन भूमिका हुनेछिन् । फरहान अख्तरको प्रडक्सन हाउस एक्सेल इन्टरटेनमेन्टको ब्यानरमा फिल्म निर्माण हुँदै छ । निर्देशन अख्तरले नै गर्दै छन् ।

हाडजोर्नीको दुखाइबाट बच्न
सक्रिय जीवनशैली

हड्डीलाई स्वस्थ राख्न क्याल्सियम, भिटामिन डी तथा पोषणयुक्त खानेकुरा आवश्यक हुन्छ । तसर्थ, पौष्टिक तत्त्व पाइने पदार्थ नियमित खाने गर्नुपर्छ । च्याउ, सुन्तलाको जुस, पनिर, दुधलगायतमा भिटामिन डी पर्याप्त मात्रामा पाइन्छ ।

डाक्टरको सल्लाह



डा. लक्ष्मण सिग्देल
अर्थोपेडिक सर्जन
भेरी अस्पताल

शरीरका हाडजोर्नी दुख्नु एउटा समस्या हो । यसले अन्य समस्यासमेत निम्त्याइरहेको हुन्छ । आजभोलि युवाहरूसमेत हड्डी दुख्ने समस्याबाट पीडित भएको पाइन्छ । आफ्नो जीवनशैलीमा ध्यान दिन सके हाडजोर्नीसम्बन्धी समस्याबाट राहत पाउन सकिन्छ ।



■ **सक्रिय जीवन** : विलासी भएर सधैँ निष्क्रिय जीवनशैली अपनाउँदा हाडजोर्नीमा समस्या पैदा हुन्छ । तसर्थ, दैनिक व्यायाम, पैदल यात्रा गर्नुपर्छ । बिहान उठ्नेबित्तिकै तन्किने गर्नाले समेत शरीर सन्तुलनमा रहन मद्दत पुऱ्याउँछ । बिहान ४०-४५ मिनेट व्यायामका लागि छुट्याउनु राम्रो हुन्छ ।

■ **बिहानीको घाम ताप्नुस्** : भिटामिन डीको कमीका कारण हड्डी कमजोर हुने, बच्चामा रिकेट्स हुने हुन्छ । साथै, गर्भवती महिला र बच्चामा नकारात्मक असर पर्ने भएकाले खानामा अनिवार्य भिटामिन डी समावेश गर्नुपर्छ । यसबाहेक बिहानको घाम ताप्नुपर्छ । किनकि, कलिलो घाम भिटामिन डीको राम्रो स्रोत हो ।

■ सन्तुलित खानपान


हड्डीलाई स्वस्थ राख्न क्याल्सियम, भिटामिन डी तथा पोषणयुक्त खानेकुरा आवश्यक हुन्छ । तसर्थ, पौष्टिक तत्त्व पाइने पदार्थ नियमित खाने गर्नुपर्छ । च्याउ, सुन्तलाको रस, पनिर, दुधलगायतमा भिटामिन डी पर्याप्त मात्रामा हुन्छ । यस्ता खानेकुराले हड्डी स्वस्थ राख्न मद्दत गर्छ । आल्मन्ड, सोयाबिन, ओट्सलगायत खानेकुरामा क्याल्सियम प्रशस्त मात्रामा हुन्छ । ब्रोकाउली, बन्दा, सागलगायत हरियो सागसब्जी प्रशस्त मात्रामा खानुपर्छ । माछा पनि भिटामिन डीको राम्रो स्रोत हो । यसमा पाइने ओमेगा-३ फ्याटी एसिड स्वास्थ्यका लागि निकै लाभदायक छ ।

भिटामिन सीले रोगप्रतिरोधी क्षमता बढाउँछ र कोलाजनको उत्पादनमा सहयोग गर्छ । हड्डीको टिस्युका लागि यो निकै महत्त्वपूर्ण छ । त्यही कारण किवी, भुइँकटहर, चेरीलगायत सिजनअनुसारका फलफूल प्रशस्तै लिनुपर्छ । अन्डा पनि प्रोटिन र भिटामिन डीको राम्रो स्रोत हो । यसले पनि शरीरलाई स्वस्थ राख्न मद्दत गर्छ । आलस, चिया सिड्स, आल्मन्ड, डार्क चकलेटलगायतले पनि हड्डी बलियो बनाउन सहयोग गर्छ । खानामा नुनको मात्रा कम हुनु राम्रो हुन्छ । त्यस्तै, चिल्लो पनि कम गर्नुपर्छ । जंकफुड र मैदाबाट बनेका खानेकुरा नखानु राम्रो हुन्छ ।

■ सावधानी अपनाउने

काम गर्दा, घरमै बस्दा वा अन्य विविध क्रियाकलाप गर्दा कहिलेकाहीँ खुट्टा मर्किने, जोर्नी दुख्ने आदि हुने गर्छ । भन्नेबित्तिकै उपचारका लागि चिकित्सककहाँ पुग्न गाह्रो हुन्छ । यस्तो अवस्थामा आफैँले सामान्य घरेलु उपचार गरेर समस्याबाट बच्न सकिन्छ । बरफपानीले सेक्ने गर्नुपर्छ । जसले चोट लागेको ठाउँमा सुन्निन दिँदैन । उक्त ठाउँमा रक्तप्रवाहलाई सहज बनाउन राम्ररी पट्टी बाँध्नुपर्छ । हाडजोर्नीको समस्याबाट बच्न स्वस्थ बानी अपनाउन जरुरी छ । तसर्थ, ढाडलाई सीधा राखेर सही तरिकाले बस्ने, सुत्दा तकिया होचो बनाउने, धेरै भारी सामान नउठाउने, कपडा र जुत्ता सजिलो खालको मात्र लगाउने आदि जस्ता सावधानी अपनाउन सकेमा हाडजोर्नीसम्बन्धी समस्याबाट बच्न सकिन्छ ।

किशोरीलाई सुहाउने समर पहिरन



कुनै समय फिटिङका कपडा चल्थे । तर, आजकल क्याजुअल वेयरमा प्रायः किशोरीहरूले ओभरसाइज फेसन गर्छन् । उनीहरू ओभरसाइज टाइपको टिसर्ट, ओभरसाइज सर्ट, ओभरसाइज जिन्स मन पराउँछन् । बेली बटम अहिले फेरि फेसनमा आएको छ । स्ट्रेट कट जिन्स पनि अहिले चलिरहेको छ । किशोरीहरूले ओभरसाइज कोट-पाइन्ट पनि रुचाउँछन् । तर, ४० वर्ष कटिसकेका महिलालाई यस्तो फेसन त्यति सुहाउँदैन । गर्मी मौसममा मानिसको शरीरबाट धेरै पसिना बग्छ । त्यसैले अति नै टाइट हुने कपडा लगाउनु राम्रो मानिदैन । कटन, खादी, लिनेन, सिफन, रियनको ओभरसाइज कपडाले आरामदायी महसुस गराउनुका साथै फेसनेबल पनि देखाउँछ ।

फेसन टिप्स



रोजिना श्रेष्ठ
फेसन डिजाइनर
कायरा बुटिक

समरमा नाइट पार्टीमा मर्मेड गाउन, बल गाउन, एलाइन गाउन, रफल्ड गाउनलगायत चलेको छ । सारी र लेहेंगा त सदाबहार नै भइहाल्यो । हल्का हुने भएकाले जर्जेट, नेट, सिल्क, लाइक्रालगायत फ्याब्रिक समरमा धेरै चल्छ ।

कुर्थी पनि निकै चलेको छ । युवतीहरूले कटनको कुर्था जिन्समा लगाउन रुचाउँछन् । अफिसमा काम गर्नेले पनि यस्तै कपडामा कम्फर्टेबल फिल गर्छन् । समरमा विशेषगरी स्काई ब्लु, लाइट पिंक, लाइट अरेन्ज, लेभेन्जरलगायत लाइट कलरका कुर्थीमा धेरैलाई रुचि हुन्छ । किशोरीहरू सल नलगाई जिन्समा कटनका रेडिमेड कुर्थी लगाउन रुचाउँछन् ।

समरमा किशोरीहरूले मन पराउने अर्को परिहन कटनको लङ फ्रक (वान पिस वा टु पिस) हो ।

ल्यापटपमा धुलो जमेमा...



● ल्यापटपमा लगातार काम गर्दा स्क्रिनमा धुलो जम्मा भइरहेको हुन्छ । धुलोले स्क्रिनको कलर र चमक दुवैमा असर पुऱ्याउने भएकाले समय-समयमा यसको सफाइ गर्नुपर्छ । कतिपय मानिस स्क्रिन सफा गर्न डराउँछन्, किनकि यसो गर्दा ल्यापटप बिग्रन सक्ने भय उनीहरूलाई हुन्छ । तर, घरमै केही सामग्रीको सहयोगले स्क्रिनलाई सफा गर्न सकिन्छ ।

● स्क्रिन सफा गर्नुअघि ल्यापटप बन्द गर्नुस् र ब्याट्री निकाल्नुस् । त्यसपछि माइक्रो फाइबर कपडाले सफा गर्न थाल्नुस् । माइक्रोफाइबर कपडा निकै नरम हुन्छ । टिसर्ट वा अन्य कुनै कपडाले पुछ्दा स्क्रिन स्क्र्याच हुन सक्छ । कागज, टावेल वा टिस्यु पेपरले पनि स्क्रिन सफा गर्नुहुँदैन ।

● नयाँ स्पोन्जले पनि स्क्रिन सफा गर्न सकिन्छ । स्पोन्जलाई हल्का भिजाउनुस् र सफा गर्नुस् । स्पोन्ज र माइक्रो फाइबर कपडा नभएको अवस्थामा नरम डस्टर ब्रसले पनि सफा गर्न सकिन्छ ।

● तर, स्क्रिनमा कहिल्यै सीधै लिक्विड छर्कन हुँदैन । अमोनिया बेस्ट लिक्विड प्रयोग गर्दा प्लास्टिकको स्क्रिन चाँडै बिग्रन सक्छ । ल्यापटपलाई महिनामा कम्तीमा दुईपटक सफा गर्नु राम्रो हुन्छ ।

तानसेन महोत्सवमा अनुमतिविना नै कलाकारको प्रचार

पाल्पामा **नारायण न्यौपाने**

तानसेन महोत्सवमा सहभागी हुने भनेर प्रचार गरिएका चर्चित कलाकारलाई नै महोत्सवबारे आयोकजले जानकारी नदिएको पत्ता लागेको छ । २९ फागुनसम्म चलेको महोत्सवमा आफ्नो अनुमति नलिई डिजिटल पोस्टरमा फोटो राखेर प्रचार गरिएको भन्दै कलाकारले असन्तुष्टि जनाएका छन् । १० दिनसम्म चलेको महोसत्वमा प्रचार गरिएका कलाकार नआउँदा दर्शकले खल्लो मानेका छन् ।

चर्चित गायक तथा फिल्म निर्देशक नारायण रायमाझीको फोटो ब्यानरमा ठूलो आकारमा राखिएको छ । सबैभन्दा बढी प्रचार गरिएका रायमाझीलाई महोत्सव चलिरहेको विषयमा सामाजिक सञ्जालबाट थाहा मात्रै छ, तर उनलाई कार्यक्रममा आउनका लागि कसैले फोन, मेसेज गरेको छैन । रायमाझीले भने, 'मलाई केही थाहा छैन ।'

लोकदोहोरी गायक राजु परियारले तानसेन महोत्सवमा मात्रै नभएर धेरै ठाउँका मेला महोत्सवमा आफ्नो फोटो दुरुपयोग भएको बताए । कलाकार शिरीष देवकोटाले कलाकार मात्रै नभई कसैको पनि फोटो अनुमतिविना सार्वजनिक गर्नु गम्भीर गल्ती भएको भन्दै आगामी दिनमा यस्तो नगर्न सचेत गराएका छन् । त्यस्तै, कलाकार पुस्कल शर्माको पनि ब्यानरमा फोटो राखेर प्रचार गरिएको छ । उनले आफ्नो नाम दुरुपयोग गरिएकाले जिल्ला प्रशासन कार्यालय पाल्पामा उजुरी दिने चेतावनी दिएका छन् ।

गायिका समीक्षा अधिकारी, अस्मिता अधिकारी, एलिना चौहान, हास्य कलाकार पुरुषोत्तम भण्डारी 'पुर्खे बा', कलाकार हुम गैरेलगायतले पनि आफ्नो फोटो विनाजानकारी नै राखिएको बताए । मेला व्यवस्थापक राजधानी राइडर्सका तर्फबाट प्रतिनिधि सुमितकुमार घिमिरेले कलाकारको समय र पारिश्रमिक नमिलेका कारण उनीहरूलाई ल्याउन नसकेको बताएका छन् ।

ध्यानको आनन्द

मनलाई शान्त र स्थिर राख्नका लागि ध्यान गरिन्छ । ध्यान गर्दा मानिसले आरामदायी महसुस गर्छन् । यसले उनीहरूमा आत्मजागरण र आध्यात्मिक सोच वृद्धि गर्छ ।



कुनै शान्त स्थान छानेर आरामदायी रूपमा बस्ने र गहिरो सास लिँदै आफ्नो श्वास-प्रश्वासमा ध्यान केन्द्रित गर्नुपर्छ । भर्खरै ध्यान गर्न सुरु गर्नुभएको छ भने पाँचदेखि १० मिनेट मात्रै यसरी एकाग्र भएर बस्दा पनि आराम महसुस गर्नुहुन्छ र फरकपन पाउनुहुन्छ । त्यसपछि बिस्तारै ध्यानको अवधि बढाउँदै लानुपर्छ ।

नियमित ध्यान गर्नुका धेरै फाइदा छन् । तनाव हट्छ, भय कम भएर जान्छ, आत्मजागरण बढ्छ, स्मरण शक्ति तेज हुन्छ, दयाको भाव पलाउँछ र निद्रा पनि राम्रो लाग्छ ।

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
डिल्लीबजार, गुरुङको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।
फोन: ४४२२०३८, ४४२६१४६, ४४१५३४४, फ्याक्स: ९७७-१-४४२१७७९
E-mail: info@shreefinance.com.np, Website:www.shreefinance.com.np

वि.स. २०८० चैत्र १ गतेदेखि लागू हुने ब्याजदर

निक्षेप तर्फ

क) मुद्दती निक्षेप — **बार्षिक ब्याजदर**

अवधि	व्यक्तिगत	संस्थागत
३ देखि ६ महिना	७.८०%	६.८०%*
१ वर्ष देखि २ वर्ष सम्म	८.१०%	७.१०%
२ वर्ष भन्दा माथि	८.४५%	७.४५%

*६ महिना अवधि

ख) बचत निक्षेप	५.७५% - ७.००%
ग) क्रमिक बचत खाता	८.१०%

कर्जा तर्फ

क) कर्जा शिर्षकहरु	ब्याजदर
१. रियल स्टेट कर्जा	आधारदर + ५.९९% सम्म प्रिमियम थप
२. आवास कर्जा	
३. शैक्षिक कर्जा	
४. शेयर धितो कर्जा	
५. व्यवसायिक कर्जा	
६. व्यक्तिगत कर्जा	
७. ओभरड्राफ्ट कर्जा	
८. हायर पर्चेज कर्जा	
९. विपन्न वर्ग कर्जा :	
क) थोक	आधारदर + २% सम्म प्रिमियम थप
ख) व्यक्तिगत	आधारदर + ५.९९% सम्म प्रिमियम थप
१०. सहुलियतपूर्ण कर्जा	नेपाल राष्ट्र बैंकको निर्देशानुसार
११. मुद्दती रसिद धितो कर्जा	ब्याजदर + २% सम्म थप


ख) स्थिर ब्याजदर

विवरण	समयावधि	ब्याजदर
व्यक्तिगत आवधिक कर्जा	५ देखि १५ वर्षसम्म	१६.००%

औसत आधारदर १२.३५ %

(नोट: वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ्ग प्रणालीबाट प्राप्त भएको निक्षेपमा माथि उल्लेखित ब्याजदरमा १% थप गरी प्रदान गरिनेछ ।)

ब्याज निर्धारण गर्दा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार एउटै प्रकृतिको कर्जाको ब्याजदर अन्तर २ प्रतिशत बिन्दुभन्दा फरक नपर्ने गरि व्यवस्था गरिनेछ ।



लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैँया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल विक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चाकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।
७. सो जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिज लगायात बोलपत्रदाता स्वयंमले निरिक्षण गरी चाकिन गरी बोलपत्र पेश गर्नुहुन । अन्यथा भएमा बोलपत्रदाता स्वयंम जिम्मेवार हुनेछ ।

नयाँ कम्युनिस्ट स्कुलको आवश्यकता

दलाल पुँजीवाद र भूमण्डलीकृत पुँजीवादको विकल्पका रूपमा समाजवादलाई सार्थक बनाउने हो भने नयाँ कम्युनिस्ट स्कुल अपरिहार्य छ



● भरत सी

अग्रलेख

एकीकृत जनक्रान्तिको स्कुललाई नयाँ कम्युनिस्ट स्कुल भन्न सकिन्छ । नेपालको पुरानो कम्युनिस्ट स्कुलको उत्कर्ष माओवादी जनयुद्ध र ०७४ को बहुमतको सरकार हो । जब ती दुवै उत्कर्षले कम्युनिस्ट लक्ष्यकेन्द्रित परिणाम दिन सकेनन्, तब निराशा पैदा भयो र नयाँ कम्युनिस्ट स्कुलको जरुरी भयो । जसले कम्युनिस्टप्रिय जनमतको रक्षा गर्दै नयाँ परिणाम दिने सफलता प्राप्त गरोस् । नेकपाले संस्थागत रूपमा 'कम्युनिस्ट पार्टी कोही पनि दुस्मन होइनन्' भनेर गरेको निर्णयलाई नयाँ स्कुलको प्रतीकात्मक सन्देश मान्न सकिन्छ । त्यसैले, पुरानो र नयाँ कम्युनिस्ट स्कुलबारे यहाँ संक्षिप्त चर्चा गरौं ।

पुरानो कम्युनिस्ट स्कुल : पुरानो कम्युनिस्ट स्कुलको अन्तर्राष्ट्रिय र राष्ट्रिय सन्दर्भ हेर्दा अन्तर्राष्ट्रिय रूपमा पुँजीवादको विकल्प कम्युनिस्ट समाजवाद श्रेष्ठ छ भनी पुष्टि गर्नु ठूलो उपलब्धि र सकारात्मक पक्ष हो भने समाजवादको रक्षा गर्न नसक्नु सीमा र अपूर्णता हो । नेपालका सन्दर्भमा कम्युनिस्ट जनमत विस्तार गर्नु मुख्य उपलब्धि र सकारात्मक पक्ष हो भने लक्ष्य प्राप्त गर्न नसक्नु सीमा र अपूर्णता हो । त्यसैले अबको नयाँ कम्युनिस्ट स्कुलले विगतको त्यो सीमा तथा अपूर्णतालाई सम्बोधन गर्न सक्नुपर्छ ।

नयाँ कम्युनिस्ट स्कुल : एकीकृत जनक्रान्तिको नयाँ कम्युनिस्ट स्कुलका निम्न सकारात्मक विशेषता र नकारात्मक चुनौती रहेका छन् :

सकारात्मक विशेषता

१. **एकीकृत विचार र नवीनता** : नयाँ स्कुलको पहिलो सकारात्मक विशेषता भनेको एकीकृत विचार र नवीनता हो । यसको सरल मान्यता इतिहासको शिक्षासहित समाजवादीहरूलाई एकीकृत गर्दै समाजवादको लक्ष्य हासिल गर्नु हो र त्यसका लागि समाजको गति र मानिसको विशेषताअनुरूप नवीनतामा जोड दिनु हो । व्यावहारिक रूपमा अति विकेन्द्रित नेपाली कम्युनिस्ट आन्दोलनलाई एकीकृत गर्नु हो भने सिद्धान्ततः मार्क्सवाद र संशोधनवादको ऐतिहासिक भाष्यलाई पुँजीवादविरुद्ध एकीकृत गर्नु हो । एकीकृत विचार र नवीनतालाई दार्शनिक रूपमा अस्तित्व र गतिको अन्तरसम्बन्धमा हेर्न सकिन्छ ।

२. **रचनात्मकता, सिर्जनशीलता र गतिशीलता** : गति सर्वव्यापी र सार्वभौमिक कुरा हो भने रचनात्मकता र सिर्जनशीलता मानिस मात्रको विशेषता हो । त्यसैले, कम्युनिस्ट समाजवादीले पुँजीवादसँगको प्रतिस्पर्धा तथा संघर्षमा सामान्यतः मानव समाज, विशेषतः श्रमिक जनताको रचनात्मकता र सिर्जनशीलताको केन्द्रीकरणसहित आफ्नो गतिशीलताद्वारा मात्र विजय हासिल गर्न सम्भव छ । पुँजीवाद अन्त्यका लागि आवश्यक 'आलोचना' र 'अनुशासन'ले मानिसको रचनात्मकता र सिर्जनशीलता नै कुण्ठित पारेर औपचारिक बनाओस् । दार्शनिक रूपमा ध्वंस र निमार्णसम्बन्धी यान्त्रिकता र जडता तोड्न आवश्यक छ । साथै ध्वंसात्मक पुँजीवादको विकल्प दिन अपरिहार्य छ । वस्तुतः पुँजीवाद समाजको ध्वंस (समाजको बहुसंख्यक हिस्साको शोषण, असमानता र अशान्ति) मा आधारित छ । त्यसैले, एकीकृत जनक्रान्तिको नयाँ कम्युनिस्ट स्कुलले रचनात्मकता, सिर्जनशीलता र गतिशीलतामा जोड दिन्छ ।

३. **पुरानो ज्ञानको जग र नयाँ ज्ञानको प्रकाश** : सामाजिक क्रान्तिको विज्ञान मालेमावादको शास्त्रीय तथा ऐतिहासिक ज्ञानविना मानिस वैज्ञानिक समाजवाद-साम्यवादप्रति विश्वस्त र आशावादी हुन सक्दैन भने ज्ञान-व्यवहारको चक्रद्वारा निरन्तर नयाँ ज्ञान उत्पादन गर्न सकिएन भने लक्ष्य निर्देशित क्रियाशीलता, गतिशीलता र सफलता हासिल गर्न सम्भव हुँदैन । बलियो जगविनाको नयाँ ज्ञानको अतिले लक्ष्यविहीन विचलनतिर लान्छ भने नयाँ ज्ञानको अभावमा पुरानो ज्ञानको अतिले नयाँ अन्तरविरोध तथा समस्याको हल गरेर लक्ष्य निर्देशित परिणाम दिन असमर्थ बनाउँछ । दार्शनिक रूपमा यो पुरानो र नयाँको अन्तर्सम्बन्धमा हेर्नुपर्छ । त्यसैले, 'एकीकृत जनक्रान्तिको विचार' पुरानो ज्ञानको जग र नयाँ ज्ञानको प्रकाशको एकीकृत अभिव्यक्ति हो, यो एक्काइसौँ शताब्दीको उन्नत मानव चेतना हो । जो नयाँ कम्युनिस्ट स्कुलको विशेषता हो ।

४. **एकीकृत मानवको निर्माण र नयाँ स्कुल** : पुँजीवादले विज्ञान-प्रविधमाथि अधिकार जमाएर



त्यसको प्रयोगद्वारा एलन मस्क वा यस्तै अन्यमार्फत निर्माण गरिने र हुने नयाँ यन्त्र तथा उन्नत मानव आजको भन्दा कैयौँ गुणा शक्तिशाली र बुद्धिमान् हुने प्रक्षेपण र विश्लेषण भइरहेको छ । ती मानिसले निश्चित तथा समाजको अल्पसंख्यक मानवको प्रतिनिधित्व गर्नेछन् र बाँकी मानवको भविष्य अनिश्चित हुनेछ । ठोस रूपमा उनीहरू बाँकी मानिसलाई आफूजस्तै बनाउन तयार र सक्षम हुनेछैनन् । पुँजीवादको विकल्पमा समाजवादको नेतृत्व पनि गर्नेछैनन् । त्यसैले समाजको बहुसंख्यक मानिसका तर्फबाट आजैदेखि सम्भावित चुनौतीको सामना गर्ने गरी एकीकृत मानवको अवधारणा अगाडि बढाउन जरुरी छ ।

> विगतमा एकातिर सत्तालाई नै साध्य भनेर बुझ्ने र बुझाउने गल्ती भयो भने अर्कातिर सत्ता नपाउँदाको कम्युनिस्ट पाइसकेपछि लक्ष्यबाट च्युत हुने समस्या देखियो । त्यसैले नयाँ एकीकृत जनक्रान्तिको स्कुलले साधन र साध्यको वैज्ञानिक सम्बन्धलाई सही ढंगले प्रशिक्षित गर्नु जरुरी छ ।

एकीकृत मानव भनेको विचारमा असल विद्यार्थी हुनु हो, जसको विशेषता निरन्तर सिक्नु, अध्ययन-अनुसन्धान र आविष्कार गर्नु हो । एक सापेक्षिक पूर्ण मानिसको गुरु तथा शिक्षकीय विशेषता भनेको अस्थायी र विशिष्ट हो भने स्थायी र सामान्य विशेषता भनेको त विद्यार्थी हुनु नै हो । राजनीतिमा कुशल नेता हुनु हो, जसको विशेषता प्रश्न गर्नु, उत्तर दिनु र नेतृत्व गर्नु हो । राज्यको अस्तित्व रहेसम्म राजनीतिमा सबैले श्रेष्ठता हासिल नगरी राज्यद्वारा सिर्जित समस्याको समाधान हुनेछैन । व्यवहारमा अथक श्रमिक र सक्षम सिपाही हुनु हो । जसको विशेषता मुख्यतः भौतिक र मानसिक श्रममा निरन्तर भाग लिनु हो भने सैन्य चेत र गुणसहितको विजयी सेना बन्नु हो । यति विशेषतासहितको एकीकृत मानव बन्न र बनाउन अहिलेदेखि नै सचेत योजनाबद्धता आवश्यक छ । नयाँ एकीकृत जनक्रान्तिको स्कुलले यस्ता नयाँ एकीकृत मानव निर्माण गर्ने विशेषता बोकेको छ, जो भविष्यको नयाँ मानव समाजको हिस्सा हुन् ।

५. **साधन र साध्यको वैज्ञानिक सम्बन्ध** : कम्युनिस्टका लागि राजनीतिक सत्ता साधन हो भने साध्य भनेको त्यो सत्ताको अन्त्य हो । तर, एकातिर विगतमा सत्तालाई नै साध्य भनेर बुझ्ने र बुझाउने गल्ती भयो भने अर्कातिर सत्ता नपाउँदाको कम्युनिस्ट पाइसकेपछि लक्ष्यबाट च्युत हुने समस्या देखियो । त्यसैले नयाँ एकीकृत जनक्रान्तिको स्कुलको विशेषता साधन र साध्यको वैज्ञानिक सम्बन्धलाई सही ढंगले प्रशिक्षित गर्नु रहेको छ । जसले विगतका ती गल्ती र समस्यालाई समाधान गर्नेछ ।

नकारात्मक चुनौती :

१. **पुरानो बुझाइको जडता** : आजको विज्ञान-प्रविधि र समाजको गतिसँगै मानिसको चेतना र व्यवहारमा गतिशीलता हुन आवश्यक हुन्छ । जुन गतिलाई पछ्याउन मानिसले सचेत पहल गर्नुपर्छ । यो सन्दर्भमा पुँजीवाद गतिशील भएर नै अस्तित्ववान् भएको तथ्यलाई मध्यनजर गर्दै कम्युनिस्ट पुरानो स्कुलको बुझाइको जडता तोड्न आवश्यक छ । जो नयाँ स्कुलका लागि गम्भीर नकारात्मक चुनौती हो ।

२. **एकीकृत बुझाइ, सक्रियता र शक्तिको अभाव** : कुनै पनि वस्तु, घटना र समस्याबारे समान वा एकरूपताको बुझाइसहितको सक्रियताले नै एकीकृत शक्ति पैदा हुन्छ र परिणाम दिन्छ । यसको एक असल उदाहरण माओवादी जनयुद्ध हो । तर, जनयुद्धले धक्का खाएपछि र बहुमतको कम्युनिस्ट सरकार असफल भएपछि अहिले मानिस आ-आफ्नो आनुभाविक ज्ञान तथा सत्य लिएर एकीकृत शक्तिको अभावमा वस्तुतः विसर्जनको बाटोमा हिँडिरहेका छन् । त्यसैले, उनीहरूले एकीकृत सत्यको बाटो हुँदै अवधारणागत ज्ञान (समस्याको पहिचान र समाधान) सहित अघि बढ्न अति आवश्यक छ । खासगरी विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका नयाँ संश्लेषणले अवधारणागत ज्ञान तथा एकीकृत सत्यको खोजमा सकारात्मक योगदान गरेका छन् । यसबारेको एकरूपताको बुझाइ सक्रियता र शक्तिको अभाव नयाँ स्कुलको नकारात्मक चुनौती हो ।

३. **नयाँ पुस्ता र कम्युनिस्ट** : राजनीति र कम्युनिस्ट विचारप्रति नयाँ पुस्ताको विकर्षण नयाँ कम्युनिस्ट स्कुलको अर्को नकारात्मक चुनौती हो । व्यावहारिक जीवनका आवश्यकता, पुरानो कम्युनिस्ट स्कुलको सीमा र भूमण्डलीकृत पुँजीवादको मन्दविषबारेको अनभिज्ञताले कसरी नयाँ पुस्तालाई राजनीति र कम्युनिस्टबाट अलग्याउँदै लगेको छ भन्ने कुराको खोज गरेर नयाँ विकल्प दिन सकिएन भने भोलि पश्चत्ताप गरेर केही हुनेछैन । त्यसैले, नयाँ पुस्ताको अलगाव नयाँ स्कुलको नकारात्मक चुनौती हो ।

आजको विश्वमा पुँजीवाद संकटग्रस्त र असफलताउन्मुख छ भने समाजवाद पनि रक्षात्मक अवस्थामा पुगेको छ । आज पनि नेपाल बलियो कम्युनिस्ट जनमत भएको देश हो । यदि इतिहासको शिक्षासहित नयाँ कम्युनिस्ट स्कुल खडा गर्न सकिएन भने नेपालमा पनि त्यही हुनेछ, जो गएको शताब्दीमा अन्य कम्युनिस्ट देशमा भयो । त्यसैले, दलाल पुँजीवाद र भूमण्डलीकृत पुँजीवादको विकल्पका रूपमा समाजवादलाई सार्थक बनाउने हो भने नयाँ कम्युनिस्ट स्कुल अपरिहार्य छ भन्ने मान्यतामा एकीकृत जनक्रान्तिको स्कुल खडा भएको हो । जो नेकपाको मात्र नभएर सबै कम्युनिस्टहरूको साझा उपलब्धि हो । जसलाई एकीकृत सिद्धान्त, विचार, कार्यदिशा, क्रान्ति, कार्यक्रम र स्कुलका रूपमा बुझ्न र बुझाउन सकिन्छ । जसको व्यावहारिक अभिव्यक्ति समाजवादी मोर्चा हो भन्न सकिन्छ ।

(सी नेकपाका स्थायी समिति सदस्य हुन्)

३ प्रश्न

राजनीतिक विश्लेषक **श्याम श्रेष्ठ**लाई



नयाँ सत्ता गठबन्धनबाट कति आशावादी हुन सकिएला ?

यसअघि पनि यही गठबन्धनले सरकार नबनाएको होइन । त्यतिखेर यसले खासै गतिलो काम केही देखाउन सकेन । त्यसैले, यसको काम नहेरी आशावादी भइहाल्ने अवस्था छैन । विगतमा यो गठबन्धनले औसत काम गरेर देखाएको त हो । तर, यिनीहरू आफूलाई वामपन्थी भन्ने शक्ति भएकाले औसत काम गरेर पुग्दैन । यिनले त रूपान्तरणकारी काम गर्न सक्नुपर्छ । यिनले विगतमा कृषिक्रान्ति, भूमिसुधार, रोजगारी सिर्जना जस्ता काम केही गरेनन् । त्यसैले, यिनले विगतबाट चेतेर काम गर्लान् कि भन्ने शंकाको लाभसम्म दिन सकिन्छ, आशावादी नै भइहाल्न भने सकिन्न ।

यो गठबन्धन आगामी निर्वाचनसम्मै सँगै जान सक्ने सम्भावना कति देख्नुहुन्छ ?

यो गठबन्धन आगामी निर्वाचनसम्म सँगै जान्छ कि जाँदैन भन्नेमा प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष केपी ओलीको 'केमेस्ट्री'मा भर पर्छ । विगतमा पार्टी नै एक हुँदा पनि यी दुईको केमेस्ट्री मिलेन । फुट्ने नपर्ने विषयमा पनि पार्टी फुट्यो । तर, अहिले ओलीले आफ्नो इगो केही हदसम्म कम गरेका हुन् कि जस्तो देखिन्छ । यसले निरन्तरता पायो भने गठबन्धन निर्वाचनसम्मै जान पनि सक्ला । तर, यी दुई नेता लड्न थालेको दिन यो भत्किन बेर लाग्दैन ।

वर्तमान सत्ता गठबन्धनले वाम शक्तिलाई नजिक ल्याउन सघाउला त ?

प्रचण्ड र माधव नेपालको ओलीसित इगोको टक्कर छ । दुवै नेताले ओलीलाई भर गर्न नसकिने मान्छे ठान्छन् । तर, अहिले कम्तीमा पनि यी नेताहरूबीच आतेजाते सुरु भएको छ । संवादको थालनी हुनु राम्रो हो । वाम एकताको भविष्य यिनीहरूकै हातमा छ ।

प्रेरक प्रसंग

विलक्षण बुद्धि

उहिल्यै भारतमा अंग्रेज शासन चलिरहेको थियो । सो समयमा बंगालमा कलकत्ता बोर्डको परीक्षा चलिरहेको थियो । परीक्षाको क्रममा परीक्षार्थीहरू पालैपालो परीक्षा भवनतर्फ गइरहेका थिए । परीक्षा भवनबाट बाहिरिँदा कोही हाँस्दै फर्किरहेका थिए भने कोही अँध्यारो मुख लगाउँदै फर्किरहेका थिए ।



त्यसै क्रममा एक हँसिलो विद्यार्थीलाई परीक्षा भवनभित्र बोलाइयो । परीक्षकले घमन्डपूर्वक अंग्रेजीमा सोधे, 'तिम्रो नाम के हो ?' ती हँसिला युवकले शालीनतापूर्वक आफ्नो नाम बताए । परीक्षकले फेरि प्रश्न गरे, 'के तिमी मेरो प्रश्नको जवाफ दिनका लागि तयार छौ ?' जवाफ मिल्यो, 'छु सर ।' परीक्षकले केही सोच्दै सोधे, 'सुन, स्कुलको मास्टर र स्टेसन मास्टरमा के फरक छ ?'

क्षणभरका लागि ती विद्यार्थी सोचमग्न भए । त्यसपछि उनले मिठो अंग्रेजीमा जवाफ दिए, 'शिक्षकले मानसिक तालिम दिन्छ, तर स्टेसन मास्टरले गाडीको ध्यान राख्छ ।' यो जवाफ सुनेर परीक्षक धेरै खुसी भए र उनले अंक तालिकाको कैफियतमा लेखे, 'यो बालक विलक्षण बुद्धिको धनी छ ।' ती बालक थिए, सुभाषचन्द्र बोस, जसले बाल्यकालमा नै आफ्नो बुद्धिको विलक्षणता अंग्रेजलाई देखाइसकेका थिए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सडकको क्षमता कति हो ?

देशभर सडक सञ्जाल विस्तार भइरहेको भए पनि कहाँको कुन स्तरको सडकले कतिसम्म भार थाम्न सक्छ ? यसको लेखाजोखा भएको देखिन्न । ठूलासाना जुनसुकै स्तरका सडकको सवारी भारवहन क्षमता कति हो ? सडक विभाग र ट्राफिक प्रहरीले सडकको भारवहन क्षमताअनुसार मात्र सवारी सञ्चालन हुन दिने हो भने मात्र सडक अलि टिकाउ हुने थिए । तर, हामीकहाँ जहाँसुकैको जुनसुकै सडकमा जतिसुकै भार बोकेको सवारी पनि निर्बाध गुड्न पाइरहेको हुनाले कतिपय स्थानका सडक पिच गरेको केही दिन या केही सातामै काम नलाग्ने हुने गरेका छन् । त्यसैले सम्भव भएसम्मका स्थानमा यससँग सम्बन्धित संकेतपाटी राखी अनुगमन र निगरानी गर्ने हो भने सडकको आयु लम्ब्याउन सकिन्थ्यो कि ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

प्रतिवेदन कार्यान्वयन गर

सरकार र मिटरब्याजपीडितबीच चारबुँदे सहमति भएको समाचार पढियो । यसअघि पनि सरकारले मिटरब्याजपीडितका समस्या समाधानका लागि आयोग बनाएकै हो । आयोगले लामो समय लगाएर काम पनि गरेकै हो । प्रतिवेदन पनि दिएकै हो । तर, त्यो अझै सार्वजनिक भएको छैन । मिटरब्याजपीडितका समस्या ज्युँकात्युँ देखिँदै छन् । अहिले पुनः नयाँ गृहमन्त्री आएपछि अर्को आयोग बन्ने सहमति भएको समाचार आएको छ । नयाँ आयोग बनाउनुभन्दा पुरानैले दिएको प्रतिवेदन कार्यान्वयन गरेर देखाऊ ।

● **पवित्रा कठायत**
कालधारा, काठमाडौं

सडकपेटी प्रयोग गरौं

प्रायः बिहानको समयमा पैदल यात्रा गर्ने यात्रुले फराकिलो पेटी भएको सडकमा समेत बीच सडकबाटै हिँडिरहेको देखिन्छ । यसरी पेटी छाडेर सडकबाट हिँड्नु जोखिमपूर्ण हो भन्ने जान्दाजान्दै पनि मानिसले किन यसरी जोखिम मोलिरहेका छन् ? के तिनलाई सडकपेटीबाट हिँड्नुपर्छ भन्ने ज्ञान नभएकै हो र ? हो भने सडकमा ड्युटीमा खटिने प्रहरी कर्मचारीले तिनलाई सचेत गराएर पेटीबाट हिँड्न लगाउनुपर्‍यो । होइन भने कुनै दिन अकल्पनीय दुर्घटनाको समाचार पढ्नुपर्ने दिन नआउला भन्न सकिन्न ।

● **सच्चित केसी**
ज्ञानेश्वर, काठमाडौं

नयाँ गृहमन्त्रीसँगका अपेक्षा

एकातिर माओवादी नेतृत्वको सरकार अनि अर्कातिर माओवादी नेताका छोरा नै सुन तस्करीमा संलग्न भएका प्रमाण र तथ्य । एकातिर नयाँ गृहमन्त्रीको जो भए पनि छोड्दिनँ भन्ने प्रतिबद्धता अनि अर्कातिर आफ्नै प्रधानमन्त्रीको पार्टीका नेता र छोराहरू । यो परीक्षाको घडीमा नयाँ गृहमन्त्री आफनो वचनबद्धतामा खरो उत्रन्छन् कि विचलित हुन्छन् ? आमजनताले चासोपूर्वक हेरिरहेका छन् ।

विभिन्न समयमा भएका फरक सुन तस्करीमा पूर्वउपराष्ट्रपतिका दुई छोरा मात्र नभई पूर्वसभामुख कृष्णबहादुर महरा र उनका छोराको समेत नाम जोडिएको छ । उनीहरू दोषी हुन् या होइनन्, त्यसको छिनोफानो अदालतले गर्ने नै छ । तर, अहिलेलाई कम्तीमा पनि उनीहरूलाई पक्राउ गरी अदालतसम्म पुऱ्याउनु नयाँ गृहमन्त्रीको दायित्व हो । वर्तमान गृहमन्त्री रवि स्वयंले विगतमा तत्कालीन गृहमन्त्रीलाई प्रमाण उपलब्ध पनि गराएका थिए । उनी हिजो प्रश्न गर्ने ठाउँमा थिए, आज काम गरेर देखाउने ठाउँमा पुगेका छन् । हेरौं यिनले के गर्छन्, त्यसैमा यिनको 'मिसन २०८४' निहित रहन्छ ।

हुन त गृहमन्त्री रवि स्वयं पासपोर्ट काण्डमा सर्वोच्च अदालतमा र सहकारी काण्डमा कास्की जिल्ला अदालतमा मुद्दा दायर भई अनुसन्धानमा तानिएका पात्र हुन् । जसले गर्दा पनि सरकार र रविप्रति ठूलो नैतिक प्रश्न उठिरहेको छ । कमसेकम मुद्दा किनारा नलागेसम्म रवि मन्त्री बन्न नहुने र बनिहाले पनि गृह र कानुनबाहेक अन्य मन्त्रालय लिनुपर्ने थियो ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

जलवायु परिवर्तन र समाज विज्ञान

कुनै समुदाय न्यून उत्सर्जन एवं उपभोगमा कसरी बाँच्न सक्छन् भन्ने बुझ्नुहुन्न भने नयाँ प्रविधि साथमा हुनुको अर्थ छैन

देश / विदेश

● फयोला हेलेन ज्याकोब्स
● क्यान्डिस क्यालिसन
● एलिजाबेथ म्यारिनो

सन् २०२३ को अन्त्यताका अमेरिकी सरकारले पाँचौं राष्ट्रिय जलवायु मूल्यांकन (एनसिए) जारी गऱ्यो । अमेरिकाको जलवायु परिवर्तनको अर्ध नियमित संक्षेप पाँचौं एनसिएमा सामाजिक व्यवस्था एवं न्याय नामक अध्याय पहिलोपटक राखिएको छ । जलवायु परिवर्तनमा दशकौंको समाज वैज्ञानिक अनुसन्धानमा आधारित पाँचौं एनसिएले अमेरिकी लोकप्रिय एवं प्राज्ञिक छलफलमा ठाउँ बनाएका दुई सत्यबारे बहस गरेको छ ।

पहिलो हो, जलवायु परिवर्तनले अश्वेत, आदिवासी, गैरश्वेत र न्यून आय भएका समुदायको स्वास्थ्य, सामाजिक र आर्थिक परिणामलाई थप खराब बनाउने सम्भावना राख्छ । दोस्रो हो, सरकारी, सांस्कृतिक, आध्यात्मिक एवं आर्थिक संरचना समेट्ने सामाजिक व्यवस्था र संस्था मात्रै अनुकूलन र न्यूनीकरण उपायको माध्यम हो । कोभिड-१९ महामारीका बेला जनसंख्यालाई नश्ल, आम्दानी र अन्य असमानतामा छुट्याएर मृत्युदरलाई हेर्ने हो भने हामी सबैले एउटै तुफान झेले पनि हामी सबै फरक-फरक डुंगामा थियौं भन्ने देखिन्छ ।

आजको समयमा ठूलो चक्रवात्का कारण स्थायी रूपमा विस्थापित हुने-नहुने अवस्था नश्ल एवं आम्दानीले तय गर्छ । र, बाध्यकारी विस्थापनले व्यक्ति र समुदायलाई पुस्तौंसम्म नकारात्मक असर पार्छ । मौजुदा सामाजिक व्यवस्थाले कसरी जलवायु परिवर्तनलाई प्रभावित गरिरहेको छ वा जलवायु परिवर्तनले सामाजिक व्यवस्थालाई कसरी प्रभावित गर्छ भन्ने बुझ्नेमा तातिरहेको विश्वको प्रभाव कम गर्न र नयाँ बनिरहेको विश्वलाई न्यायपूर्ण विश्व बनाउन सकिन्छ । अहिले हामी यही नयाँ विश्वको सामना गरिरहेका छौं ।

दशकौंको वैज्ञानिक अनुसन्धानले बढ्दो रूपमा विनाशकारी एवं तीव्र जलवायु परिवर्तन हाम्रो सम्मुख छ भन्ने देखाएको छ । अबका समयमा ठूला चक्रवात्, खडेरी र बाढी निम्तिन सक्छन् । हामीले, विशेषतः उत्तरी गोलार्द्ध एवं ठूला अर्थतन्त्रका मुलुकले स्रोतको उपभोग अत्यधिक गरेका छन् । तर, विश्व यो अत्यधिक स्रोत उपभोगले निम्त्याउने जोखिमको प्रतिक्रिया दिइरहेको छ । उदाहरणका लागि अमेरिकाले सन् २००५ देखि २०१९ को वार्षिक हरितगृह ग्यास उत्सर्जन १३ प्रतिशतले घटाएको छ । तर, यी प्रतिक्रिया पर्याप्त भने छैनन् । यो अपर्याप्तता समाज वैज्ञानिकको चासोको विषय हो ।



तस्बिर : रायन रेमियोर्ज/द क्यानेडियन प्रेस

विश्वमा आएका परिवर्तनलाई पुरानै अवस्था वा सुधारको अवस्थामा पुऱ्याउन अप्ठ्यारो भइरहेका बेला नैतिकता, संस्कृति, अर्थतन्त्र र प्रतीकको भूमिका के हुन्छ ? हामी अर्थात् व्यक्ति, समाज, संस्कृति र राष्ट्र आफैं र हाम्रो घर परिवारलाई जोगाउन आवश्यक पर्ने उत्सर्जनदर कायम किन गर्न सकिरहेका छैनौं ? आंशिक रूपमा यी प्रश्नको उत्तर वैज्ञानिक एवं इन्जियरले निर्माण गरेको नयाँ सूचना एवं प्रविधिले दिन सक्छन् । यसका साथै हामीले मानवीय व्यवहारबारे बुझाइ निर्माण गर्न आवश्यक छ । यदि तपाईं सामाजिक, आर्थिक र राजनीतिक निर्णय कसरी हुन्छन् र कसरी कुनै निश्चित समुदाय न्यून उत्सर्जन एवं उपभोगमा बाँच्न सक्छन् भन्ने बुझ्नुहुन्न भने नयाँ प्रविधि साथमा हुनुको अर्थ छैन । असमानतापूर्ण व्यवस्थाले असमान रूपमा विभाजित जोखिम एवं यसका प्रतिक्रियाको जन्म दिन्छ भन्नेमा हामी अवगत छौं । उदाहरणका लागि चक्रवात्ले निम्त्याउने मृत्युदर त्यहाँ कम हुन्छ, जहाँको आर्थिक-सामाजिक अवस्थाका आँधीले पहिरो निम्त्याउने गर्छ । यी आयामलाई बुझ्दा मात्रै जलवायु परिवर्तनको यस्तो प्रतिक्रिया निर्माण गर्न सक्छ, जसले कुनै नश्लभेदी, लिंगभेदी र वर्गभेदी जोखिम बोक्नेछैन ।

प्रकोप र जलवायु दुर्घटनाले मौजुदा असमानतालाई चर्काउँछ भनेर बुझ्नु भनेको हामीसँग सुधार गर्ने अवसर पनि छन् भन्नु हो । जलवायु-सम्बन्धित प्रकोपले सम्भावनाको विस्तृत शृंखलाका साथै विभिन्न परिणाम निम्त्याउन सक्छ । यद्यपि प्रभावकारी सहयोग र समाधानउन्मुख दृष्टिकोण प्रदर्शन गर्ने प्रेरणादायक उदाहरण पनि छन्, जसले यी चुनौतीलाई सम्बोधन गर्ने आशा जगाउँछ । उदाहरणका लागि अमेरिकाको तुलसा, ओक्ला सहरमा सन् १९६० देखि १९८० को दशकमा सबैभन्दा धेरै बाढी आएको थियो, तर प्रभावित नागरिकको गठबन्धनले स्थानीय सरकारसँग मिलेर बाढी मैदान व्यवस्थापन योजना सिर्जना गऱ्यो, जसले अन्य सहरका लागि उदाहरणका रूपमा काम गर्छ । त्यसैगरी, प्रताडना, चोरी र हिंसात्मक शोषणको इतिहासको बाबजुद अमेरिकी आदिवासी समुदायले जलवायु परिवर्तनलाई अनुकूलन गर्न सबैभन्दा सक्रिय योजना बनाएका छन् ।

छिटो जानका लागि एक्लै जानुहोस्, तर तपाईं टाढा जान चाहनुहुन्छ भने सँगै जानुहोस् भनाइलाई आत्मसात् गर्नुपर्छ ।

निःसन्देह जलवायु परिवर्तन हाम्रो समयको सबैभन्दा अत्यावश्यक मुद्दा हो, यद्यपि छिटो र लापरबाहीपूर्वक अघि बढ्दा विद्यमान सामाजिक, आर्थिक, राजनीतिक र वातावरणीय असमानता बढ्ने मात्रै हुन्छ । बरु हामीले विश्वमा अन्य उपाय तर्जुमा गर्नुपर्छ । यस बिन्दुमा पुऱ्याउने पृथ्वी र उपभोगसँग हाम्रो सम्बन्धलाई सुधार गर्न र पुनः निर्माण गर्न सक्छौं । हामी विश्वव्यापी आदिवासी जनजाति र सहस्राब्दीयौंदेखि पृथ्वीको हेरचाह गर्ने अन्यलाई ध्यान दिन र सुन्न सक्छौं । हामी हाम्रा समाधानसँग थप रचनात्मक हुनुपर्छ । विशेषाधिकार प्राप्त थोरै मात्र नभई सबैजनाले आफू जन्मेको भन्दा राम्रो संसारमा बाँच्न सकिन्छ भन्ने सुनिश्चित गर्न प्रतिबद्ध हुनुपर्छ । प्राविधिक दृष्टिकोणले मात्र यो लक्ष्य हासिल हुँदैन । असल विश्व निर्माण गर्न हामीलाई सामाजिक विज्ञान चाहिन्छ ।

(ज्याकोब्स मिनोसोटा विश्वविद्यालयकी सहरी योजनाका उप-प्राध्यापक हुन्, क्यालिसन ब्रिटिस कोलम्बिया विश्वविद्यालयकी सह-प्राध्यापक हुन्, मारिनो ओरेगन स्टेट विश्वविद्यालयकी मानवशास्त्रकी सह-प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

चुनावको मुखमा भारतले लागू गऱ्यो विवादित नागरिकता संशोधन विधेयक

नयाँदिल्ली / भारतको केन्द्र सरकारले 'सिटिजन (एमेन्टमेन्ट) एक्ट (सिएए)' लागू गरेको छ। चार वर्षअघि नै ल्याइएको यो कानुन 'मुस्लिमविरोधी' भएको भन्दै विवादमा आएको थियो। यो कानुन सन् २०१९ मा पारित हुँदा विरोध प्रदर्शन भएपछि यसको कार्यान्वयनको समय पछि सारिएको थियो। तथापि सरकारले कोभिड-१९ का कारण कानुन लागू गर्न नसकिएको स्पष्टीकरण दिएको थियो।

अहिले चुनावको मुखमा यो कानुन लागू गरिएपछि पुनः कतिपय ठाउँमा विरोध भएको छ। सिएएले भारतका छिमेकी मुस्लिमबहुल देशहरू पाकिस्तान, बंगलादेश र अफगानिस्तानबाट आएका मुस्लिमबाहेक अरू धर्मका आप्रवासीको भारतीय नागरिकता हासिल गर्ने प्रक्रियालाई छिटो बनाएको छ। सन् २०१४ डिसेम्बर ३१ तारिखअघि उल्लिखित देशबाट भारत आएर बसेका हिन्दू, शिख, बौद्ध, जैन, फारसी र इसाई आप्रवासीलाई यो विधेयकले समेट्नेछ। भारतको गृह मन्त्रालयले मापदण्ड पूरा गरेका व्यक्तिहरूले अनलाइनमार्फत नागरिकताका लागि आवेदन दिन सक्ने र यसका लागि अलग पोर्टल बनाइसकेको जानकारी दिएको छ। त्यस्तै मन्त्रालयले यस कानुनबारे मानिसहरूमा गलत धारणा बनेको पनि उल्लेख गरेको छ।

यो कानुन लागू भएसँगै असममा विरोध सुरु भएको छ। अल असम स्टुडेन्ट्स युनियनले असम बन्दको घोषणा गरेको छ। त्यस्तै केरलका मुख्यमन्त्री पिनाराई विजयनले उनको राज्यमा यो कानुन लागू हुन नसक्ने टिप्पणी गरेका छन्। पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले पनि यसरी निर्वाचन घोषणा हुनु केही दिनअघि यो कानुन लागू गर्नु राजनीतिक कारण भएको बताएकी छन्।

इतिहासमा आज



सन् २०१३ : पोप फ्रान्सिसले उनको कार्यकाल सुरु गरे।

सन् १८८१ : रुसका राजा (जार) एलेक्जेन्डर द्वितीयमाथि बम प्रहार हुँदा उनको ज्यान गयो।

सन् १९२१ : मंगोलियाले चीनबाट स्वतन्त्रता घोषणा गऱ्यो।

सन् १९९७ : भारतको 'मिसिनरी अफ च्यारिटी'ले सिस्टर निर्मलालाई मदर टेरेसाको उत्ताराधिकारी चुन्यो।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७०६७५

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण

१. यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६९, ८४८ र ४३२१ को क्षेत्रफल क्रमशः ०-०-६.२५-०, ०-०-१५-० र ०-०-८-० (विगाहा) को घरजग्गा।

२. यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. २ क (हाल देवदह न.पा. वडा नं. २) स्थित कित्ता नं. ८३५, ८३६ र ८३७ को क्षेत्रफल क्रमशः ०-२-१४-०, ०-३-१६.७५-० र ०-२-१२-०(विगाहा) को जग्गा।

३. यस बैंकको नाममा मालपोत कार्यालय बेलबारी मोरङको लगतमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, हरैंचा गा.वि.स. वडा नं. १/ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३४५ को क्षेत्रफल ०-१-५-० (विगाहा) को जग्गा।

४. यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लागतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. बडा नं. ५ स्थित कित्ता नं. ५६४२, ५६३८ र ५६४० को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-१४-३-१ र ०-३-०-३ (रोपनी) को जग्गा।

५. यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, नरही गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-४-०-० (विगाहा) को जग्गा।

६. यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय पर्सा, विरगञ्जको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, लंगडी गा.वि.स.वडा नं.६ (हाल धोवीनी गा.पा.वडा नं.४) स्थित कित्ता नं.८४ को क्षेत्रफल ४३७.५० वर्ग मिटरको घर/जग्गा।

७. यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, जुडिबेला गा.वि.स वडा नं. ७ (हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. ७० क्षेत्रफल ०-२-१० (विगाहा) को जग्गा।

८. यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. २) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०-३-० (विगाहा) को जग्गा।

९. यस बैंकको नाममा मालपोत कार्यालय, बुटवल रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ३ ख (हाल देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३८, ६३९, ६४० र ६४२ को क्षेत्रफल क्रमशः ०-११-०-०, ०-२-०-०, ०-२-०-० र ०-२-१९-० (विगाहा) को जग्गा।

१०. यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, अमरौड गा.वि.स. वडा नं. २ (हाल रामग्राम न.पा. वडा नं.१४) स्थित कित्ता नं. १६६ को क्षेत्रफल १-५-१५-० (विगाहा) को जग्गा।


११. यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल बृन्दावन न.पा वडा नं ६) स्थित कित्ता नं. २१७७ को क्षेत्रफल ०-१०-१३ (विगाहा) को जग्गा।

१२. यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, सितापुर गा.वि.स. वडा नं. ३ (हाल खजुरा गा.पा. वडा नं. २) स्थित कित्ता नं. १०२ को क्षेत्रफल ५,०७९.४५ ब.मी को जग्गा।

१३. यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं. ६ (हाल भद्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५३५४, ५३९५, ५९५३ र ५९५५ को क्षेत्रफल क्रमशः ०-०-१२-०, ०-०-३-०, ०-०-८-० र ०-०-१५-० (विगाह) को घरजग्गा।

१४. यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ (हाल विर्तामोड न.पा वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमशः ३०४.७४ र ३०८.९७ व.मि) को घरजग्गा।

१५. यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स वडा नं. १ (हाल विर्तामोड न.पा वडा नं. १) स्थित कित्ता नं. २४९१ र २४९२ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-५ (विगाहा) को घरजग्गा।



तपसिल नं. १ मा उल्लेखित सम्पति	तपसिल नं. २ मा उल्लेखित सम्पति	तपसिल नं. ३ मा उल्लेखित सम्पति	तपसिल नं. ४ मा उल्लेखित सम्पति
तपसिल नं. ५ मा उल्लेखित सम्पति	तपसिल नं. ६ मा उल्लेखित सम्पति	तपसिल नं. ७ मा उल्लेखित सम्पति	तपसिल नं. ८ मा उल्लेखित सम्पति
तपसिल नं. ९ मा उल्लेखित सम्पति	तपसिल नं. १० मा उल्लेखित सम्पति	तपसिल नं. ११ मा उल्लेखित सम्पति	तपसिल नं. १२ मा उल्लेखित सम्पति
तपसिल नं. १३ मा उल्लेखित सम्पति	तपसिल नं. १४ मा उल्लेखित सम्पति	तपसिल नं. १५ मा उल्लेखित सम्पति	

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।

२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ।

३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।

४. माथि उल्लेखित लोकेशन म्याप केवल विक्री गरिने घरजग्गाको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने घर जग्गाको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चाकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ।

५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईनेछ।

६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन्।

INTEREST RATES

Following rates on lending and deposit products shall be applicable from
14th March 2024 (1 Chaitra 2080)

LCY DEPOSITS		Interest Rates (% p.a.)	LCY DEPOSITS		Interest Rates (% p.a.)
A.	Savings Deposit:			Corporate General Savings	3.750
	Nabil General Savings Account	3.750		Nabil Gen Alpha Account	3.750
	Nabil Premium Nari Bachat Khata	3.750		Nabil Gaurav Bachat Khata	3.750
	Nabil Corporate Staff Savings Account	3.750		Nabil Shareholders Savings Account	4.250
	Nabil Bachat Yojana	3.750		Nabil Premium Payroll Savings Account	4.250
	Nabil Jestha Bachat Khata	3.750		Corporate Premium Savings	4.750
	Nabil Bal Bachat Khata	3.750		Nabil Gold Savings Account	5.750
	Nabil Karmashil Bachat Khata	3.750		Corporate Super Savings	5.750
	Nabil Social Security Savings Account	3.750		Nabil Gold Payroll Savings	5.750
	Nabil Gen N Account	3.750		Nabil Dhukka Bachat Khata	5.750
	Nabil Sahuliyat Khata	3.750		Nabil Premium Remittance Savings Account	6.750

		Normal	Remittance
B.	Fixed Deposit:		
	Individual		
	3 months to 1 Year	6.250	7.250
	Above 1 year	7.250	8.250
	- Cumulative Fixed Deposit (1 Year)	6.250	
	Institutional		
	6 months to 2 years	5.250	
	Above 2 to 5 years	5.750	
	Above 5 years	6.250	
	Nabil Akshaya Kosh Muddati	Negotiable	
C.	Call Deposit	upto 1.875	

FCY DEPOSIT

Currency	Saving Interest Rate (% p.a.)			Fixed Deposit (3 months and above for Individual and 6 months and above for Institutions) Interest Rate (% p.a.)	Call Interest Rate (% p.a.)
USD	USD Saving	Nabil USD Special Savings A/c	Nabil USD Elite Savings A/c	4.00%	upto 0.75%
	1.50%	1.75%	3%		
GBP	0.50%			2%	upto 0.25%
EUR	0.25%			0.50%	upto 0.12%
JPY	0.10%			0.50%	upto 0.05%
AUD	0.10%			0.50%	upto 0.05%
NRN Fixed Deposit (Minimum Balance USD 1,000.00 or equivalent & minimum Tenor 1 year)					
-USD					5.00
-GBP					3.00
-AUD					3.00

LCY LOANS		Premium over base rate (% p.a.)	
A.	BUSINESS LOAN		
	1. Directed Sector	Prime	Standard
	Energy	0.50-2.50	1.50-3.50
	Loans to the specified sector as per NRB Directive (up to NPR 20 million)	1.00-2.00	
	Agriculture (except specified sector as per NRB Directive)	1.00-3.00	2.00-4.00
	SME Loan up to NPR 10 million (except specified sector as per NRB Directive)	1.50-3.00	2.00-3.50
	2. Deprived Sector		
	Institutional Deprived Sector (MF- DSL)	0.00-2.00	
	Direct Deprived Sector Lending (DDSL)	1.00-2.00	
	Loan to the specific sectors as per NRB Directive	1.00-2.00	
	DDSL Auto Loan	1.50-3.00	2.00-3.50
	Low Cost Housing	1.50-3.00	2.00-3.50
	Other DDSL Products	1.50-3.00	2.00-3.50
	3. Interest Subsidized Loan as per NRB	1.00-2.00	
	4. Export Finance		
	a. Corporate	1.00-3.00	2.00-4.00
	b. SME	1.00-3.00	1.50-3.00
	5. Term Loan		
	a. Corporate	1.25-3.25	2.00-4.00
	b. SME	1.75-3.50	2.00-4.00
	c. Contractor Business	1.50-3.50	2.00-4.00
	6. Working Capital Loan		
	I. Cash Credit/Demand Loan/Overdraft		
	a. Corporate	1.00-3.00	2.00-4.00
	b. SME	1.50-3.50	2.00-4.00
	c. Contractor Business	1.75-3.75	2.50-4.00
	II. TR/Import Loan		
	a. Corporate	1.00-3.00	2.00-4.00
	b. SME	1.50-3.50	2.00-4.00
	c. Contractor Business	1.75-3.75	2.50-4.00
	III. Working Capital Term Loan		
	a. Corporate	1.25-3.25	2.00-4.00
	b. SME	1.75-3.50	2.00-4.00
	c. Contractor Business	2.00-4.00	2.50-4.00
	IV. Short Term Loan (STL)		
	a. Corporate	1.00-3.00	2.00-4.00
	b. SME	1.50-3.50	2.00-4.00
	c. Contractor Business	1.75-3.75	2.50-4.00
	V. Structured Short Term/Time Loan		
	a. Corporate	0.25-2.25	2.00-4.00
	b. SME	1.50-3.50	2.00-4.00
	c. Contractor Business	1.75-3.75	2.50-4.00
	7. Institutional Auto Loan	1.50-3.50	2.50-4.00
	8. Equity Mortgage Loan	1.50-3.50	2.50-4.00
	9. Channel Financing	1.50-3.50	1.75-3.50
	10. Nabil Sakchhyam Karja	1.50-3.50	1.75-3.50
	11. Nabil Nari Karja	1.50-3.50	1.75-3.50
	12. Nabil Sajilo Karja	1.50-3.50	1.75-3.50
	13. Nabil Sajilo Express Karja	1.50-3.50	1.75-3.50
	14. Nabil Kishan Karja	0.00-2.00	0.00-2.00
	15. Nabil Udhyamshil Karja	1.50-3.50	1.75-3.50
	16. # Fixed rate Business Term Loans other than Auto Loan		
	Up to 5 years	12.00%	12.25%
	Above 5 to 10 years	12.25%	12.50%
	Above 10 years	12.50%	12.75%
	17. # Fixed rate Business Term Loans For Vehicle Financing		
	Up to 5 Years	9.99%	9.99%
	Above 5 to 7 Years	10.49%	10.49%

B.	RETAIL LOAN	
	1. Housing	
	Housing loan (Personal Residential Home Loan)	1.50-3.00
	Housing loan (Registered Mortgage)	2.00-4.00
	2. Mortgage loan	
	Upto 1 crore	2.00-4.00
	Above 1 crore	2.50-4.00
	3. Auto	
	i. Private	2.00-4.00
	ii. Commercial	3.00-4.00
	iii. Tractor	3.00-4.00
	iv. Electric Vehicle	
	a. Private	1.00-3.00
	b. Commercial	3.00-4.00
	4. Education	2.00-4.00
	5. Personal Overdraft	3.00-4.00
	6. Corporate Employees Loan	0.00-2.00
	7. Nabil Personal Loan/OD for Employees	3.50-4.00
	8. Gold Loan	3.00-4.00
	9. Nabil Fone Loan	4.5
	10. # Fixed Rate Education loan	11.99%
	11. # Fixed rate Retail Loan Products	

B.	RETAIL LOAN	
	a) Up to 5 years	
	Mortgage Loan upto 20 million	10.49%
	Mortgage Loan above 20 million	10.99%
	Other Retail loans	11.99%
	Auto Loans	9.99%
	b) Above 5 years to 7 years	
	Auto	10.49%
	c) Above 5 years to 10 years	
	Mortgage Loan upto 20 million	10.99%
	Mortgage Loan above 20 million	11.49%
	d) Above 10 years to 15 years	
	Mortgage Loan upto 20 million	11.49%
	Mortgage Loan above 20 million	11.99%
	e) Nabil Dhukka Ghar Karja (Personal Residential Home Loan)	
	i. Fixed for 7 years	8.99%
	ii. Fixed for 10 years	9.49%
	f) Nabil Dhukka Ghar Karja(Registered Mortgage)	
	i. Fixed for 7 years	10.49%
	ii. Fixed for 10 years	11.49%

C.	LOAN AGAINST	
	1. Fixed Deposit (Nabil Bank)	0.50-2.50
	2. Fixed Deposit (Other Banks)	1.00-2.50
	3. 1st Class Bank Guarantee	2.00-4.00
	4. Other Bank's Guarantee	2.00-4.00
	5. Govt. Securities	2.00-4.00
	6. LCY Loan Against FCY Deposit	2.00-4.00
	7. Loan Against Shares	
	Upto 50 Lakh	1.00-3.00
	Above 50 Lakh	2.00-4.00
	* Base rate or coupon rate whichever is higher plus premium upto 2.50%.	
	# Rates are all-in-rates (Base rate plus premium)	
यसअघि गत २९ माघमा पनि नेप्से सूचक दुई हजार एक सय एक दशमलव १६ विन्दुमा रहेको थियो । पछिल्लो समय सत्ता राजनीतिमा आएको परिवर्तन र अर्थमन्त्री वर्षमान पुनले सत्ता सम्हालेको केही दिनमै सेयर लगानीकर्ताको हितमा काम गर्ने गरी लिएको पहलकदमीलाई सकारात्मक रूपमा लिएको केही लगानीकर्ताको भनाइ छ । केही लगानीकर्ता भने यसलाई दिगो वृद्धि मान्दैनन् । एक लगानीकर्ताले भने, 'लामो समय घटिरहेको बजारमा अर्थमन्त्रीको पहलकदमीले लगानीकर्तामा आएको सकारात्मक सेन्टिमेन्ट मात्र हो, केही दिन बजार हरियाली भए पनि लामो समय जाने देखिन्न ।'

अर्थमन्त्री पुनले आइतबार नियामक निकायलाई पुँजी बजारको समस्या र समाधानसहितको कार्ययोजना पेस गर्नका लागि निर्देशन दिएका थिए । यो निर्णयले लगानी गर्न मनोवैज्ञानिक रूपमा बलियो बनाएको लगानीकर्ताको दाबी छ ।

यस दिन धितोपत्र र ऋणपत्र गरी कारोबारमा आएका तीन सय पाँच कम्पनीको १० करोड ६० लाख कित्ता सेयर खरिद-बिक्री हुँदा चार अर्ब ५५ करोड १६ लाख रुपैयाँको कारोबार भएको छ । सर्वाधिक कारोबार हुने कम्पनीमा शिवम् सिमेन्ट रहेको छ । कम्पनीको ३७ करोड १९ लाख रुपैयाँको कारोबार भएको छ । त्यस्तै, सोनापुर मिनरल्स एन्ड आयल, सन नेपाल लाइफ इन्स्योरेन्स, हिमालयन रिइन्स्योरेन्स र माउन्टेन इनर्जी नेपालको ११ करोड ११ लाख रुपैयाँदेखि २४ करोड नौ लाख रुपैयाँसम्मको कारोबार भएको छ । यस दिन कारोबारमा आएका १३ वटै समूहको सूचक हरियाली बनेको छ । जसमा लाइफ इन्स्योरेन्स र माइक्रो फाइनान्स समूहको सूचक पाँच दशमलव ५४ प्रतिशतदेखि पाँच दशमलव ५ प्रतिशतसम्म सबैभन्दा धेरैले बढेको छ । वाणिज्य बैंक र निर्जीवन बिमा समूहको सूचक ३ प्रतिशतले बढेको छ भने विकास बैंक, फाइनान्स र उत्पादनमूलक समूहको सूचक दुई प्रतिशतले बढेको छ ।

साल्जेन जलविद्युत कम्पनी लिमिटेड

तेह्रौं वार्षिक साधारणसभा स्थगन गरिएको सम्बन्धि सूचना

(सूचना प्रकाशित मिति २०८० फाल्गुण ३० गते)

यस साल्जेन जलविद्युत कम्पनी लिमिटेडको तेह्रौं वार्षिक साधारणसभा मिति २०८० चैत्र ५ गते सोमवार दिनको ११ वजे कुण्डलिनि दरवार व्यांक्वेट, चण्डोल, काठमाडौंमा वस्ने गरी बोलाइएकोमा कम्पनीमा विशेष परिस्थिति श्रृजना भएको कारणले उक्त वार्षिक साधारणसभा सो मिति र समयमा सञ्चालन गर्न नसकिने अवस्था परेकाले कम्पनीको सञ्चालक समितिको मिति २०८० फाल्गुण २९ गते वेलुका ५.३० वजे वसेको २८० औं वैठकबाट सो तेह्रौं साधारणसभा उक्त मिति र समयमा नहुने भई स्थगन गर्ने निर्णय भएकोले उक्त साधारणसभा स्थगन गरिएको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ । उक्त वार्षिक साधारणसभा उपयुक्त समयमा नियमानुसार पूनः सूचना प्रकाशन गरी बोलाइने व्यहोरा समेत अनुरोध गरिएकोछ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको पुनः ७ दिने सूचना

प्रकाशित मिति : २०८०/११/३० गते

यस माछापुच्छ्रे बैंक लि. गोंगबु शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०४/१८ गतेको सौर्य राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ०८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

तपसिल

ऋणीको नाम, ठेगाना	धितोमा रहेको सम्पत्तिको विवरण
नविन पुडासैनी ना.प्र.नं. २७१०२२/५२६२२, जि.प्र.का. काठमाडौं जारी मिति : २०६६/११/२५ बाबु : राजेन्द्र प्रसाद पुडासैनी बाजे : भय नाथ पुडासैनी ठेगाना : काठमाडौं जिल्ला, विष्णु बुढानिलकण्ठ न.पा. वडा नं. ८	भय नाथ पुडासैनीको नाति, राजेन्द्र प्रसाद पुडासैनीको छोरा, काठमाडौं जिल्ला, विष्णु बुढानिलकण्ठ न.पा. वडा नं. ८ बस्ने नविन पुडासैनीको नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता कायम भएको काठमाडौं जिल्ला, विष्णु बुढानिलकण्ठ गा.वि.स./न.पा. वडा नं. ८ (घ) स्थित कि.नं. १३९, १५४, १५५ र ३२३ को क्षेत्रफल क्रमशः १२७.१६ ब.मी., ६३.५८ ब.मी. र ९५.३७ ब.मी. र १३.९२ ब.मी. को जग्गाहरु तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापत समेत ।
व्यक्तिगत जमानतकर्ताहरु	
१. बिजेन्द्र पुडासैनी ना.प्र.नं. २८१७६/१२२३, जि.प्र.का. काठमाडौं जारी मिति : २०६२/१०/०६ बाबु : राजेन्द्र प्रसाद पुडासैनी, बाजे : भय नाथ पुडासैनी ठेगाना : काठमाडौं जिल्ला, विष्णु बुढानिलकण्ठ न.पा. वडा नं. ८	**२. राजेन्द्र प्रसाद पुडासैनी** ना.प्र.नं. २०२०/६०७३/४१९५२, जि.प्र.का. काठमाडौं जारी मिति : २०३७/११/१९ बाबु : भय नाथ पुडासैनी, बाजे : कृष्ण दत्त पुडासैनी ठेगाना : काठमाडौं जिल्ला, विष्णु बुढानिलकण्ठ न.पा. वडा नं. ८
३. सुमित्रा पुडासैनी ना.प्र.नं. १८६६, जि.प्र.का. काठमाडौं, जारी मिति : २०५८/०४/३२ बाबु : कुल प्रसाद हुमागाई, पति : राजेन्द्र प्रसाद पुडासैनी, ससुरा : भय नाथ पुडासैनी ठेगाना : काठमाडौं जिल्ला, विष्णु बुढानिलकण्ठ न.पा. वडा नं. ८	
लिलाम बिक्रीको शर्त तथा बन्देजहरु १. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ । २. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन । ३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ । ४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । ५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ । ६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ । ७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । ८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ । ९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ । १०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ । ११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन । १२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन । १३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ । **पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन ।	
बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : २०८०/१२/०६ मंगलबार कार्यालय समय सम्म केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाडौं	**बोलपत्र खोलिने मिति, समय र स्थान :** २०८०/१२/०७ बुधबार दिनको ३:३० बजे केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाडौं

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, गोंगबु

बुटवलमा डेल्टा अटोकर्पको नयाँ सोरुम

बुटवल/ नेपालका लागि भेस्पा अप्रिलिया स्कुटरको आधिकारिक विक्रेता डेल्टा अटोकर्प प्रालिले बुटवलमा नयाँ सोरुम सञ्चालनमा ल्याएको छ । कम्पनीले कालिकानगरको गैरे अटोमोबाइल्सलाई डिलर नियुक्त गरेर बिक्री सुरु गरेको हो ।

बुटवल क्षेत्रमा बढ्दै गएको भेस्पा अप्रिलिया स्कुटरको मागलाई मध्यनजर गर्दै नयाँ डिलरसिप सुरु गरिएको कम्पनीले जनाएको छ । नयाँ सोरुमको कम्पनीका प्रमुख कार्यकारी अधिकृत विजयकुमार महतो र गैरे अटोमोबाइल्सका प्रबन्ध निर्देशक प्रेमराज गैरेले संयुक्त रूपमा शुभारम्भ गरे । नयाँ सोरुमबाट स्कुटरको सेल्स, सर्भिस, स्पेयर्स, एक्सचेन्जका साथै फाइनान्सको सुविधा रहेको जनाइएको छ ।

गैरे अटोमोबाइल्सका प्रबन्ध निर्देशक प्रेमराज गैरेले बजारको माग र लोकप्रियतालाई मध्यनजर गर्दै आफूहरूले नयाँ सोरुम सञ्चालनमा ल्याउन पाएकोमा उत्साहित महसुस भएको बताए । शुभारम्भको अवसरमा कम्पनीले प्रतिस्कुटरमा नगद १० हजार छुट र एक थान हेलमेट उपहार प्रदान गर्ने गैरे अटोमोबाइल्सका वरिष्ठ प्रबन्धक ध्रुव सापकोटाले बताए ।

हिमालयन बैंकका दुई शाखा स्थानान्तरण

काठमाडौं/ हिमालयन बैंक लिमिटेडले सिभिल बैंकलाई प्राप्ति गरेपश्चात् नजिक भएका दुई शाखालाई स्थानान्तरण गरेको छ । बैंकले गोंगबु शाखालाई स्थानान्तरण गरी हात्तीगौंडा पुऱ्याएको छ । स्थानान्तरण गरिएको शाखाको बैंकका प्रमुख कार्यकारी अधिकृत अशोकशमशेर राणाले उद्घाटन गरेका हुन् ।

यसैगरी, बैंकले कावासोती शाखा-२ लाई पनि नवलपुरकै गोछडामा स्थानान्तरण गरेर सेवा सुचारु गरेको बैंकले जनाएको छ । हाल बैंकले देशभरमा एक सय ७४ शाखा, २० विस्तारित काउन्टर, दुई सय ६४ एटिएम, ६ हजार पाँच सयभन्दा बढी पिओएस टर्मिनल र १७ हजारभन्दा बढी विप्रेषण भुक्तानी केन्द्रबाट आफ्ना ग्राहकलाई सेवा दिइरहेको जनाएको छ ।



४० हजारले अवलोकन गरे सातौं चरणको चेम्बर एक्स्पो



काठमाडौं/ नेपा

राष्ट्रिय सभा अध्यक्षमा दाहाल

नयाँ पत्रिका

राष्ट्रिय सभा अध्यक्षमा नारायण दाहाल निर्वाचित भएका छन् । मंगलबार सम्पन्न निर्वाचनमा कांग्रेसका युवराज शर्मालाई २२ मतले पराजित गर्दै दाहाल सभाको छैटौं अध्यक्ष निर्वाचित भएका हुन् । सभाको मत विभाजनमा दाहालले ३९ मत प्राप्त गरे भने शर्माले १७ मत पाए । जनमोर्चाका तुलबहादुर विश्वकर्माले मत हालेनन् ।

संसद्को माथिल्लो सभाका रूपमा रहेको राष्ट्रिय सभामा यसअघि पाँचजना अध्यक्ष भइसकेका छन् । २०१६ को महासभाको अध्यक्षसमेत गरी दाहाल छैटौं अध्यक्ष बनेका हुन् । संसद् सचिवालयका सूचना अधिकारी दशरथ धमलाका अनुसार कमल राणा, बेनीबहादुर कार्की, डा. मोहमद मोहसिन, रामप्रीत पासवान र गणेश तिमिल्सिनापछि दाहालले छैटौं अध्यक्षको कार्यभार सम्हालेका छन् । तिमिल्सिना २० फागुनमा ६ वर्षे कार्यकाल पूरा गरेर बिदा भएका छन् ।

माओवादी केन्द्रीय सदस्य दाहाल मन्त्रिपरिषद्को सिफारिसमा १२ चैत ०७८ मा राष्ट्रपतिबाट राष्ट्रिय सभा सदस्य मनोनीत भएका थिए । उनले मंगलबारै राष्ट्रपतिबाट शपथ लिएर पदभार ग्रहण गरेका छन् । पदबहाली गर्दै दाहालले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ४० मा भएको व्यवस्थाअनुसार राष्ट्रिय सभामा मन्त्रीहरूसँग प्रश्नोत्तर गर्न सकिने भएकाले त्यसका लागि राष्ट्रिय सभा सदस्यका लागि अभिमुखीकरण सञ्चालन गर्ने निर्णय स्वीकृत गरेका छन् ।

दाहालले सभा सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउने, सभामा भएको छलफल र निर्णयलाई कार्यान्वयन गर्ने, जनताले अनुभूत गर्ने गरी अगाडि बढ्ने प्रतिबद्धता जनाए । यसमा दलहरू र सचिवालय मिलेर जानुपर्ने भन्दै उनले विश्वासको वातावरण बनाउन आफूले पहल गर्ने बताए । दाहालले धेरै औपचारिकमा सीमित नहुन सचिवालयका कर्मचारीलाई निर्देशन दिए । 'राम्रा कामका लागि सहज ढंगले कुरा राख्न मेरो अनुरोध छ,' उनले भने ।

कैयौं ऐन-कानुन निर्माण गर्न बाँकी रहेको भन्दै दाहालले राष्ट्रिय सभाको कार्यक्षेत्रभित्र रहेर गम्भीरतापूर्वक लिएर निर्माण गर्न प्रतिबद्ध रहेको र निजामती, संक्रमणकालीन न्याय, शिक्षालगायत ऐन प्राथमिकतामा रहेको सुनाए । 'सभामा सबै राजनीतिक दललाई मिलाएर लैजाने चुनौती पनि छ । तर, चुनौतीपूर्ण बनाउने-नबनाउने आफ्नो व्यवहारमा पनि भर पर्छ । त्यसकारण सबै राजनीतिक दललाई समेटेर जान्छु,' उनले भने, 'फेरि म राष्ट्रपतिबाट मनोनीत भएर आएको हो । यो दुई वर्षमा मेरो कुनै दलको स्ट्याटस भएन, म अलगै बसैं, दलहरूसँग भएन । तैपनि मुख्य त दलै हुन् । सबै कुरा दल भएको हुनाले सबै दललाई समान रूपले साथमा लिएर काम गर्ने कुरा हो ।' राष्ट्रिय सभा गौरवको संस्थालाई जनताले महसुस गर्ने गरी ओजपूर्ण बनाउन आफूले सम्पूर्ण हिसाबले पहल गर्ने उनको भनाइ थियो ।

०२७ मा अनेरास्ववियुको सदस्यता लिएर विद्यार्थी राजनीतिमा प्रवेश गरेका दाहाल ५० वर्षदेखि राष्ट्रिय राजनीतिमा सक्रिय छन् । माओवादी जनयुद्धमा सक्रिय सहभागिता जनाएका दाहालले पार्टी शान्ति प्रक्रियामा आएपछि ०६३ नेकपा (माओवादी) कास्की जिल्ला इन्चार्ज बनेर काम गरेका छन् । ०७८ मंसिरमा सम्पन्न माओवादीको आठौं राष्ट्रिय महाधिवेशनबाट स्थायी समिति सदस्य तथा बागमती प्रदेशको सहइन्चार्जको जिम्मेवारीमा छन् । दाहाल ०६३ देखि संसदीय राजनीतिमा प्रवेश गरेका हुन् । ०६३ मा अन्तरिम व्यवस्थापिका-संसद् सदस्य भएका दाहालले ०६४-६९ सम्म चितवन ३ बाट निर्वाचित भएर संविधान सभा सदस्यका रूपमा काम गरेका छन् । दाहालले सानोठिमी क्याम्पस भक्तपुरबाट ०३६ मा शिक्षाशास्त्र संकायमा स्नातक गरेका छन् ।

आज...

पृष्ठ १ बाट क्रमशः

गठबन्धनका पाँचै दलले विश्वासको मत लिन ह्विप जारी गरेका छन् । एमाले प्रमुख सचेतक महेश बर्तौलाका अनुसार संसदीय दलको मंगलबार बसेको बैठकले विश्वासको मत दिन सांसदहरूलाई ह्विप जारी गरेको हो ।

माओवादीको शनिबार बसेको संसदीय दलको बैठकले पक्षमा मतदान गर्न ह्विप जारी गरिसकेको छ । मंगलबारै बसेको रास्वपा संसदीय दलले अनिवार्य उपस्थित भएर सरकारलाई विश्वासको मत दिन सांसदहरूलाई निर्देशन दिएको सचेतक निशा डाँगीले जानकारी दिइन् । यसैगरी, जसपा संसदीय दलको बैठकले पनि सरकारका पक्षमा मतदान गर्न सांसदहरूलाई ह्विप जारी गरेको अध्यक्ष उपेन्द्र यादवले जानकारी दिए । एकीकृत समाजवादीले पनि मंगलबार नै विश्वासको मत दिन सांसदहरूलाई ह्विप जारी गरेको छ ।

अर्कोतिर वैकल्पिक गठबन्धनको गृहकार्यमा रहेको कांग्रेससँग ८८, जनमत ६ र लोसपा चार गरी ९८ सदस्य छन् । यसमा कांग्रेसका टेकबहादुर गुरुङ निलम्बित हुँदा मत हाल्न पाउँदैनन् । कांग्रेसको ८७ हुँदा विपक्षी गठबन्धनको पक्षमा ९७ मत हुन आउँछ । कांग्रेसले सोमबार नै विपक्षमा मतदान गर्न सांसदहरूलाई ह्विप जारी गरेको छ ।

विश्वासको मत प्रयोजनका लागि बुधबार बोलाइएको प्रतिनिधिसभा बैठकपूर्व बिहान १० बजे कार्य व्यवस्था तथा परामर्श समितिको बैठक बस्दै छ । संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार बैठकको एजेन्डा तय गर्न र अन्य कार्यक्रमको कार्यतालिका बनाउन एक घण्टाअगाडि कार्य व्यवस्था समिति बैठक बस्न लागेको हो ।

सवारी...

पृष्ठ १ बाट क्रमशः

भाँचिएका र घाउसहितका हुन्छन् । घाउचोटका कारण संक्रमण हुने जोखिमका कारणसमेत कतिपयमा तत्काल हड्डीको शल्यक्रिया गर्न नमिल्ने हुन्छ,' उनले भने, 'यसबाहेक कम्पाउन्ड फ्याक्चर, लङ बोन फ्याक्चर, हेड इन्जुरी वा स्पाइनल इन्जुरीलगायत विभिन्न जटिल खालका चोटपटकले अपांगता हुने केसहरू पनि अत्यधिक छन् ।'

सवारी दुर्घटनामा घाइते भएका कतिपयको कलेजोलगायतका भित्री अंगहरूमा समेत चोटपटक लाग्छ । यसले दीर्घकालीन समस्या निम्तिरहेको अस्पतालले जनाएको छ । कतिपयमा चोटपटकका कारण प्यारालाइसिस हुने तथा अंगहरू नै काटेर फाल्नुपर्ने हुन्छ । उपचारपछि अपांगता बन्ने अनुपात ३ देखि ४० प्रतिशत छ । प्यारालाइसिस हुने र हातखुट्टा बांगो हुने वा अन्य खालका अपांगताहरू धेरैजसोमा देखिने गरेको चिकित्सक बताउँछन् ।

सवारी दुर्घटनामा ज्यान गुमाउनेमध्ये ८२. ६ प्रतिशत पुरुष छन् । पछिल्लो वर्ष सवारी दुर्घटनामा ज्यान गुमाउने र गम्भीर चोटपटक लाग्नेमा अधिकांश पुरुष रहेको तथ्यांकले देखाएको हो । ०७९/८० मा सवारी दुर्घटनामा परेर ज्यान गुमाउनेमध्ये दुई हजार तीन सय ६६ पुरुष थिए भने पाँच सय १७ महिला थिए । ज्यान गुमाउनेमा पनि दुई र तीनपाांग्रे सवारी दुर्घटनाका धेरै छन् । त्यस्तै, दुर्घटनामा मृत्यु भएकामध्ये ३४ प्रतिशत सवारीचालक छन् । ३०.६ प्रतिशत सवारीसाधनमा सवार यात्रु तथा २२.७ प्रतिशत पैदल यात्रु छन् । नै जनासम्म यात्रु वा ३५ सय केजीसम्म तौल बोक्न बनाइएका चारपाांग्रे गाडी दुर्घटनाबाट ४.५ प्रतिशत, साइकल यात्रु ३.६ प्रतिशत, हेभी भेइकलका चालक र यात्रु गरी ३.५ प्रतिशत र अन्य सवारी दुर्घटनामा १.१ प्रतिशतको मृत्यु भएको छ ।

सवारी दुर्घटनाका कारकहरूमध्ये मानवीय त्रुटि प्रमुख देखिएको छ । सडकको अवस्था कमजोर हुनु, बाटोको सुरक्षामा आधारहरू मापन नहुनु, अनुमति नै नभएको अर्थात् तयार नै नभएको बाटोमा सवारी चलाउनु, प्राकृतिक प्रकोप र मौसमका कारण निम्तिने विभिन्न समस्याले सवारी दुर्घटना भइरहे पनि ९० प्रतिशतभन्दा बढी दुर्घटना मानवीय त्रुटिका कारण हुने गरेको सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल बताउँछन् ।

'मानवीय गल्ती भन्नाले चालक मात्रै होइन । यात्री, पैदल यात्रु आदि विभिन्न कारणले सवारी दुर्घटनाबाट गम्भीर घाइते र मृत्यु अत्यधिक छ । सडकको अवस्थाका कारण हुने दुर्घटना जम्मा दुई प्रतिशतको हाराहारीमा छ । नेपालको सन्दर्भमा भने १.६ प्रतिशत रहेको तथ्यांकले देखाउँछ,' महानिर्देशक ढकालले भने ।

एसिया प्यासिफिक रोड सेफ्टी अब्जरभेटरीका समेत अध्यक्ष रहेका ढकालका अनुसार नेपालमा सडक सुरक्षाका लागि छुट्टै कानुन नहुनु, कार्यक्रममा लगानी नहुनु र कार्यान्वयनको पाटोसमेत फितलो भएका कारण दुर्घटनाको क्षति उच्च छ । 'दुर्घटनाबारे राम्रोसँग जनचेतना नहुँदासमेत अंगभंग हुने र मृत्यु हुने जोखिम बढिरहेको देखिन्छ । क्षतिबारे बुझाउन नसक्दासमेत ठूलो समस्या निम्तिरहेको छ, जुन हाम्रो कमजोरी हो । यो मानव अधिकारको विषय भए पनि हामीकहाँ सडक सुरक्षा ऐनसमेत बन्न सकेको छैन । जसले गर्दा सडक सुरक्षा काउन्सिलले समेत काम गर्न नसकेको अवस्था छ,' उनले भने । सन् २०३० सम्ममा सवारी दुर्घटना ५०

सवारी दुर्घटनाका...

पृष्ठ १ बाट क्रमशः

भएकाहरूको बिमाले समेट्ने हदसम्म बिमा र सम्बन्धित सवारीधनी-यातायात व्यवसायीले नै उपचार खर्च व्यहोर्दै आएका छन् । धेरै अवस्थामा घाइते निको नहुँदासम्म नै उपचार र खर्च व्यहोर्दै आएका छन् । लामो समयदेखि व्यवसायीहरूले यस्तो कोष बनाउनुपर्ने दबाब दिँदै आएका थिए ।

मन्त्रालयको कानुन शाखाका उपसचिव टंकबहादुर महतका अनुसार ठूलो दुर्घटना हुँदा घाइतेहरूको व्यवस्थापनका लागि यस्तो व्यवस्था गर्न लागिएको हो । 'सवारी दुर्घटना हुँदा सवारी धनीले मात्र उपचार खर्च व्यहोर्न नसक्ने र बिमाले पनि पूर्ति नहुने हकमा घाइतेहरूको व्यवस्थापन चुनौतिपूर्ण छ,' उनले भने, 'यसैलाई सम्बोधन गर्न कोषको व्यवस्था प्रस्ताव गरिएको हो ।' कोषमा संघीय तथा प्रदेश सरकार, व्यवसायी, सवारी धनी, यात्रुको टिकट लगायतमार्फत् रकम जम्मा गर्न प्रस्ताव गरिएको छ ।

मन्त्रालयले अहिले मस्यौदामा विज्ञ, व्यवसायी लगायतसँग पनि छलफल गरिरहेको छ । आधारभूत विषयहरू मस्यौदामा समेटेर मन्त्रालयले छलफल र अन्तर्क्रिया गरिरहेको छ । 'अन्तिम टुंगो लागिसकेको छैन्, अहिले मस्यौदामाथि सुझाव सल्लाह लिने काम भइरहेको छ । सबैको राय लिएर विधेयकलाई अन्तिम रुप दिइनेछ,' उपसचिव महतले भने ।

विधेयकले सवारीको बिमा, चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बिमा, यात्रुको बीमा, मालसामानको बीमा र तेस्रो पक्षको बिमा समान रुपमा लागू हुनेगरी कानुनी व्यवस्था गर्न खोजेको छ ।

संविधानले यातायात सेवा र सवारी व्यवस्थापनसम्बन्धी देशभर लागू हुने एकीकृत सिद्धान्तसमेतका रुपमा रहने संघीय कानुन र मापदण्ड निर्धारण गर्ने अधिकार तथा अन्तर प्रदेश यातायातसम्बन्धी अधिकार संघमा निहित हुने व्यवस्था गरेको छ । त्यस्तै, अन्य अधिकार प्रदेश र स्थानीय तहले प्रयोग गर्ने व्यवस्था गरिएको छ । यही संवैधानिक व्यवस्थाका आधारमा सवारी तथा यातायातको सम्बन्धमा संघीय निकाय, प्रदेश वा स्थानीय तहबाट सम्पादन हुने विषय तथा संघ-प्रदेश बीच हुने अन्तर सम्बन्धलाई कानुनी रुपमा व्यवस्था गर्ने उद्देश्यले मन्त्रालयले ऐनको मस्यौदा गरिरहेको छ ।

देशभर संचालन हुने सवारीको यकिन गरी बर्गीकरण गर्ने, सवारी अनुमति, दर्ता तथा चालक अनुमतिपत्र सम्बन्धी आधारभूत सैद्धान्तिक विषयमा एकरुपता कायम हुनेगरी व्यवस्था गर्ने, सार्वजनिक र निजी सवारीले पालना गर्नुपर्ने सर्तहरूमा एकरुपता कायम हुनेगरी लागु गर्न कानुनी व्यवस्था गर्नेलगायतका विषय विधेयकमा समेटिएका छन् ।

त्यस्तै, राष्ट्रिय लोकमार्ग र अन्तरप्रदेश लोकमार्गमा रुट निर्धारण तथा इजाजतको अनुमति व्यवस्थापन सम्बन्धी कार्य संघीय निकायको र बाँकी मार्ग र सवारीको व्यवस्थापन प्रदेश कानुनबमोजिम हुनेगरी कानुनी व्यवस्था गर्न खोजिएको छ । सवारीको गति निर्धारण, सवारीमा रहने वजनको मात्राको सीमा र यात्रु संख्याको हद तोक्ने लगायतका विषय पनि मस्यौदामा समेटिएको छ ।

उच्चस्तरीय यातायात व्यवस्थापन समिति र यातायात व्यवस्था विभागको काम, कर्तव्य र अधिकारलाई पनि मस्यौदाले स्पष्ट गरेको छ । विभागले कुनकुन विषयमा मापदण्ड बनाउने, सवारी व्यवस्थापनका सम्बन्धमा के-के काम गर्ने भन्ने स्पष्ट गरिएको छ भने प्रदेशको भूमिकालाई प्रदेश कानुन बमोजिम निर्धारण गर्नेगरी प्रस्ताव गरिएको छ । यातायातसम्बन्धी कसुरलाई विद्यमान कानुनी व्यवस्थामा विस्तार गरी सजायका हकमा 'टाइम अफ मनिटरी भ्यालु' समेतका आधारमा हाल कायम रहेको जरिवानामा ५० देखि १५० प्रतिशतसम्म वृद्धिको प्रस्ताव पनि मस्यौदामा गरिएको छ ।

सुनको...

पृष्ठ १ बाट क्रमशः

आयोगका अध्यक्ष आचार्यले छानबिन प्रतिवेदन करिब चार सय पृष्ठको भएको बताए । 'विमानस्थलबाट तस्करी भई आएको ६०.७१६ किलो र भेपमा लुकाई तस्करी गरिएको साढे नौ किलो सुनको सम्बन्धमा विस्तृत छानबिन गरिएको छ । प्रतिवेदनमा सुन तस्करी नियन्त्रणका लागि विविध सुझाव उल्लेख गरिएका छन् । विमानस्थलमा भएका कमजोरीलाई पनि प्रतिवेदनमा समेटिएको छ । प्रतिवेदन करिब चार सय पृष्ठको छ,' उनले भने ।

आयोगले १६ असोजबाट सिंहदरबारस्थित गृह मन्त्रालयको पुरानो भवनमा कार्यालय स्थापना गरेर छानबिन प्रक्रिया अघि बढाएको थियो । आयोगले विशेषगरी ६०.७१६ किलो र भेपमा लुकाई तस्करी गरिएको साढे नौ किलो सुनको सम्पूर्ण अनुसन्धान प्रतिवेदन कार्यालयमै मगाई छानविन गरेको थियो । यसक्रममा आयोगले नेपाल प्रहरीअन्तर्गत केन्द्रीय अनुसन्धान ब्युरो (सिआईबी)का प्रमुख एआईजी किरण बज्राचार्य, डिएसपी रुगम कुँवर, माओवादीका उपाध्यक्ष कृष्णबहादुर महरालगायतसँग बयान लिएको थियो ।

गत १० पुसमा फ्लाई दुबईको जहाज हुँदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल झरेका चिनियाँ नागरिक ली हानसोङ ई-सिगरेट(विद्युतीय चुरोट)सहित पक्राउ परे । अनुसन्धानपछि भेपभित्र नौ किलो सुन रहेको खुलेको थियो । उक्त घटनामा माओवादीका उपाध्यक्ष तथा पूर्वसभामुख कृष्णबहादुर महरा र उनका छोरा राहुल महरा मुछिएका थिए । घटनाको अनुसन्धानका क्रममा सिआईबीले राहुललाई पक्राउ गरेको थियो ।

त्यस्तै, गत २ साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सारको जाँचपास पार गरेर बाहिरिएको ६०.७१६ किलो सुन राजस्व अनुसन्धान विभागले बरामद गरेको थियो । उक्त सुन मोटरसाइकल र स्कुटरको 'ब्रेक सु'मा लुकाएर हङकङबाट क्याथे प्यासिफिकको जहाज हुँदै नेपाल ल्याइएको थियो । जसको अनुसन्धान सिआईबीले गरेको थियो । २९ जनालाई प्रतिवादी बनाइएको उक्त मुद्दामा अहिले जिल्ला अदालत काठमाडौंमा विचाराधीन छ । सरकारबाट गठित आयोगले सिआइबीबाट भएको अनुसन्धानलाई पनि जाँचबुझ गर्ने र कैफियत देखिएको खण्डमा कारबाहीका लागि सिफारिस गर्ने भनिएको छ ।

सुनको सिक्री...

पृष्ठ १ बाट क्रमशः

विवाद भएको थियो, सिन्दुर दान मात्र बाँकी थियो, विवाह नै टुट्यो,' बेहुलीका बुबाले बताए ।

दुवै पक्ष भनाभनपछि हात हालाहालसम्म पुगेको थियो । त्यसपछि बेहुला 'अब विवाह गर्दैन' भन्दै जन्ती लिएर फर्किन लाग्दा प्रहरीले उनीसहित पाँचजनालाई पक्राउ गरेको छ । बेहुला साह वीरगन्ज महानगरको स्वास्थ्य शाखामा कम्प्युटर अप्रेटरका रूपमा कार्यरत छन् ।

पक्राउ पर्नेमा बेहुलासहित उनका बुबा बच्चालाल साह गोढ, दाइद्वय राकेश र मुकेश तथा भिनाजु रामएकबाल साह रहेको पर्साका प्रहरी प्रवक्ता कुमारविक्रम थापाले बताए । 'दाइजोसम्बन्धी कसुरअनुसार मुद्दा चलाउन अदालतबाट दुई दिनको म्याद थप भएको छ,' थापाले भने, 'अनुसन्धानपश्चात् मुद्दा चल्छ ।'

सत्तागठबन्धनको आठबुँदे सहमति परिमार्जन

नयाँ पत्रिका

सत्तागठबन्धन दलले २१ फागुनको आठबुँदे सहमति पुनर्लेखन गर्दै सातबुँदे अर्को सहमति गरेका छन् । यसअघि चार दलले सहमतिमा हस्ताक्षर गरेकोमा मंगलबार एकीकृत समाजवादी थपिएर पाँच दल भएका छन् । विश्वासको मत लिने एक दिनअगाडि सत्तारुढ दलको संख्या थपिएको हो ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी ओली र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच छलफल भएपछि सत्तारुढ पाँच दलले सातबुँदे सहमतिमा हस्ताक्षर गरेका हुन् । सहमतिपत्रमा एमाले अध्यक्ष ओली, माओवादी अध्यक्ष प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष नेपाल, रास्वपा सभापति रवि लामिछाने र जसपा अध्यक्ष उपेन्द्र यादवले हस्ताक्षर गरेका छन् । यसअघिको सहमतिमा ओली, प्रचण्ड, लामिछाने र यादवले मात्रै हस्ताक्षर गरेका थिए ।

पूर्वसमझदारीअनुसार आठबुँदेलाई पुनर्लेखन गरेर सहमति गरिएको एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले बताए । सहमतिको पहिलो बुँदामा प्रचण्ड नेतृत्वको सरकारलाई सुदृढ र सफल पार्ने उल्लेख छ । राष्ट्रिय सभाको रिक्त अध्यक्ष पदमा माओवादीका उम्मेदवारलाई समर्थन गर्ने सहमति छ । सहमतिअनुसार राष्ट्रिय सभा अध्यक्षमा माओवादीका नारायण दाहाल निर्वाचन भइसकेका छन् ।

यसअघि उपाध्यक्षमा एमाले उम्मेदवारलाई समर्थन गर्ने बुँदा हटाइएको छ । एकीकृत समाजवादीले उपाध्यक्षमा दाबी गरेपछि थप छलफल गर्ने निष्कर्षसहित उपाध्यक्षको विषय हटाइएको स्रोतले बताएको छ । स्रोतका अनुसार नेपालले प्रधानमन्त्री, राष्ट्रिय सभाको उपाध्यक्ष, मुख्यमन्त्री र मन्त्री एवं अन्य राजनीतिक नियुक्तिमा सम्मानजनक सहमति हुनुपर्ने माग राखेका थिए । प्रचण्डले मिलेर जानुपर्ने आवश्यकता औंल्याउँदै लचिलो हुन तयार रहेको बताएका थिए । ओलीले पनि सहयात्रामा अगाडि बढ्ने क्रममा आफूहरू लचिलो हुन तयार रहेको भन्दै यसअघि सहमतिमा उल्लेख भएको उपाध्यक्षको विषय हटाएर सहमति गर्न प्रस्ताव गरेका थिए ।

तीन नेताबीच प्रधानमन्त्री आलोपालो गर्ने समझदारी पनि भएको स्रोतको दाबी छ । नयाँ सरकार गठन प्रक्रियामा अन्य दलहरूसँग संवाद अघि बढाउने सहमति पनि भएको छ । संक्रमणकालीन न्यायसम्बन्धी विधेयक, शान्ति प्रक्रिया र देशमा स्थायी शान्ति कायम गर्नका लागि यससँग सम्बन्धित अन्य विषयहरू सहमतिका आधारमा अविलम्ब टुंग्याउने सहमति भएको हो । उपप्रधानमन्त्रीसमेत रहेका एमाले सचिव रघुवीर महासेठले मिलेर अगाडि बढ्ने समझदारी भएको बताए । माओवादी महासचिव देव गुरुङले सहमतिका विषय सात बुँदामा आएको र बाँकी विषयमा थप छलफल हुने बताए ।

■ **संसदीय दलको बैठकमा ओलीले भने–**

'प्रधानमन्त्रीले एकदम राम्रो काम गर्नुभएको छ, देशलाई अस्थिरतातर्फ जानबाट रोक्न विश्वासको मत दिनुपर्छ

एमाले अध्यक्ष केपी ओलीले प्रधानमन्त्रीको कदम स्वागतयोग्य रहेको भन्दै विश्वासको मत दिन सांसदहरूलाई निर्देशन दिएका छन् । मंगलबार संसदीय दलको बैठकलाई सम्बोधन गर्दै ओलीले प्रधानमन्त्रीलाई विश्वासको मत नदिए देश अक्षमहरूको हातमा पुग्नेसमेत बताए

'भोलि प्रधानमन्त्रीले विश्वासको मत पाउनुभएन भने संविधानको धारा ७६ को उपधारा २ को च्याप्टर क्लोज हुन्छ र राष्ट्रपतिले प्रमुख पार्टीको नेताको हैसियतले भोलि नै कांग्रेस सभापतिलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुहुन्छ,' उनले भने, 'त्यसपछि अल्पमतको, अयोग्य, दृष्टिकोणविहीन, स्वाभिमानहीन, भवितव्यले आइलागेको, कुनै संकल्प नभएको सरकार बन्छ । हामीले त्यस्तो सरकार बन्न दिनुहुँदैन । देशलाई अस्थिरतातर्फ जानबाट जोगाउन प्रधानमन्त्रीलाई विश्वासको मत दिनुपर्छ ।'

ओलीले एक/डेढ वर्ष पदमा कुनै खतरा नहुँदा पनि फरक ढंगले प्रधानमन्त्रीले कदम चालेको बताए । 'अहिले प्रधानमन्त्रीले एकदम राम्रो काम गर्नुभएको छ । एकदम अनुचित गठबन्धन छोडेर उचित गठबन्धन बनाउन उहाँले पहलकदमी लिनुभयो । कमसेकम एक/डेढ वर्ष उहाँको पद कुनै खतरामा थिएन । चलेकै थियो । तर, एक/डेढ वर्ष पदमा बसिरहनु, चल्नु मात्र होइन, देश संकटमा पऱ्यो भन्ने रियलाइजेसन गरेर उहाँले फरक ढंगले कदम चाल्नुभएको छ,' ओलीले भने, 'त्यसकारण त्यो कदमलाई इतिहासतिर मात्रै हेरेर हुँदैन । अहिलेको अवस्थामा उहाँले चालेको कदम सकारात्मक छ । देशभक्त, प्रगतिशील, समाजवादउन्मुख, जनमुखी नयाँ समीकरण निर्माण गर्न पहल जुन गर्नुभयो, यो स्वागतयोग्य हो ।'

ओलीले मनोवैज्ञानिक रूपमा सरकारले आशा जगाउने काम गरेको बताए । गठबन्धन आफूहरूले परिवर्तन गरेको भन्दै चीनलाई जोड्न आवश्यक नरहेको बताए । उनले भने, 'यो परिवर्तन हामीले गरेको, गराएको हो । कमसेकम यति जस त हामीलाई दिनुस् । कहाँ चीन पुऱ्याएको यति सानो कामलाई पनि । चीनले बनाइदियो रे, चीन आयो रे, चीनले यो गऱ्यो, चीनले त्यो गऱ्यो रे । यस्तो खालको कुरा नगरे हुन्छ । यो हामीले गरेको हो । यति जस त हामीलाई दिनुस्, यत्रो मेहनत गरेर बनाइएको छ ।'

बाबुराम भट्टराईको पार्टीका सांसद माओवादीकै अभिलेखमा रहने निर्णय

काठमाडौं/ संघीय संसद् सचिवालयले पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा)लाई छुट्टै संसदीय दलको मान्यता दिन अस्वीकार गरेको छ ।

आफ्ना सांसदलाई माओवादी केन्द्रको संसदीय दलबाट हटाएर नेसपा संसदीय दलको कायम गरिदिन अध्यक्ष भट्टराईले संसद् सचिवालयमा निवेदन दिएका थिए । सभामुख देवराज घिमिरेले निवेदनमा निर्णय सुनाउँदै नेसपालाई छुट्टै दलको मान्यता दिन कानुनले नमिल्ने र माओवादी संसदीय दलकै अभिलेखमा सांसदहरू रहने जानकारी गराएका हुन् ।

'छुट्टै दलको मान्यता सम्बन्धमा राजनीतिक दलसम्बन्धी ऐनको दफा ४९(३) ले एउटै चुनाव चिह्न लिएर लडेका दलहरूमा जुन दलले बढी सिट जितेर ठूलो हुन्छ, त्यही संसदीय दलको सदस्य हुनेछ भन्ने व्यवस्था रहेको छ,' संसद् सचिवालयका कानुन महाशाखा प्रमुख लक्ष्मीप्रसाद गौतमले भने, 'एउटै चुनाव चिह्नले लडेका दलले दुइटा संसदीय दलको परिकल्पना नगरेको हुनाले संसदीय दलको सन्दर्भमा एउटै मात्र संसदीय हुने र जुन ठूलो छ, त्यही हुने कानुनी व्यवस्थाबमोजिम निर्णय गरेर जानकारी गराइएको हो ।'

माओवादीको हँसिया हतौडा चुनाव चिह्नबाट प्रतिनिधिसभामा नेसपामा दुई सांसद निर्वाचित छन् । सलाँही- ३ बाट महिन्द्रराय यादव निर्वाचित हुन् भने उमरावती देवी बारा- २ बाट समानुपातिक सांसद छन् । प्रदेश सभातर्फ बागमतीको सिन्धुली २'ख' बाट गंगानारायण श्रेष्ठ र गोरखा २'ख' बाट फणिन्द्र देवकोटा निर्वाचित भएर माओवादी दलबाटै संसदीय गतिविधि गरिरहेका छन् । प्रतिनिधिसभाको हकमा नेसपाका सांसदहरूले माओवादी संसदीय दलबाटै संसदीय गतिविधि गर्नुपर्ने निर्णय सभामुख घिमिरेले सुनाएका हुन् ।

भोटेकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

फुल्पिङकट्टि,सिन्धुपाल्चोक

बागमति प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति-२०८०-११-३०

यस भोटेकोशी गाउँपालिकाद्वारा मिति २०८०/१०/११ गते प्रकाशित सूचना अनुसार ठेक्का नं NCB/BRM/WORKS /12/080/081 Construction of bailey bridge over bhotekoshi river को E–biding बोलपत्र आह्वान गरिएकोमा पेश हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक तथा आर्थिक प्रस्ताव मुल्यांकन गरि न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा तपसिलको बोलपत्र दाता छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको व्यहोरा सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ ।

तपशिल

सि.न.	ठेक्का नं.	कार्य विवरण	न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम (मु.अ.कर र पि.एस.बाहेक)
१	NCB/BRM/WORKS/12/080/081	Construction of bailey bridge over Bhotekoshi river (10 Kilo - Bokchen Road)	गौरभ/एम.डी इस्लाम जे भि, भरतपुर	३४५१२६४६.४० (तिन करोड पैतालिस लाख बाह्र हजार छ सय छयालिस रुपैयाँ चालिस पैसा मात्र)

प्रमुख प्रशासकीय अधिकृत

Gurkhas Finance Ltd.

गोर्खाज फाइनान्स लि.

Your Financial Friend

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

केन्द्रिय कार्यालय, चारखाल रोड, डिल्लीबजार, काठमाडौं

फोन नं.: ०१-४५३७४०१, फ्याक्स नं.: ०१-४०११५२५

Email: info@gurkhasfinance.com.np, Web site: www.gurkhasfinance.com.np

Interest Rate with Effective from 2080.12.01 (14th March 2024)

Fixed Deposit	Monthly/Quarterly/Yearly/Maturity Interest Payment		
	Individual	Individual (Remit)	Institutional
3 Months	8.15%	9.15%	-
6 Months	8.25%	9.25%	7.25%
9 Months	8.35%	9.35%	7.35%
12 Months to Below 24 Months	8.50%	9.50%	7.50%
24 Months and above	8.75%	9.75%	7.75%

SAVING DEPOSIT

Savings Deposits	Minimum Balance Rs.	Interest Rate
Bal Bachat	100.00	5.50%
Regular Saving	200.00	5.50%
Payroll Savings	0.00	5.50%
Couple Saving	200.00	5.50%
Welfare Saving	0.00	5.50%
Student Savings	200.00	5.50%
Non-profitable org. saving	1,000.00	5.50%
Shareholders Savings	200.00	5.50%
Staff Saving	200.00	5.50%
Nari Bachat	250.00	6.00%
Jestha Nagarik	250.00	6.00%
Gurkha Pension Savings	5,000.00	6.50%
Special Savings	5,000.00	6.50%
Remittance Saving	200.00	7.50%
Corporate Flexible saving	1,000.00	Up to 2.75%

Loans and Advances	Interest Rate
Home Loan	BR + Up to 7%
Personal Loan(OD/Term)	BR + Up to 7%
Share Loan	BR + Up to 7%
Gold Loan	BR + Up to 7%
Business/Working Capital Loan	BR + Up to 7%
Agriculture/SME/Education Loan	BR + Up to 7%
Small Farm Individual Loan	BR + Up to 7%
Hire Purchase	BR + Up to 7%
Real Estate Loan	BR + Up to 7 %
Professional Loan/Bridge Gap Loan	BR + Up to 7%
Loan Against FD	Coupon rate + Up to 2 % or BR whichever is higher
Consortium Loan	As per Consortium Decision
Indirect Lending (Wholesale or Institutional)	Base Rate + Up to 2%
Direct lending (All types)	Base Rate + Up to 7%
Base rate of Magh end, 2080	11.40%
Spread Rate (2080 Magh)	4.57%

Fixed Interest Rate Loan (For Individual)	Up to 5 years	5 years to 10 Years	Above 10 Years
Home Loan	13.00%	13.50%	14

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बुधबार ३० फागुन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

नेपाल र पपुवा न्युगिनीबीच उपाधि भिडन्त

मंगलबार भएको नेपालविरुद्धको पहिलो खेलमा ८५ रनले पराजित पपुवा न्युगिनीले लगत्तै दोस्रो खेलमा हङ्कङलाई १० विकेटले हरायो

नयाँ पत्रिका

हङकङमा चलिरहेको त्रिकोणात्मक अन्तर्राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको उपाधिका लागि नेपाल र पपुवा न्युगिनीबीच प्रतिस्पर्धा हुने भएको छ। प्रतियोतिगाअन्तर्गत मंगलबार दुई खेल भए। पहिलो खेलमा नेपालले पपुवा न्युगिनीमाथि ८५ रनको सानदार जित निकालेको थियो। दोस्रो खेलमा पपुवा न्युगिनीले आयोजक हङकङलाई १० विकेटको निराश पार्दै फाइनल स्थान पक्का गरेको हो। नेपालले सर्वाधिक तीन अंक बटुल्यो। अन्तिम दुई स्थान बनाएको पपुवा न्युगिनीले दुई अंक जोड्यो। हङकङ एक अंकका साथ तेस्रो भयो। अब हङकङले तेस्रो स्थानका लागि हङकङ 'ए'विरुद्ध खेल्नेछ।

पपुवा न्युगिनीमाथि सानदार जित निकाल्ने क्रममा म्यान अफ दी म्याच कुशल भुर्तेलले अलराउन्ड प्रदर्शन गरे। उनले ब्याटिङको क्रममा ३९ बलमा ५९ रन तथा बलिङमा १२ रन खर्चेर चार विकेट हात पारे। यसै खेलबाट कुशलले अन्तर्राष्ट्रिय टी-२० खेलमा एक हजार रन पूरा गरेका छन्।

पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा ६ विकेट गुमाएर एक सय ९८ रनको बलियो योगफल बनाएको थियो। प्रत्युत्तरमा पपुवा न्युगिनीका खेलाडीले कुशलको घातक बलिङ सामना गर्न नसक्दा १६.१ ओभरमा सबै विकेट गुमाएर एक सय १३ रनको योगफल खडा गरेको थियो।

■ कमजोर पपुवा न्युगिनी

लक्ष्य पछ्याएको पपुवा न्युगिनीले नेपाली बलरविरुद्ध गतिलो प्रदर्शन गर्न सकेनन्। विशेषतः भुर्तेलले आफ्नो स्पेलमा विकेट लिँदै गएपछि पपुवा न्युगिनी ब्याटिङमा कमजोर देखिएको हो। ओपनर टोनी उरा र सेसे बाउले पहिलो विकेटका लागि २.६ ओभरमा ३२ रनको उत्कृष्ट साझेदारी गरेका थिए। प्रतिष जिसीले टोनीको विकेट लिएसँगै नेपालले खेलमा पकड बनायो। सिसे पनि ३.२ ओभरमा गुल्सनबाट रन आउट भए। उनले १३ बलमा दुई चौका र एक छक्का प्रहार गरी २१ रन जोडे। त्यसपछि हिरीले मात्र १९ बलमा २८ रन बनाए। पपुवा न्युगिनीका सात ब्याट्सम्यानले दोहोरो रन नै बनाएनन्। भुर्तेलबाहेक नेपालका लागि प्रतिषले चार ओभरमा ४० रन खर्चेर दुई विकेट हात पारे। आकाश चन्द र गुल्सनले समान एक विकेट हात पारे।



भुर्तेलले पूरा गरे हजार रन

नेपालका ओपनर भुर्तेलले अन्तर्राष्ट्रिय टी-२० खेलमा एक हजार रन पूरा गरेका छन्। सन् २०२१ मा नेदरल्यान्ड्सविरुद्ध त्रिवि क्रिकेट मैदानमा उनले यस फर्म्याटमा डेब्यु गरेका थिए। डेब्युयता निरन्तर रूपमा राष्ट्रिय टोलीमा स्थान बनाएका भुर्तेलले अन्तर्राष्ट्रिय टी-२० को फर्म्याटमा ३६ खेलमा ३५ इनिङ्स खेल्दै एक हजार आठ रन जोड्न सफल भएका छन्। उनले यसक्रममा आठपटक अर्धशतक तथा एकपटक शतकीय इनिङ्स खेलेका छन्। उनको सर्वाधिक व्यक्तिगत रन १०८ हो। उनले टी-२० खेलमा ४४ चौका र २३ छक्का प्रहार गरेका छन्। यस फर्म्याटमा उनले एक सय ३२.८० को स्ट्राइकमा ब्याटिङ गरेका छन्। भुर्तेललले पपुवा न्युगिनीविरुद्ध विस्फोटक ब्याटिङ गरे। उनले चार चौका र चारै छक्का प्रहार गरे। नेपालबाट अन्तर्राष्ट्रिय टी-२० खेलमा एक हजार रन पूरा गर्ने उनी दोस्रा खेलाडी हुन्। यसअघि मध्यक्रमका ब्याट्सम्यान दीपेन्द्रसिंह ऐरीले पूरा गरेका थिए। दीपेन्द्रले ५८ खेलमा एक जहार चार सय ७६ रन बनाएका छन्। उनले एक शतक तथा आठ अर्धशतक बनाएका छन्।

■ पपुवा न्युगिनीविरुद्ध बलियो ब्याटिङ

नेपाली खेलाडीले पपुवा न्युगिनीविरुद्ध दरिलो ब्याटिङ प्रस्तुत गरेको थियो। पहिलो ब्याटिङ गरेको नेपालका लागि भुर्तेल र विनोद भण्डारीबीच पहिलो विकेटका लागि ७.३ ओभरमा ६४ रनको साझेदार भयो। भण्डारीले २२ बलमा दुई चौका र एक छक्का प्रहार गरी २७ रनको योगदान दिए।

ओपनिङ राम्रो भएको नेपालको मध्यक्रम एक समय कमजोर देखियो। कप्तान रोहितकुमार पौडेलले चार बल साना गरी एक रन तथा आरिफ सेखले सात बलमा चार रन जोडे। दुवै ब्याट्सम्यान पाँच रनको अन्तरमा पेभेलियन फर्कंदा नेपाल ९.३ ओभरमा ७०/३ को स्थितिमा रह्यो। त्यसपछि भुर्तेल र सन्दीप जोराले ब्याटिङ इनिङ्स सम्हाले। दुवैले चौथो विकेटका लागि ५० रनको साझेदारी गर्दै नेपाललाई १४.३ ओभरमा १२०/४ को बलियो स्थितिमा राखे।

भुर्तेल भानुआको ओभरमा क्याच आउट भए। सन्दीप १७.५ ओभरमा आउट भए। उनले २६ बलमा ५७ रनको उत्कृष्ट योगदान दिए। उनले यसक्रममा चार छक्का र तीन चौका प्रहार गरे। उनको यो दोस्रो टी-२० अर्धशतक हो। गुल्सन झा र सन्दीपले पाँचौं विकेटका लागि ४० रनको साझेदारी गरेका थिए।

गुल्सनले १२ बलमा एक छक्काको सहयोगमा १५ रन बनाए। लोकेश बम र विवेक यादवले पुछारमा आक्रामक ब्याटिङ गरे। लोकेशले ६ बलमा दुई छक्काको मद्दतमा १४ रन तथा विवेकले चार बलमा तीन छक्काको सहयोगमा १९ रन बनाए। नेपालले पपुवा न्युगिनीबाट तीन रन मात्र अतिरिक्त पाएको थियो।

त्रिभुवन आर्मी शीर्ष स्थानमा

नयाँ पत्रिका

त्रिभुवन आर्मी क्लब कोशी प्रदेश टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको समूह 'ए'को शीर्ष स्थानमा उक्लेको छ। विराटनगरमा मंगलबार भएको खेलमा आर्मीले कोशीलाई पाँच विकेटले हराएँदै शीर्ष स्थानमा उक्लेको हो। पहिलो ब्याटिङ गरेको कोशीले २० ओभरमा ६ विकेटको नोक्सानीमा एक सय ३५ रनको योगफल बनाएको थियो। प्रत्युत्तरमा आर्मीले १८.४ ओभरमा पाँच विकेटको क्षतिमा एक सय ३७ रन बनाएको थियो। जितसँगै आर्मीले समूह 'ए' तीन खेलबाट शतप्रतिशत नतिजा निकाली सर्वाधिक ६ अंक बटुलेको छ।

कर्णालीले चार खेलबाट समान दुई हार र जित निकाली चार अंक जोडेको छ। आयोजक कोशी दुई अंकका साथ तेस्रो स्थानमा छ। एक सय ३६ रन लक्ष्य पछ्याएको आर्मीका लागि राज दासले सर्वाधिक ३५ रनको योगदान दिए। यसैगरी, इमरान सेख र सन्तोष कार्कीले पहिलो विकेटका लागि २१ रनको साझेदारी गरेका थिए। इमरानले १५ बलमा १५ रन बनाए। सन्तोषले ३४ बलमा २४ रन जोडे। राजदासले ३२ बलमा चार चौका र दुई छक्का प्रहार गरेका थिए। मध्यक्रमका सन्दीप राजालीले १४ बलमा १४ रन र तुल थापाले सात बलमा दुई छक्का र एक चौका प्रहार गरी १८ रन बटुले।



यसअघिको ब्याटिङमा कोशीको खराब सुरुवात भएको थियो। कोशीले पहिलो पाँच विकेट ४२ रनमा गुमाएको थियो। त्यसपछि पुछारका ब्याट्सम्यानले उत्कृष्ट प्रदर्शन गरेपछि कोशीले आर्मीविरुद्ध मध्यम योगफल खडा गरेको हो। अनिल लामिछानेले २१ बलमा २१ रन बनाए। दीपेश कँडेलले ३६ बलमा समान दुई चौका र छक्का प्रहार गरी सर्वाधिक ४० रनको योगदान दिए।

बागमती चार विकेटले विजयी

प्रतियोगिताअन्तर्गत मंगलबार भएको अर्को खेलमा गण्डकीमाथि बागमतीले चार विकेटको जित निकालेको छ। पहिलो ब्याटिङ गरेको गण्डकीले २० ओभरमा ८ विकेट गुमाएर एक सय ५० रनको बलियो योगफल बनाएको थियो। प्रत्युत्तरमा बागमतीले १९.२ ओभरमा ६ विकेटको नोक्सानीमा एक सय ५१ रन बनायो। समूह 'बी'मा बागमतीले तीन खेलमा एक जित र दुई हारको सामना गरी दुई अंक जोडेको छ। यस समूहमा लुम्बिनीले तीन खेलमा तीन जित निकाली सर्वाधिक ६ अंक हात पारेको छ। गण्डकीले चारै खेल गुमाएको छ। बागमतीको जितमा रामनरेश गिरीले सर्वाधिक ५० रनको योगदान दिए। उनले २७ बलमा चार चौका र तीन छक्का प्रहार गरे। रविन जोशीले ३० बलमा ३२ रन बनाउन तीन चौका प्रहार गरे। यसअघि ब्याटिङ गरेको गण्डकीका लागि दिनेश बुढामगरले ४७ बलमा ६२ रनको योगदान दिए। उनले ४७ बलमा नौ चौका र एक छक्का प्रहार गरे।

खेल संक्षेप

संघ तथा संस्थालाई नियमित कार्यक्रम गर्न निर्देशन

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङले विभिन्न राष्ट्रिय खेल संघलाई प्रतियोगितालगायत अन्यत कार्यक्रम) निर्धारित समयमै गर्न निर्देशन दिएका छन्। विभिन्न खेल संघका पदाधिकारीको उपस्थितिमा मंगलबार राखेपमा भएको बैठकमा सदस्यसचिव घिसिङले चालू आवमा कार्यक्रम भएर पनि मिति निर्धारण नगर्ने संघका पदाधिकारीलाई यथाशीघ्र मिति निर्धारण गरी तयारीमा लाग्न निर्देशन दिएका हुन्। बैठकमा अखिल नेपाल फुटबल संघ, आर्चरी, जुडो, हक्की, रिङ रेस्लिङ, टेबलटेनिस, बक्सिङ, खोखो र रग्बी संघलगायतका पदाधिकारी उपस्थित थिए।

नेसनल कलेजलाई उपाधि

मकवानपुर/ मकवानपुर अन्तरकलेज टी-२० क्रिकेटको उपाधि वीरगन्जको नेसनल इन्फोटेक कलेजले जितेको छ। मंगलबार भएको फाइनलमा हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एन्ड सोसियल साइन्सेसलाई चार विकेटले हराउँदै नेसनलले उपाधि जितेको हो। उपाधिसँगै नेसनलले ५० हजार र उपविजेताले म्यानेजमेन्टले २५ हजार हात पारेका छन्। हुप्रचौरको क्रिकेट मैदानमा पहिलो ब्याटिङ गरेको हेटौंडा स्कुल अफ म्यानेजमेन्टले २० ओभरमा ६ विकेटको नोक्सानीमा १२० रन बनाएको थियो। युविन बुढाथोकीले ४९ र विशाल फुयाँलले २२ रन बनाए। प्रत्युत्तरमा नेसनलले १९.१ ओभरमा ६ विकेटको नोक्सानीमा लक्ष्य भेट्टायो। नेसनलका लागि मन्थन यादवले नटआउट ४३ रन र सराफ अन्सारीले २३ रन बनाए। म्यानेजमेन्टका युविन बुढाथोकी उत्कृष्ट ब्याट्सम्यान भए। हेटौंडा, चितवन, बारा र पर्साका गरी ६ टोलीले भाग लिएका थिए।

६ नयाँ खेलाडीसहित फुटबल टोली घोषणा



विश्वकप तथा एसियन छनोटमा अजय चौधरी, अभिषेक लिम्बू, सौभाग्य राई , विशाल बस्नेत, रोहन कार्की र समीर तामाङले राष्ट्रिय टोलीमा पहिलोपटक स्थान बनाएका छन्

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले मंगलबार फिफा विश्वकप र एएफसी एसियन कप छनोटको तयारीका लागि मलेसिया प्रस्थान गर्नुअघि राष्ट्रिय पुरुष फुटबल टोलीको घोषणा गरेको छ। मुख्य प्रशिक्षक भिसेन्जो अल्बेर्टो एनसेलको सिफारिसमा एन्फाले टोलीको घोषणा गरेको हो। यसपटक नेपाली टोलीमा ६ नयाँ खेलाडीले स्थान बनाउँदा केही सिनियर खेलाडी बाहिरिएका छन्। आयुष घलान, गोलरक्षक दीप कार्की, सन्तोष खत्री र सुरज जिउ ठकुरीले स्थान बनाउन सकेनन्। बन्द प्रशिक्षणमा समावेश नभएपछि उनीहरू टोलीबाट बाहिरिएका हुन्। मोसफलमा चलिरहेको गोल्डकप फुटबल प्रतियोगितामा सहभागी हुँदा ती खेलाडी क्लोज क्याम्पमा प्रशिक्षण गर्न सकेनन्।

प्रशिक्षक भिसेन्जोले क्लोज क्याम्पमा समावेश नभएका खेलाडीलाई बाहिर राखेका हुन्। नेपाली टोलीमा नयाँ अनुहारका अजय चौधरी, अभिषेक लिम्बू, सौभाग्य राई, विशाल बस्नेत, रोहन कार्की र समीर तामाङ रहेका छन्। लामो समयमपछि त्रिभुवन आर्मीका भरत खवासले टोलीमा पुनरागमन गरेका छन्। एन्फाले प्रारम्भिक टोलीमा नभएका भरत, सौभाग्य र अभिषेकलाई राखेको छ। नेपालले शुक्रबार मलेसियासँग मैत्रीपूर्ण खेल खेल्दै छ। टोली बुधबार मलेसिया प्रस्थान गर्नेछ। नेपालले फिफा विश्वकप र एसिया छनोटको दोस्रो चरणअन्तर्गत बहराइनविरुद्ध ८ र १३ चैतमा प्रतिस्पर्धा गर्नेछ।

नेपालले फिफा विश्वकप २०२६ र एसियन कप छनोटअन्तर्गत होम एन्ड अवे खेल नै बहराइनमा खेल्ने भएको छ। नेपालले बहराइनसँगको होम खेल ८ चैतमा दशरथ रंगशालामा खेल्ने तय थियो। तर, दशरथ रंगशाला जीर्ण भएपछि खेल बहराइन सारिएको हो। एसियाली फुटबल महासंघ (एएफसी)का प्रतिनिधिले दशरथ रंगशाला जीर्ण रहेको र खेल्न नहुने उजुरी गरेका थिए। न्युट्रल भेन्युमा खेल आयोजना गर्न एएफसीले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई आग्रह गरेको थियो। एन्फाले सुरुमा भुटानमा प्रतियोगिता गर्ने एएफसीलाई आग्रह गरेको थियो। बहराइनले हाई अल्टिच्युडका कारण भुटानमा नखेल्ने जनायो।

त्यसपछि एन्फाले साउदी अरेबियामा प्रस्ताव राख्यो। एन्फाका दुवै प्रस्ताव नमानेपछि बहराइन आफूले नै घरेलु मैदानमा छनोट प्रतियोगिता गर्ने जनायो। बहराइनमा दुवै खेलका लागि आर्थिक सहयोग गर्ने प्रतिबद्धता देखाएको छ। बहराइनबाट आर्थिक सहयोग प्राप्त हुने भएपछि एन्फाले बहराइनमै छनोट प्रतियोगिता खेल्ने जारी भएको हो।

नेपाली टोली :

- **गोलरक्षक:** किरण चेम्जोङ, अभिषेक रिजाल, विशाल सुनार
- **डिफेन्डर** : अभिषेक लिम्बू, अजय चौधरी, अनन्त तामाङ, छिरिङ लामा, सनिश श्रेष्ठ, सौभाग्य राई, सुमित श्रेष्ठ
- **मिडफिल्डर** : भरत खवास, विशाल बस्नेत, लकेन लिम्बू, मणिकुमार लामा, मनीष डाँगी, रोहन कार्की, उत्सव राई
- **स्ट्राइकर** : अन्जन विष्ट, दिनेश हेन्जन, हिसुब थपलिया, समीर तामाङ, सञ्जीव विष्ट, जिलेस्पीजंग कार्की

अफिसियल :

भिन्सेन्जो अल्बर्टो एनिस (मुख्य प्रशिक्षक), प्रवेश कटुवाल (प्रशिक्षक), विनोद डंगोल (गोलरक्षक प्रशिक्षक), मनीष तिम्सिना (प्राविधिक कर्मचारी), उत्तमराज भण्डारी (टिम व्यवस्थापक), लोकेन्द्र कुँवर (फिजियो), ज्ञानबहादुर राई (किट व्यवस्थापक), दीपक खतिवडा (टोली प्रमुख), महेन्द्र क्षेत्री, इन्द्रमान तुलाधर, भरत घिमिरे, बुद्धिबहादुर गुरुङ, सुनील लोप्चन, जयकृष्ण श्रेष्ठ, प्रवीण श्रेष्ठ, सुविनकुमार श्रेष्ठ (अफिसियल)।

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०८०/११/३०

यस कार्यालयबाट निम्नानुसारको कार्य खुल्ला बोलपत्रको माध्यमबाट गर्न/गराउनका लागि मिति २०८०/१०/०८ गते प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये निम्न बमोजिमका बोलपत्रहरु स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सात (७) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं	कामको विवरण	छनौट भएका बोलपत्रदाता	कबोल अंक रु (VAT र PS बाहेक)	कैफियत
१	KM/W/NCB/PAR/01(080/81)	Construction and upgrading works of Thanapati - Chhipchhipe Road	M/S H & S BROTHER NIRMAN SEWA, MODI 05, PARBAT	२९,३३,०८४.१५	
२	KM/W/NCB/PAR/02(080/81)	Construction and upgrading works of Ketichaur – Buddekhola- Himalayan Ma.Vi. Road	M/S Surya Nirman Sewa, Kushma municipality -9, Parbat	२८,००,३७७.२५	
३	KM/W/NCB/PAR/03(080/81)	Construction and upgrading works of Bhirmuni – Rimal chowk Road	M/S H & S BROTHER NIRMAN SEWA, MODI 05, PARBAT	५९,४७,८५२.००	
4	KM/W/NCB/PAR/04(080/81)	Construction and upgrading works of Thause khola – Gahate Pokhara - Karkineta Road	M/S Parbat Nirman Sewa, Durlung, Parbat	१,१६,,२०,२९५.३६	

प्रमुख प्रशासकीय अधिकृत

दोरम्बा शैलुंग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर रामेछाप
बागमती प्रदेश

बोलपत्र स्वीकृतिको आशयपत्र जारि गरिएको बारे सूचना

प्रकाशित मिति : २०८०/११/३०

यस दोरम्बा शैलुंग गाउँपलिकाबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार e-bid मार्फत कार्यालयमा दर्ता भएका बोलापत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ।

क्र.स	ठेक्का नं.	विवरण	वोलपत्रदाताको नाम	स्वीकृत रकम	कैफियत
1	DSRM/Works/NCB/080/81-04	Upgrading of Megre Thapagaun Changakhola Namgthali Surkhe Baluwa Road	Susman Construction and suppliers	21,23,675.50	
2	DSRM/Works/NCB/080/81-05	Road Construction of Chaurikhola Lakhanpur Risthe Guranse Gunsal	Ranidhunga Nirman Sewa	23,02,506.10	
3	DSRM/Works/NCB/080/81-06	Upgrading of Chaurikhola Lakhanpur Gurase Gunsal Road	Popular Construction and Suppliers	21,47,610.60	
4	DSRM/Works/NCB/080/81-08	Upgrading of Tar Pudi Thapagaun Tharbhanjyang Tokarpur Dudhile Bhanjyang Road	Susman Construction and suppliers	26,32,067.30	
5	DSRM/Works/NCB/080/81-10	Upgrading of Tokarpur Doramba Dadakateri Sahidpark Kukhure Aahal Road	M/S Flyover Construction and Suppliers	22,30,727.14	
6	DSRM/Works/NCB/080/81-11	Construction of Puditar Thapagaun Dopla Tharbhanjyang Road	Shailungeshwori Chaurikhola Construction Company Pvt Ltd	90,51,025.08	
7	DSRM/Works/NCB/080/81-13	Construction of Tarbhir Kholaghari Irrigation Project	Baiteshwor Nirman Sewa	15,41,933.80	

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com